# प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२

## पर्यवेक्षण प्रतिवेदन



# प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२

## पर्यवेक्षण प्रतिवेदन

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

# प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२
## पर्यवेक्षण प्रतिवेदन

प्रकाशन वर्ष २०८३ (सन् २०२६)

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

डीआरसीएन आवधिक प्रतिवेदन – २८
सर्वाधिकार © डीआरसीएन

आवरण तस्बिर : प्रभातरञ्जन झा
लेआउट/आवरण सज्जा : किशोर प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

# विषयसूची

**आभार** ङ

**१. पृष्ठभूमि** १

**२. पर्यवेक्षण विधि** ३

**३. निर्वाचन संरचना र कानून** ५

३.१ निर्वाचन आयोग ५

३.२. निर्वाचन कानून ६

३.३. निर्वाचन क्षेत्र र प्रतिनिधित्व ९

**४. निर्वाचन आयोगको तयारी** ११

४.१. जनशक्ति व्यवस्थापन र तालिम ११

४.२. निर्वाचन सामग्री १३

४.३. निर्वाचन पर्यवेक्षण १४

**५. सुरक्षा व्यवस्थापन** १७

**६. मतदाता शिक्षा** २१

६.१. वडास्तरीय मतदाता शिक्षा कार्यक्रम २१

६.२. मतदाता शिक्षाका अन्य आयाम २२

**७. राजनीतिक दल र उम्मेदवारको तयारी** २७

७.१. दल गठन, पुनर्गठन र चुनावी गठबन्धन २७

७.२. घोषणापत्र र एजेण्डा ३०

७.३. बदलिएको प्रचार शैली ३२

**८. निर्वाचन आचारसंहिता** ३५

८.१. ऐतिहासिक विकासक्रम (२०६४–२०८२) ३५

८.२. आचारसंहिता पालना ३७

८.३. उम्मेदवारको चुनाव खर्च ४१

**९. निर्वाचन र डिजिटल स्पेस** ४५

९.१. सामाजिक सञ्जालले ल्याएका चुनौती ४७

९.२. चुनाव प्रचारका लागि सूचना प्रविधिमा पोख्त समूह ५०

९.३. फेसबुकमा उम्मेदवारको पोस्टबारे अध्ययन ५१

**१०. समावेशिता र पहुँच** ६१

१०.१. महिला उम्मेदवार ६३

१०.२. दलित उम्मेदवार ६४

१०.३. युवा उम्मेदवार ६५

**११. मतदान** ६९

११.१. मतदान शुरूआतअघि ६९

११.२. मतदान प्रक्रिया ७२

११.३. मतदान समापन प्रक्रिया ७८

**१२. मतपेटिका ढुवानी र गणना** ७९

**१३. निष्कर्ष तथा सुझाव** ८३

**अनुसूची** ८९

# आभार

प्रतिनिधिसभा निर्वाचन २०८२ को पर्यवेक्षण क्रममा अन्तर्वार्ता गरिएका राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार, निर्वाचन कर्मचारी, मतदाता शिक्षा स्वयंसेवक, सुरक्षाकर्मी, सङ्घसंस्थाका प्रतिनिधि, पत्रकार र नागरिकलाई डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) आभार व्यक्त गर्दछ । यस पर्यवेक्षणमा लामो अवधिका पर्यवेक्षक अंकलाल चलाउने, कविता भट्टराई, चिरन मानन्धर र भवसागर घिमिरे साथै छोटो अवधिका पर्यवेक्षक गोरखनाथ आचार्य, चिरञ्जीवी घिमिरे, तेजराज घिमिरे, द्वारिका थेवे, धिरेन्द्र सिनाल, पशुपति लामा र संगीता रोका मगर थिए । उनीहरू सबैका साथै निर्वाचनको दिनमा खटिने ९४ जना पर्यवेक्षकको योगदानका लागि डीआरसीएन कृतज्ञ छ ।

यो प्रतिवेदनको प्रारम्भिक मस्यौदा कविता भट्टराई र भवसागर घिमिरेले तयार पारेका हुन् भने डीआरसीएनका अध्येता अंकलाल चलाउने, आन्विका गिरी, कुन्साङ, चिरन मानन्धर र शेखर पराजुलीले त्यसलाई परिमार्जन गरी अन्तिम रूप दिएका हुन् । यस निर्वाचन पर्यवेक्षण प्रक्रिया र प्रतिवेदन लेखनका विभिन्न चरणमा डीआरसीएनका निसा तामाङ र जुना गुरुङको सहयोग पनि उल्लेख्य रह्यो । सामाजिक सञ्जालको अनुगमन प्रस्तुती अधिकारी र आदर्श शुभम कर्णले जन्कीपिडिया सफ्टवेयरमार्फत गरेका हुन् । द कार्टर सेन्टरले सो सफ्टवेयर उपलब्ध गराउनुका साथै प्राविधिक सहयोग पनि गरेको थियो । सामाजिक सञ्जालको अनुगमनपछि प्राप्त तथ्याङ्क र जानकारीलाई प्रस्तुती अधिकारीले विश्लेषण गरेकी हुन् ।

डीआरसीएनले गरेको यो निर्वाचन पर्यवेक्षणका लागि एकाउन्ट्याविलिटी ल्याब नेपालले आर्थिक तथा प्राविधिक सहयोग गरेको हो । यस प्रतिवेदनका विश्लेषण र निष्कर्ष डीआरसीएनको पर्यवेक्षणमा आधारित छन् । तिनमा सहयोगी संस्थाको धारणा प्रतिबिम्बित छैन ।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल

# १

# पृष्ठभूमि

भदौ २३–२४, २०८२ को जेन-जी आन्दोलनपछि केपी शर्मा ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र नेपाली कांग्रेसको गठबन्धन सरकार सत्ताच्युत भयो । आन्दोलनकारीको मागअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ मा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरे । सोही दिन कार्की नेतृत्वको मन्त्रिपरिषद् बैठकले गरेको संसद् विघटनको निर्णयलाई राष्ट्रपतिले अनुमोदन गर्दै फागुन २१, २०८२ मा प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने घोषणा गरे ।

अन्तरिम सरकारको मुख्य काम नै प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउनु थियो । प्रारम्भमा प्रमुख राजनीतिक दलमध्ये नेपाली कांग्रेस र नेकपा (एमाले) ले अन्तरिम सरकार गठन र संसद् विघटनलाई असंवैधानिक कदम मान्दै विरोध गरेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले भने संसद् विघटन स्वीकारेका थिए । नेपाली कांग्रेस र नेकपा (एमाले) सम्बद्ध सांसदले सर्वोच्च अदालतमा संसद् पुनर्स्थापना माग गरी रिट नै दर्ता गराएका थिए । साथै, यी दुई दलले अन्तरिम सरकारले निर्वाचनका लागि सुरक्षा वातावरण सुधार्न नसकेको आरोप लगाउँदै निर्वाचनमा भाग लिन आनाकानी गरिरहेका थिए । प्रमुख दुई दलका यस्ता गतिविधिले निर्धारित समयमा चुनाव हुँदैन कि भन्ने आशङ्का व्याप्त थियो । यद्यपि, राष्ट्रपति रामचन्द्र पौडेलले तीन प्रमुख दल (नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी) का शीर्ष नेता र प्रधानमन्त्री सुशीला कार्कीबीच वार्ता सहजीकरण गरेपछि संवादहीन अवस्था तोडियो । त्यसले तीन दल र सरकारबीच विश्वासको वातावरण बनाउन भूमिका खेल्यो र अन्ततः तोकिएकै मितिमा निर्वाचन सम्पन्न भयो ।

यस प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले निर्वाचन व्यवस्थापन, प्रचार-प्रसार, सुरक्षा व्यवस्था, मतदान प्रक्रिया र समसामयिक राजनीतिक घटनाक्रमको अवलोकनपछि तयार पारेको हो । यो प्रतिवेदन मतदान केन्द्रको प्रत्यक्ष अवलोकन, सरोकारवालासँगको अन्तरक्रिया र पर्यवेक्षकहरूबाट प्राप्त सूचनामा आधारित छ। विश्लेषणका लागि पूर्वप्रकाशित सामग्रीको उपयोग पनि गरिएको छ ।

# २

# पर्यवेक्षण विधि

डीआरसीएनले प्रतिनिधिसभा निर्वाचन २०८२ को पर्यवेक्षणका लागि फागुन ४ देखि चैत १७ सम्म लामो अवधिका चार पर्यवेक्षक खटाएको थियो। दुई टोलीमा खटिएका ती पर्यवेक्षकले कोशी, मधेस, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा निर्वाचन पूर्वका गतिविधि पर्यवेक्षण गरेका थिए। त्यसका लागि तिनले राजनीतिक दल र उम्मेदवारका प्रचार-प्रसारका गतिविधि, सुरक्षा अवस्था, राजनीतिक वातावरण, निर्वाचन आयोगको तयारी, आचारसंहिता पालनाको स्थिति आदि जस्ता विषय नजिकबाट नियालेका र सम्बन्धित व्यक्तिहरूसँग अन्तर्वार्ता गरी सूचना तथा जानकारी सङ्कलन गरेका थिए। त्यसैगरी छोटो अवधिका सात पर्यवेक्षकले सातै प्रदेशमा सात दिन राजनीतिक वातावरण, निर्वाचनको प्रचार-प्रसार, आचारसंहिता पालना, सुरक्षा अवस्था र मौन अवधि अवलोकन गरेका थिए। त्यसबाहेक लामो र छोटो अवधिका पर्यवेक्षकले मत गणना र त्यसपश्चातको अवस्थासमेत पर्यवेक्षण गरेका थिए।

निर्वाचनको दिनका लागि छनोट गरेका १०० जनामध्ये ९४ जना पर्यवेक्षक डीआरसीएनले खटाएको थियो। लैङ्गिकता, भूगोल, उमेर समूह, जातीयता आदिमा विविधता कायम राख्दै पर्यवेक्षक छनोट गरिएको थियो। तीमध्ये ५४ महिला र ४० पुरुष थिए। सुदूरपश्चिम प्रदेशमा ११, कर्णालीमा १०, लुम्बिनीमा १०, गण्डकीमा १३, बागमतीमा २७, मधेसमा १३ र कोशी प्रदेशमा १० पर्यवेक्षक खटिए (हेर्नुहोस्, अनुसूची)। तीमार्फत ३४ जिल्लाका ६४ स्थानीय तहका २०४ वडामा पर्यवेक्षण भएको थियो। यसले कुल ४१३ मतदान स्थलका ४५२ मतदान केन्द्र समेटेको थियो। उनीहरूलाई निर्वाचन प्रक्रिया तथा पर्यवेक्षण विधिबारे काठमाडौँ र पोखरामा भौतिक उपस्थितिमार्फत अभिभुखीकरण गरियो। त्यहाँ उपस्थित हुन नसक्ने पर्यवेक्षकका लागि अनलाइनमार्फत छुट्टै अभिमुखीकरण सम्पन्न भयो। उनीहरूले मतदान

प्रक्रिया, सुरक्षा स्थिति, विभिन्न वर्ग (युवा, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति) को सहभागिता र चुनौती आदिलाई नजिकबाट पर्यवेक्षण गरेका थिए।

लामो अवधि, छोटो अवधि र निर्वाचनको दिनका सबै पर्यवेक्षकलाई प्रश्नावली उपलब्ध गराई सोहीबमोजिम निर्वाचनका विविध आयाम अवलोकन गरी जानकारी सङ्कलन गर्न लगाइएको थियो । निर्वाचन पूर्वका क्रियाकलाप पर्यवेक्षण गर्न निर्वाचन आयोगको तयारी, उम्मेदवारको प्रचार-प्रसार गतिविधि, मतदाता शिक्षा, सुरक्षा अवस्था, राजनीतिक वातावरण लगायतका विषयवस्तु समेटिएको प्रश्नावली थियो । मतदान प्रक्रिया पर्यवेक्षण प्रश्नावलीमा मतदान शुरूआत, मतदान र मतदान समापन प्रक्रियाबारे प्रश्न थिए । निर्वाचन पश्चातका गतिविधि पर्यवेक्षण प्रश्नावलीमार्फत मतगणना, निर्वाचनको परिणामप्रति स्वीकृति/अस्वीकृति, राजनीतिक वातावरण, आदिबारे जानकारी सङ्कलन गरिएको थियो। पर्यवेक्षकले निर्वाचन अधिकारी, प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार, मतदान अधिकृत, सुरक्षा संयन्त्रका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र नागरिकसँग अन्तर्वार्ता गरे। मतदानको दिन पर्यवेक्षकले एक मतदान केन्द्रमा घटीमा ३० मिनेट अवलोकन गरेका थिए।

त्यसबाहेक, यस निर्वाचनमा सामाजिक सञ्जालको अत्यधिक उपयोग गरिएको तथ्यलाई ध्यान दिँदै सामाजिक सञ्जालसमेत अनुगमन गरिएको थियो । फेसबुकमा सक्रिय २५ उम्मेदवारको ह्याण्डललाई उम्मेदवारी मनोनयन गरेदेखि पछयाउँदै तिनले के कस्ता सामग्री पोस्ट गरे, तिनमा कस्ता भाव झल्किन्थ्यो भन्नेबारे गुणात्मक र परिणामात्मक विश्लेषण गरिएको थियो। साथै, निर्वाचनमा सामाजिक सञ्जालको प्रयोगबारे समग्र लेखाजोखासमेत गरिएको थियो।

३

# निर्वाचन संरचना र कानून

## ३.१ निर्वाचन आयोग

नेपालको लोकतान्त्रिक शासन व्यवस्थाको मूल आधार आवधिक, निष्पक्ष र विश्वसनीय निर्वाचन हो। नेपालको संविधान २०७२ ले सङ्घीय संरचनाअनुरूप बालिग मताधिकारको आधारमा स्थानीय, प्रादेशिक र सङ्घीय तहमा विधायिका गठन गर्ने व्यवस्था गरेको छ। यस प्रक्रियालाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउने संवैधानिक एवं स्वायत्त निकाय निर्वाचन आयोग हो। नेपालको संविधानको धारा २४५, २४६ र २४७ ले निर्वाचन आयोगको गठन, काम, कर्तव्य र अधिकारबारे व्याख्या गरेका छन्।

संविधानको धारा २४५ अनुसार निर्वाचन आयोगमा एक प्रमुख निर्वाचन आयुक्त तथा अन्य चार जना आयुक्त रहने व्यवस्था छ। हाल प्रमुख निर्वाचन आयुक्त र एक आयुक्तको पद रिक्त भई आयुक्त रामप्रसाद भण्डारीले कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी सम्हालेका छन्। प्रमुख आयुक्तविनै निर्वाचन सम्पन्न गर्ने यो पहिलो अनुभव भए पनि विद्यमान कानूनी प्रावधानअनुसार निर्णय प्रक्रियामा कुनै बाधा नआएकाले निर्वाचन व्यवस्थापनमा यसको असर देखिएन।

संवैधानिक रूपमा स्वायत्त भनिए पनि व्यवहारमा निर्वाचन आयोगले पूर्ण स्वतन्त्र भई कार्य गर्न सकिरहेको छैन भन्ने आवाज बरोबर उठ्ने गरेको छ। आयुक्तहरूको नियुक्ति प्रक्रियामा राजनीतिक प्रभाव पर्ने सम्भावना रहनु, आर्थिक तथा वित्तीय निर्णयमा सरकारी नियन्त्रण रहनु, र जनशक्ति व्यवस्थापनमा समेत सरकारी स्वीकृतिमा निर्भर हुनुपर्ने अवस्था यसको स्वायत्त संरचनालाई चुनौती दिने प्रमुख कारणहरू हुन्।

निर्वाचन मिति निर्धारणसम्बन्धी व्यवस्था अर्को महत्त्वपूर्ण बहसको विषय हो । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार निर्वाचनको मिति तोक्ने अधिकार नेपाल सरकारसँग छ । यसले गर्दा सरकारको राजनीतिक अनुकूलताका आधारमा निर्वाचन मिति निर्धारण हुने सम्भावना बढी छ । तर निर्वाचन व्यवस्थापनको दृष्टिले हेर्दा, तयारी, योजना र व्यवस्थापनको जिम्मेवारी निर्वाह गर्ने निकाय नै निर्वाचन आयोग भएकाले मिति निर्धारणको अधिकार पनि यसैलाई दिनु उपयुक्त हुने तर्क बलियो छ । हालको व्यवस्थाका कारण आयोगले छोटो समयमा हतारमा तयारी गर्नुपर्ने बाध्यता खेप्दै आएको छ, जसले निर्वाचन व्यवस्थापनको गुणस्तरमा असर पारेको छ ।

यस सन्दर्भमा आवधिक निर्वाचनका लागि निश्चित क्यालेण्डर नै बनाउने आवाज पनि जोडतोडका साथ उठाइएको छ । निर्वाचनको मिति पहिले नै सुनिश्चित गरिएमा आयोगले पर्याप्त तयारी गर्न पाउनेछ, सरोकारवालाहरूबीच अनिश्चय र आशङ्का पनि कम हुनेछ, र निर्वाचन हुने/नहुने भन्ने आशङ्का हट्नेछ । साथै, सरकारलाई आफ्नो अनुकूलताअनुसार मिति घोषणा गर्ने अवसर पनि सीमित हुनेछ । यद्यपि, विशेष राजनीतिक वा असामान्य परिस्थितिमा हुने निर्वाचनका लागि यस्तो क्यालेण्डर सधैँ लागु नहुन सक्छ । जस्तै, २०८२ मा भएको यो निर्वाचन त्यस्तै असामान्य परिस्थितिमा गरिएको थियो ।

## ३.२. निर्वाचन कानून

प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई संविधानका साथै, मूलतः निर्वाचन आयोग ऐन, २०७३; मतदाता नामावली ऐन, २०७३; निर्वाचन कसुर तथा सजाय ऐन, २०७३; निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३; राजनीतिक दलसम्बन्धी ऐन, २०७३; प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ ले दिशा निर्देश गर्छन् । त्यसबाहेक, निर्वाचन सम्पन्न गर्न विभिन्न नियमावली, निर्देशिका, कार्यविधि, नीति र आचारसंहिता पनि जारी गरिएका छन् ।

निर्वाचनसम्बन्धी कानून छरिएका र सङ्ख्या पनि धेरै भएकाले कतिपय अवस्थामा बाझिने र दोहोरिने गरेको समेत पाइन्छ । यसर्थ, निर्वाचन प्रणाली सरल बनाउन एकीकृत कानून निर्माण आवश्यक भएकोले निर्वाचन आयोगले तेस्रो रणनीतिक योजना (२०७६/७७–२०८०/८१) मा निर्वाचनसम्बन्धी एकीकृत कानून बनाउने लक्ष्य राखेको थियो । त्यसबाहेक सर्वोच्च अदालतले पनि विभिन्न विषयमा कानून बनाउन निर्देशन दिएको थियो । सोही आवश्यकताअनुरूप २०८० सालमा एकीकृत निर्वाचन कानूनको मस्यौदा बनाइएको थियो । यसमा अस्थायी मतदाता नामावली, अग्रीम मतदान, पहिलो हुने निर्वाचित हुने

निर्वाचन प्रणालीमा ३३ प्रतिशत महिला उम्मेदवार अनिवार्य, पूर्वनिर्धारित निश्चित निर्वाचन मिति, कुनै पनि उम्मेदवारलाई मत दिन्नँ (None of the Above - NOTA) भन्ने प्रावधान, विदेशमा बस्ने नेपाली नागरिकलाई मतदान अधिकार, हारेको उम्मेदवारले पाँच वर्ष कुरेपछि मात्रै पुनः उम्मेदवार हुन पाउने व्यवस्था, समानुपातिक प्रणालीमार्फत एक व्यक्ति बढीमा दुई पटक मात्र निर्वाचित हुन पाउने व्यवस्था आदि जस्ता सकारात्मक र सुधारात्मक प्रावधान थिए।[१] तर यो विधेयक टेबल नहुँदै संसद् विघटन भयो।

मतदाता नामावली निर्वाचनको प्रमुख आधार हो। यसमा दर्ता हुनका लागि मतदाता निर्वाचन आयोगले तोकेको स्थानमा उपस्थित हुनुपर्छ। मतदाता नामावली ऐन, २०७३ को दफा ४ मा निर्वाचन घोषणा भइसकेपछि मतदाता नामावली सङ्कलन स्थगित गरिने व्यवस्था छ। तर कतिपय मतदाताले निर्वाचनको प्रक्रिया अगाडि बढेपछि नै यसमा चासो दिने र अरू बेला बेवास्ता गर्ने भएकाले त्यस्ता धेरैको नाम मतदाता नामावलीमा छुट्दै आएको थियो। झन् यस पटक त जेन-जी आन्दोलनपछिको अस्वाभाविक परिस्थितिमा आवधिक निर्वाचन नभई विशेष निर्वाचन घोषणा भएको थियो। एक्कासि घोषणा भएको निर्वाचनपछि मतदाता नामावली सङ्कलन बन्द गरिँदा मतदानमा भाग लिन योग्य ठूलो समूह छुट्ने देखियो। त्यसैले सरकारले मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२ मार्फत उक्त ऐनको दफा ४ को उपदफा २(२) लाई संशोधन गरी निर्वाचन आयोगले असोज १२ देखि कात्तिक ३० गतेसम्म मतदाता नामावली सङ्कलन गर्न सक्ने व्यवस्था गऱ्यो। त्यसबाहेक, दर्ताका लागि अत्यधिक भिड लागेको कारण, राष्ट्रिय परिचयपत्रमा विवरण अद्यावधिक गरिसकेका व्यक्तिहरूलाई सोही विवरणका आधारमा मतदाताको रूपमा दर्ता गर्न सकिने व्यवस्था गरिएको थियो, जसले प्रक्रियालाई थप सरल बनायो। किनभने बायोमेट्रिक्स दिनका लागि दर्ता केन्द्रमा भौतिक रूपमा उपस्थित हुनुपर्ने बाध्यता हटेको थियो। यति गर्दासमेत दर्ता प्रक्रियामा ठूलो भिड भई सर्भर डाउन भइरहने समस्या देखिएपछि प्रधानमन्त्री सुशीला कार्कीको आग्रहबमोजिम निर्वाचन आयोगले मंसिर ५ गतेसम्म दर्ता गर्न मिल्ने गरी म्याद थप गरेको थियो।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले निर्वाचन आयोगलाई निर्वाचन सञ्चालन गर्ने दिशा निर्देश गर्नुका साथै आवश्यक कार्यविधि र निर्देशिका जारी गर्ने अधिकार पनि दिएको छ। सोहीअनुसार निर्वाचन आयोगले निर्देशिका र कार्यविधिहरू बनाएको थियो। निर्वाचन आयोगले पुस १२, २०८२ मा निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरी जारी

[१] यस विधेयकका प्रावधान र तिनको व्यावहारिकताबारे गरिएको समीक्षाका लागि हेर्नुहोस् : डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)। २०८२। *निर्वाचन व्यवस्थापन विधेयक २०८० : समीक्षात्मक टिप्पणी*। ललितपुर : डीआरसीएन।

गऱ्यो । त्यसैगरी आयोगले निम्नबमोजिमका कार्यविधि र निर्देशिका स्वीकृत गरी जारी गरेको थियो :

१. अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि, २०८२
२. प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२
३. प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०८२
४. प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन समेत) निर्देशिका, २०८२
५. प्रतिनिधिसभा सदस्य निर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०८२
६. प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०८२
७. प्रतिनिधिसभा सदस्य निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०८२
८. प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०८२
९. प्रतिनिधिसभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०८२
१०. प्रतिनिधिसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०८२ (पहिलो संशोधन समेत)
११. प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचार-प्रसार बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२
१२. सवारी साधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२

यी कानूनहरूले निर्वाचनका प्रमुख पक्षहरू जस्तै : निर्वाचन कार्यतालिका घोषणा; निर्वाचन अधिकृत र मतदान अधिकृत तथा अन्य कर्मचारीहरूको नियुक्ति; पहिलो हुने निर्वाचित हुनेतर्फ उम्मेदवारी र मनोनयन प्रक्रिया; समानुपातिक प्रणालीअन्तर्गत उम्मेदवार सूची पेश गर्ने प्रक्रिया; निर्वाचन चिह्न वितरण; मतदान स्थल, मतपत्र र मतपेटिका व्यवस्थापन; मतदान प्रक्रिया; तथा निर्वाचन परिणाम घोषणा आदि गर्न मार्ग प्रशस्त गरे ।

नेपालको संविधानको धारा ८४ को उपधारा (२) ले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेसी, थारू, मुस्लिम तथा पिछडिएको क्षेत्रलगायत सबै समुदायबाट बन्दसूचीमार्फत समुचित प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ मा बन्दसूचीमा

समावेश गरिनुपर्ने समावेशी समूहको प्रतिशतसम्बन्धी स्पष्ट व्यवस्था छ। २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार जनसङ्ख्याको अनुपातलाई ध्यानमा राख्दै दलित, आदिवासी जनजाति, खस-आर्य, मधेसी, थारू तथा मुस्लिम समुदायका लागि प्रतिशत पुनःनिर्धारण गर्नु आवश्यक थियो। यसै सन्दर्भमा, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) सँग सम्बन्धित अनुसूची-१ मा संशोधन गर्न आवश्यक देखिएकाले नेपाल सरकारले प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गरी पुस ४, २०८२ मा राजपत्रमा प्रकाशित गरेको थियो। उक्त संशोधनमा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत तालिका १ मा उल्लेख भएबमोजिम परिवर्तन गरिएको थियो।

**तालिका १ : जनसङ्ख्याअनुसार समावेशी समूहको प्रतिनिधित्व प्रतिशत**

| समावेशी समूह | पहिलेको प्रतिशत | संशोधित प्रतिशत (२०८२) |
|---|---|---|
| दलित | १३.८ | १३.४४ |
| आदिवासी जनजाति | २८.७ | २८.७२ |
| खस-आर्य | ३१.२ | ३०.२८ |
| मधेसी | १५.३ | १६.१५ |
| थारू | ६.६ | ६.५२ |
| मुस्लिम | ४.४ | ४.८९ |

*स्रोत : प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२।*

सोही अध्यादेशबमोजिम निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका २०८२ मा पनि संशोधन गरेको थियो। प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ (दोस्रो संशोधन) मा पिछडिएको क्षेत्रको प्रतिनिधित्वलाई पनि संशोधन गरी ४.०२ प्रतिशत बनाइएको थियो। यसअघि उक्त क्षेत्रको प्रतिनिधित्व ४.३ प्रतिशत थियो।

## ३.३. निर्वाचन क्षेत्र र प्रतिनिधित्व

संविधानको धारा ८४ दफा १ अनुसार प्रतिनिधिसभामा २७५ सदस्य निर्वाचित हुन्छन् जसमध्ये १६५ जना अर्थात् ६० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणालीबाट र बाँकी ११० जना अर्थात् ४० प्रतिशत सदस्य समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित हुन्छन्। संविधानले समानुपातिक प्रणालीअन्तर्गत राजनीतिक दललाई उम्मेदवारी दर्ता गर्दा महिला, दलित,

आदिवासी जनजाति, खस-आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिहरूको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न अनिवार्य गरेको छ।

संविधानको धारा २८६ मा निर्वाचन क्षेत्र निर्धारण आयोगमार्फत पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि निर्वाचन क्षेत्र निर्धारण गरिने प्रावधान छ। सोहीबमोजिम गठित आयोगले २०७४ सालमा जनसङ्ख्यालाई मुख्य र भूगोललाई दोस्रो आधार मान्दै १६५ निर्वाचन क्षेत्र तोकेको हो। एक पटक निर्वाचन क्षेत्र निर्धारण भइसकेपछि प्रत्येक २० वर्षमा मात्र त्यसको पुनरावलोकन गर्ने संवैधानिक व्यवस्था छ। निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ मा निर्वाचन क्षेत्र निर्धारणको लागि पछिल्लो राष्ट्रिय जनगणनाको तथ्याङ्कलाई जनसङ्ख्याको आधार मान्नुपर्ने उल्लेख छ।

नेपालमा राष्ट्रिय जनगणना प्रत्येक १० वर्षमा गरिन्छ। आर्थिक तथा सामाजिक कारणले भइरहेको बसाइँसराइले नेपालको जनसाङ्ख्यिक बनोटमा तीव्र उतार चढाव ल्याइरहेको छ। त्यसैले प्रत्येक २० वर्षमा मात्र निर्वाचन क्षेत्र पुनरावलोकन गर्ने संवैधानिक व्यवस्था राजनीतिक एवं व्यावहारिक रूपमा उचित नभएको राजनीतिक दलका प्रतिनिधि बताउँछन्। तीव्र सहरीकरणसँगै बसाइँसराइको संरचना पनि उच्च गतिमा बदलिने हुनाले प्रत्येक जनगणनापछि निर्वाचन क्षेत्र पुनरावलोकन गरिनु तर्कसंगत पनि हुन्छ। त्यसमाथि अहिले निर्वाचन क्षेत्र निर्धारण जनसङ्ख्याका आधारमा गरिन्छ तर मतदाताका आधारमा गरिनुपर्ने हो। त्यसैले मतदाता सङ्ख्याअनुसार सुहाउँदो प्रतिनिधित्व हुन सकेको छैन।[२]

जनगणनामा अस्थायी बासिन्दासमेत समेटिने तर मतदानमा ती सहभागी नहुने भएकाले मतदाताकै आधारमा क्षेत्र निर्धारण नगरिँदा प्रतिनिधित्व सन्तुलित हुन नसकेको हो। उदाहरणका लागि, काठमाडौँमा जनसङ्ख्याको आधारमा १० सिट बनाइएको छ। तर काठमाडौँ निर्वाचन क्षेत्र नं. १ बाट ४८,४८९ जना मतदाताका लागि एक प्रतिनिधिसभा सदस्य चुनिन्छन् भने रामेछापमा १८७,९५२ जना मतदाताका लागि पनि १ सिट मात्रै छ। काठमाडौँको हिसाबले त रामेछापमा ४ जना प्रतिनिधि हुनुपर्ने हो। अर्को, जिल्लामा जति कम जनसङ्ख्या भए पनि न्यूनतम एक प्रतिनिधि कायम गर्ने प्रावधानले मनाङमा सात हजार मतदाता भए पनि एक जना प्रतिनिधि छन्। त्यसैले जनप्रतिनिधिको मतदाता भारमा अत्यधिक असमानता छ।

[२] पासवान, भोला। २०८२। मधेसको १९ सिट कसले खायो ? तथ्याङ्क भन्छ- जनसङ्ख्याको भिडले प्रतिनिधित्वको मुटु काटियो। *अनलाइनखबर*, माघ ४। www.onlinekhabar.com/2026/01/1851419/who-took-19-seats-in-madhesh-statistics-say-the-heart-of-representation-was-cut-out-by-the-population-crowd मा उपलब्ध; चैत २, २०८२ मा हेरिएको।

# ४

# निर्वाचन आयोगको तयारी

निर्वाचन आयोग ऐन, २०७३ अनुसार निर्वाचन हुने मितिभन्दा १२० दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्म निर्वाचन अवधि हो । आयोगलाई निर्वाचनको विभिन्न तयारी गर्न कम्तीमा १२० दिन लाग्छ । निर्वाचन आयोगलाई तयारी गर्न पर्याप्त समय भए पनि फागुन २१ को निर्वाचन विशेष परिस्थितिमा भएकाले चुनौती पनि उत्तिकै थिए । आयोगले कार्यतालिका सार्वजनिक गरी सोहीबमोजिम नै निर्वाचन तयारी अगाडि बढायो ।[३]

## ४.१. जनशक्ति व्यवस्थापन र तालिम

निर्वाचन प्रायोजनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका विभिन्न निकाय, कार्यालय वा तिनको स्वामित्वमा रहेको सङ्घ संस्थाबाट आवश्यक सहयोग लिन सक्ने व्यवस्था निर्वाचन आयोग ऐनले गरेको छ । त्यस्तै आयोगले निर्वाचनसम्बन्धी कामका लागि विभिन्न पद सिर्जना गरी कर्मचारी नियुक्त गर्न सक्छ । त्यस्ता कर्मचारीका रूपमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका कर्मचारी वा तिनको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी, विश्वविद्यालयका वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी लिन सक्छ ।

---

[३] निर्वाचन आयोग नेपाल । २०८२ । प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यक्रम प्रकाशन गरिएको (प्रेस विज्ञप्ति) । कात्तिक ३० । https://election.gov.np/admin/public/storage/HOR%202082/003_merged.pdf मा उपलब्ध; चैत २, २०८२ मा हेरिएको ।

यस निर्वाचनमा जनशक्ति व्यवस्थापनको लागि आवश्यक समन्वय र सहजीकरण गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा पाँच सदस्यीय जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति गठन भएको थियो । प्रायः सबै ठाउँमा प्रतिनिधिसभा निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका २०८२ बमोजिम नै कर्मचारी खटनपटन भएको थियो । मतदान अधिकृत र सहायक मतदात अधिकृत खटाउँदा सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवाका स्थायी कर्मचारी अपुग भएमा मात्रै स्थानीय तहका स्थायी कर्मचारी वा स्थायी शिक्षक खटाउन सकिने व्यवस्था निर्देशिकामा उल्लेख छ ।

नेपाल शिक्षक महासङ्घले 'निर्वाचन कार्यमा शिक्षक खटाइएका ठाउँमा तह र श्रेणी विचारै नगरी कनिष्ठ जिम्मेवारी दिइएको' भन्दै निर्वाचनमा खटिने शिक्षकप्रति विभेद नगर्न सरकारसँग माग गरेको थियो ।[४] पर्यवेक्षण गरिएका दाङ, सल्यान लगायतका जिल्लामा शिक्षकको नाम पठाउँदा पदश्रेणी स्पष्ट नखुलेका कारण कर्मचारीहरूले मर्यादाक्रम नमिलेको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा असन्तुष्टि जनाएका थिए । ओखलढुङ्गा,[५] रौतहट[६] लगायतका जिल्लामा कर्मचारीहरूले नै मर्यादाक्रम नमिलाइकन निर्वाचनमा खटाएको भन्दै विरोध गरेको पाइयो । पछि निर्वाचन अधिकृतको कार्यालयले मर्यादाक्रम मिलाएर सच्याई तिनलाई खटाएको थियो । यदि कर्मचारीहरूको नियुक्ति मिति तथा मर्यादाक्रमसम्बन्धी विवरण स्पष्ट रूपमा समावेश गरिएको भए कर्मचारी छनोट, वर्गीकरण तथा जिम्मेवारी बाँडफाँट व्यवस्थित र विवादरहित हुने सल्यानका मुख्य निर्वाचन अधिकृत प्रह्लादकुमार योगीले बताए ।[७] निर्वाचन आयोगले जारी गरेको प्रतिनिधिसभा निर्वाचन २०८२ को जनशक्ति व्यवस्थापन निर्देशिकाले पाँच सयसम्म मतदाता भएको मतदान केन्द्रमा मतदान अधिकृतले आठ जनासम्म कर्मचारी खटाउन सक्ने उल्लेख गरेको छ ।[८]

---

[४] नेपालखबर । २०८२ । निर्वाचनमा खटिने शिक्षकप्रति विभेद नगर्न महासङ्घको आग्रह । फागुन ८ । www.nepalkhabar.com/politics/266189-2026-2-20-21-29-25 मा उपलब्ध; चैत १५, २०८२ मा हेरिएको ।

[५] अनलाइनखबर । २०८२ । मर्यादा नमिलेको भन्दै निर्वाचनमा खटिएका कर्मचारीले गरे सेवा सुविधा बहिष्कार । फागुन १३ । www.onlinekhabar.com/2026/02/1878715/election-officials-boycott-services-citing-lack-of-dignity मा उपलब्ध; चैत १५, २०८२ मा हेरिएको ।

[६] थाहाखबर । २०८२ । निर्वाचन कर्मचारी खटनमा विभेदको आरोप, निर्णय पुनरावलोकनको माग । फागुन १३ । www.thahakhabar.com/detail/295102 मा उपलब्ध; चैत १६, २०८२ मा हेरिएको ।

[७] योगीसँग फागुन १४, २०८२ मा गरिएको कुराकानी ।

[८] प्रतिनिधिसभा सदस्य निर्वाचन जनशक्ति व्यवस्थापन निर्देशिका, २०८२ को दफा ९ अनुसार पाँच सयसम्म मतदाता रहेका मतदान केन्द्रमा जम्मा आठ जना कर्मचारी रहने व्यवस्था छ । यसअन्तर्गत एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, तीन सहायक कर्मचारी (मतदाता नामावली रुजु गर्न एक

निर्वाचनमा खटिने कर्मचारी छनोट गर्दा अति आवश्यकीय सेवामा कार्यरत तथा ट्रेड युनियनमा आबद्ध पदाधिकारीबाहेक अन्य कमर्चारीलाई प्राथमिकता दिएको पाइयो। मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि आयोगले एकदिने तालिम दिएको थियो। सहभागीलाई ठूलो समूहमा राखेर दिइएको यो तालिम कम प्रभावकारी भएको पाइयो। उदाहरणका लागि, ललितपुर क्षेत्र नं. ३ मा ११४ जना मतदान अधिकृत र ११४ जना सहायक मतदान अधिकृतलाई एकै पटक तालिम सञ्चालन गरियो। तालिमको प्रभावकारिताबारे सोही क्षेत्रमा खटिएका एक मतदान अधिकृतले भने, "धेरै सहभागी राखिएकोले हुनुपर्ने जति विस्तृतमा तालिम हुन सकेन। पहिलोपटक निर्वाचनमा खटिने कर्मचारीलाई बुझ्न गाह्रो भयो। प्रयोगात्मक अभ्यासमार्फत सिकाउन खोजिए पनि धेरै भिडभाड भएकाले सिक्न सहज भएन। मुचुल्का र अनुसूची फारम भर्ने विषयमा सैद्धान्तिक चर्चा मात्रै भयो, यसलाई पनि प्रयोगात्मक विधिले नै सिकाएको भए हुन्थ्यो।"[९] तसर्थ, निर्वाचन कर्मचारीको प्रभावकारी तयारीका लागि तालिमको अवधि, समूहको आकार र विधिमा परिमार्जनको आवश्यकता देखिएको छ।

## ४.२. निर्वाचन सामग्री

निर्वाचनका लागि आवश्यक सामग्रीमध्ये मतपत्र र मतपेटिकासहित १४ प्रकारका सामग्री निर्वाचन आयोग नेपालबाट पठाइएको थियो। ती सामग्रीमा तालिम तथा मतदान केन्द्र सञ्चालनका लागि आवश्यक सुरक्षण सिल, छेकाबारा, मार्कर, स्ट्याम्प प्याड, प्याडको मसी, स्वस्तिक छाप तथा मतपेटिका स्टिकरलगायत थिए। त्यसका अतिरिक्त अन्य ३७ प्रकारका सामग्रीहरू स्थानीयस्तरमा व्यवस्थापन गरियो। तीमध्ये केही खरिद गरियो भने बाँकी मौज्दात सामग्री नै प्रयोग गरियो।

विगतमा निर्वाचन आयोगले नै केन्द्रबाट अधिकांश निर्वाचन सामग्री खरिद गरेर जिल्लामा पठाउने अभ्यास थियो। तर यस पटक सम्बन्धित जिल्ला निर्वाचन कार्यालयलाई नै केही

---

र पहिलो हुने निर्वाचित हुने तथा समानुपातिक प्रणालीतर्फका मतपत्र वितरण गर्न दुई जना), एक सहयोगी कर्मचारी तथा दुई स्वयंसेवक (मतदान गरेका मतदाताको तथ्याङ्क राख्न एक जना र मतदाताको नङमा मसी लगाउन एक जना महिला) रहने प्रावधान छ। पाँच सयभन्दा बढी मतदाता रहेको मतदान केन्द्रमा मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगका लागि थप एक स्वयंसेवक राख्न पाउने व्यवस्था छ। त्यसैगरी, अस्थायी मतदान केन्द्रका लागि मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहयोगी कर्मचारी एक-एक जना गरी तीन जना खटिने व्यवस्था छ।

[९] ती मतदान अधिकृतसँग फागुन १२, २०८२ मा गरिएको कुराकानी।

सामग्री खरिद गर्ने अधिकार दिइएको थियो । सल्यान, सर्लाही, कास्की, बाँके लगायतका जिल्ला निर्वाचन कार्यालयले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग सम्झौता गरेर सरकारी दरमा निर्वाचन सामग्री खरिद गरेका थिए । यसो गर्दा खरिद प्रक्रिया मितव्ययी, पारदर्शी र प्रभावकारी पनि भयो ।[१०] तर सिरहामा भने सबै सामग्री निर्वाचन आयोगबाट नै मगाइयो । सिरहाका जिल्ला निर्वाचन अधिकारी राजन श्रीवास्तवका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग सम्झौता गरेर निर्वाचन सामग्री खरिद गर्नु झन्झटिलो प्रक्रिया भएकोले त्यसो गरिएको थियो ।[११] त्यस्तै यसअघि जिल्ला निर्वाचन कार्यालयलाई शीर्षक नै तोकेर बजेट पठाउने गरिएकोमा यस पटक एकमुष्ठ बजेट पठाइयो । त्यसले गर्दा स्थानीय आवश्यकताअनुसार सामग्री खरिद गर्न सहज भएको तेह्रथुमकी जिल्ला निर्वाचन अधिकारी सुनिता रिमालले बताइन् ।[१२]

## ४.३. निर्वाचन पर्यवेक्षण

निर्वाचन विश्वसनीय र पारदर्शी बनाई परिणाम सर्वस्वीकार्य बनाउन पर्यवेक्षणको महत्त्व हुन्छ । यसले निर्वाचन तयारी, मतदान, मतगणना र परिणाम घोषणाजस्ता प्रक्रियाका प्रत्येक चरणमा स्वतन्त्र निगरानी गर्छ । साथै, कमजोरी पहिचान गरी सुधारका लागि प्रमाण-आधारित सुझाव प्रस्तुत गर्छ । विशेषतः नेपालजस्ता संक्रमणकालीन राजनीतिक अवस्थाबाट गुज्रिरहेका मुलुकहरूमा लोकतान्त्रिक अभ्यास क्रमशः संस्थागत हुँदै गरेकाले यसको महत्त्व अझ धेरै छ । निर्वाचन प्रक्रियाप्रतिको जनविश्वास अभिवृद्धि गर्ने तथ्यलाई मनन गरी निर्वाचन आयोगले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणमा संलग्न गराउँदै आएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि निर्वाचन आयोगले पर्यवेक्षणलाई व्यवस्थित बनाउन अनुमति प्रणाली, योग्यता मापदण्ड, अनुगमन संयन्त्र तथा प्रतिवेदन व्यवस्थापनसम्बन्धी विभिन्न प्रावधान कार्यान्वयनमा ल्याएको थियो । सो निर्वाचनका लागि कुल ५१ वटा संस्थाले पर्यवेक्षण अनुमति मागेका थिए, जसमध्ये ४० वटा संस्थालाई अनुमति प्रदान गरिएको थियो । यसमा ३६ वटा राष्ट्रिय र चार वटा अन्तर्राष्ट्रिय संस्था समावेश थिए । १० वटा राष्ट्रिय र एउटा अन्तर्राष्ट्रिय संस्थाको आवेदन अस्वीकृत भएको थियो । यो

[१०] गोरखापत्र । २०८२ । निर्वाचन सामग्री खरिद गर्न जी-टु-जी सम्झौता । माघ २ । https://gorkhapatraonline.com/news/188147 मा उपलब्ध; चैत १, २०८२ मा हेरिएको ।

[११] श्रीवास्तवसँग माघ २८, २०८२ मा गरिएको कुराकानी ।

[१२] रिमालसँग फागुन १३, २०८२ मा गरिएको कुराकानी ।

व्यवस्थाले पर्यवेक्षणलाई व्यापक र समग्र बनाउन खोजिएको देखिए पनि साना तथा विशिष्ट क्षेत्रमा केन्द्रित संस्थाहरूको सहभागितालाई सीमित गरेको देखिन्छ ।

नीतिगत रूपमा आयोगले निर्वाचनसँग सम्बन्धित अन्य निर्देशिका तथा कार्यविधिहरू अद्यावधिक गरे पनि निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ लाई नै कानूनी आधारको रूपमा प्रयोग गरेको थियो । व्यवस्थापनका दृष्टिले, पर्यवेक्षकको विवरण सङ्कलन र प्रमाणीकरणका लागि विगतमा झैँ अनलाइन प्रणाली प्रयोग गरिएको थियो । त्यसले प्रक्रियालाई केही हदसम्म सहज बनाएको थियो । आयोगले तोकेको समयसीमाभित्र विवरण प्रविष्ट गर्नुपर्ने भए पनि बारम्बार सर्भर डाउन हुने समस्याका कारण संस्थाहरूले प्राविधिक कठिनाइ भोग्नुपरेको थियो । यसले डिजिटल प्रणालीको पूर्वतयारी र क्षमता परीक्षण पर्याप्त नभएको सङ्केत गरेको छ ।

पर्यवेक्षकको सङ्ख्या र योग्यता निर्धारणसम्बन्धी प्रावधानहरू पनि व्यवस्थापनका महत्त्वपूर्ण पक्ष हुन् । आयोगले प्रत्येक संस्थाले कम्तीमा एक सय पर्यवेक्षक परिचालन गर्नुपर्ने र सातै प्रदेश समेटिनुपर्ने प्रावधान तोकेको थियो, जसले ठूलो नेटवर्क भएका संस्थालाई प्राथमिकता दिएको देखाउँछ । तर, यसले स्रोत र जनशक्ति सीमित भएका साना संस्थाहरूलाई प्रक्रियाबाट स्वतः बाहिर पारेको थियो । त्यस्तै, पर्यवेक्षकका लागि २१ वर्ष उमेर पूरा भएको हुनुपर्ने, न्यूनतम शैक्षिक योग्यता प्रवीणता प्रमाणपत्र तह (नेपाली शैक्षिक संस्थाबाट प्राप्त) हुनुपर्ने, तथा मतदाता नामावलीमा नाम समावेश भई मतदाता नम्बर हुनुपर्ने जस्ता मापदण्डले समावेशी सहभागितामा अवरोध सिर्जना गरेको थियो । यसले विशेषतः विदेशी विश्वविद्यालयमा अध्ययन गरेका नेपाली नागरिक, मतदाता सूचीमा नाम समावेश नभएका तर अन्यथा योग्य व्यक्तिहरू, तथा जेन-जी आन्दोलनपछि सक्रिय भएका युवाहरूको सहभागितालाई सीमित पारेको थियो ।

मतदानको दिन सवारी साधन प्रयोगसम्बन्धी प्रावधानमा पनि एकरूपता देखिएन । आयोगले पर्यवेक्षक परिचयपत्रकै आधारमा सवारी साधन सञ्चालन गर्न सकिने व्यवस्था गरे पनि कतिपय जिल्लामा अतिरिक्त अनुमति लिनुपर्ने अभ्यास कायम रह्यो । त्यसैगरी पर्यवेक्षकलाई कतिपय मतदान स्थलमा प्रवेश नै दिइएन वा अत्यन्तै टाढाबाट मात्रै हेर्न दिइयो । यसले केन्द्रबाट जारी निर्देशन र नीतिको प्रभावकारी प्रसार र समन्वय हुन नसकेको सङ्केत गर्छ ।

समग्रमा, निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण व्यवस्थापनलाई संस्थागत, व्यवस्थित र परिणाममुखी बनाउन विभिन्न प्रयास गरेको छ । तथापि, कार्यान्वयन तहमा नीतिगत अस्पष्टता,

प्राविधिक कमजोरी, समावेशी सहभागितामा अवरोध जस्ता चुनौती कायमै छन् । आगामी दिनमा पर्यवेक्षणसम्बन्धी मापदण्डको पुनरावलोकन, प्राविधिक प्रणालीको सुदृढीकरण तथा समन्वय संयन्त्रको प्रभावकारिता अभिवृद्धि गर्ने दिशामा सुधार आवश्यक देखिन्छ । त्यसो गरे मात्र निर्वाचन पर्यवेक्षणलाई सशक्त, विश्वसनीय र नीतिगत सुधारका लागि उपयोगी माध्यमका रूपमा स्थापित गर्न सकिनेछ ।

५

# सुरक्षा व्यवस्थापन

निर्वाचनका लागि २३,११२ मतदान केन्द्रमध्ये ३,६८० लाई अति संवेदनशील ४,४४२ लाई संवेदनशील र २,८४५ लाई सामान्य सूचीमा राखिएको थियो ।[१३] एकीकृत सुरक्षा योजना २०८२ लागू गरी करिब ८० हजार नेपाली सेना निर्वाचन मितिभन्दा एक महिना अघिदेखि परिचालन गरिएको थियो। नेपाल प्रहरीले १३३,९८० र सशस्त्र प्रहरीले १५,११० अस्थायी निर्वाचन प्रहरी भर्ना गरेका थिए। यस निर्वाचनमा सशस्त्र प्रहरीले पहिलो पटक निर्वाचन प्रहरी परिचालन गरेको हो। निर्वाचन प्रहरीलाई माघ २५ देखि फिल्डमा खटाइएको थियो। निर्वाचन तयारीकै चरणदेखि नै सुरक्षाकर्मीको सक्रियता देखिन्थ्यो।

यो निर्वाचनमा मूलतः अन्तरदलीय कार्यकर्ता झडप, जेन-जी आन्दोलनमा लुटिएका हतियार र भागेका कैदी अनि निर्वाचन विरोधी केही स्वार्थ समूह मुख्य सुरक्षा चुनौती थिए। जेन-जी आन्दोलनका क्रममा कारागारबाट फरार भई नफर्केका ४,५५४ कैदी र हराएका हतियारले निर्वाचन हिंसात्मक हुने आशङ्का बढाएको थियो । यद्यपि विगतमा (२०६४, २०७०, २०७४, २०७९) पनि ठूलै सुरक्षा चुनौतीबीच निर्वाचन सफल भएका थिए।

बर्दिया, कास्की, दाङ, बाँकेलगायतका जिल्लामा भेटिएका शङ्कास्पद वस्तु सुरक्षा टोलीले निस्तेज पारेका थिए । मतदानको दिन नजिकिँदै गर्दा फरक दलका कार्यकर्ताबीच केही स्थानमा सामान्य मुठभेड भएको पाइयो। दाङ, झापा, बैतडीमा यस्ता घटनाहरू विशेषतः

---

[१३] रातोपाटी । २०८२ । मतदान स्थलको वर्गीकरण: ३ हजार ६ सय ८० स्थल अति संवेदनशील सूचीमा । फागुन २० । www.ratopati.com/story/547920/classification-of-over-10000-polling-stations-3680-sites-on-the-highly-sensitive-list मा उपलब्ध; चैत २, २०८२ मा हेरिएको।

रास्वपा र नेकपा (एमाले) का कार्यकर्ताबीच देखिएको थियो । ती स्थानमा निर्वाचनअघि दलको झण्डा जलाउने, सम्पर्क कार्यालय तोडफोड गर्ने, ऱ्यालीमा जम्काभेट हुँदा झडप हुने जस्ता केही घटना भए । दाङको तुलसीपुरमा रास्वपाको सभामा नेकपा (एमाले) को झण्डा जलाइएको थियो ।[१४] त्यसलगत्तै रास्वपा र नेकपा (एमाले) का केही कार्यकर्ताबीच झडप भएको थियो । त्यस्तै घटना चुनावको दिनमा पनि दोहरिन सक्ने त्रास गाउँभरि रहेको दाङका ७८ वर्षे मतवा (थारू अगुवा) चन्द्रप्रसाद थारूले बताए ।[१५]

कास्कीमा निर्वाचनका बेला डरधम्की देखाई चन्दा असुल्ने समूह सक्रिय भएको पाइयो । यद्यपि, सुरक्षा निकायले बेलैमा पक्राउ गर्दा यसले ठूलो रूप लिएन । निर्वाचन विरोधी काम गर्नसक्ने भन्दै सुरक्षा चुनौतीका रूपमा दुर्गा प्रसाईं संयोजक रहेको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान,[१६] सीपी गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, धर्मेन्द्र बाँस्तोला नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी बहुमत, महावीर समूह (नेकपा बहुमतबाट फुटेर आएको) लगायतका समूहका सदस्यहरू पक्राउ गरिएको र केहीलाई निर्वाचन अवधिभरि निगरानीमा राखिएको थियो ।[१७]

चुनाव प्रचार-प्रसार यस पटक सामाजिक सञ्जालमा बढी केन्द्रित हुँदा दलका कार्यकर्ताबीच हुने झडप पनि पहिलेको तुलनामा कम भएको थियो । तेह्रथुमको छथर गाउँपलिका वडा नं. ६ का वडाध्यक्ष लोकेन्द्र सुब्बाले भने, "सामाजिक सञ्जालको प्रयोगबारे हाम्रो दलले रणनीति नै बनाएको छ । आफ्नो उम्मेदवारको पक्षमा राम्रो सामग्री पोस्ट गर्ने, पोस्टमा आएका नकारात्मक टिप्पणीको जवाफ दिने गरिएको छ । सामाजिक सञ्जालको बढ्दो प्रयोगले कार्यकर्ताबीच मनमुटाव र आक्रोश पोख्ने काम पनि सामाजिक सञ्जालको

---

[१४] अनलाइनखबर । २०८२ । एमालेको नारा लगाउँदै दाङमा रास्वपा सम्पर्क कार्यालय तोडफोड । फागुन ८ । www.onlinekhabar.com/2026/02/1872250/rashtriya-swayamsevak-sangh-rss-liaison-office-in-dang-vandalized-chanting-uml-slogans मा उपलब्ध; चैत ८, २०८२ मा हेरिएको ।

[१५] थारूसँग फागुन १२, २०८२ मा गरिएको कुराकानी ।

[१६] अनलाइनखबर । २०८२ । निर्वाचन बिथोल्न १२ समूह सक्रिय, निगरानीमा राजावादीदेखि समाजवादीसम्म । फागुन १२ । www.onlinekhabar.com/2026/02/1878186/12-groups-active-in-disrupting-elections-from-royalists-to-socialists-under-surveillance मा उपलब्ध; चैत १५, २०८२ मा हेरिएको ।

[१७] बीबीसी न्यूज नेपाली । सन् २०२६ । निर्वाचनविरोधी व्यक्ति र समूहमाथि सुरक्षा निकायको 'सूक्ष्म निगरानी' । मार्च २ । www.bbc.com/nepali/articles/c743v937vp4o मा उपलब्ध; चैत १, २०८२ मा हेरिएको ।

भित्तामा मात्र सीमित भएको छ। यसले प्रतिस्पर्धी दलका कार्यकर्ताबीच झडपको सम्भावना पनि कम गराएको छ।"[१८] यद्यपि, यसले घृणा र भ्रमपूर्ण सामग्री ठूलो आयतनमा सजिलैसँग फैलाउन सक्छ। त्यसको प्रभाव अझ सघन हुन सक्छ (यसबारे विस्तृतमा हेर्नुहोस् निर्वाचन र डिजिटल स्पेस खण्ड)।

डिजिटल माध्यम अहिलेको चुनावी प्रचार-प्रसारको प्रमुख माध्यम बन्दै गएकोले यसको प्रभावकारी निगरानी आवश्यक रहेको सुरक्षा अधिकारीहरूले औँल्याए। यसलाई ध्यानमा राख्दै प्रत्येक जिल्ला प्रहरी कार्यालयमा सामाजिक सञ्जाल निगरानी गर्न सात सदस्यीय 'सोसल साइट मनिटरिङ सेल' पनि गठन गरिएको थियो। उक्त सेललाई सामाजिक सञ्जालमार्फत फैलाइने मिथ्या तथा भ्रामक सूचना, हिंसा भड्काउने सामग्री, व्यक्तिगत लाञ्छना तथा गाली-गलौजयुक्त डिजिटल सामग्री निगरानी गर्ने तथा त्यस्ता सामग्री राख्ने र फैलाउने व्यक्तिलाई आवश्यक कारबाही पहल गर्ने जिम्मेवारी दिइएको थियो। तर सोसल साइट मनिटरिङका लागि खटिएको टोलीलाई प्रदान गरिएको तालिम अपेक्षाकृत प्रभावकारी हुन नसकेको पाइयो। निर्वाचन आयोगबाट अनलाइन अभिमुखीकरण गरिएको भए पनि भौतिक उपस्थितिमा प्रयोगात्मक अभ्याससहित तालिम प्रदान गर्न सके निगरानी कार्य अझ प्रभावकारी हुन सक्ने सुरक्षा अधिकारीहरूको भनाइ थियो।

अघिल्लो निर्वाचनको तुलनामा अहिले निर्वाचन सुरक्षा खर्च बढेको पाइयो। २०७९ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि गृह मन्त्रालयलाई ८ अर्ब ७२ करोड ७३ लाख रूपैयाँ र रक्षा मन्त्रालयमार्फत सेनाले खर्च गर्ने गरी ९७ करोड ७६ लाख रूपैयाँको स्रोत सहमति पाएको थियो। त्यसमध्ये गृह मन्त्रालयले ८ अर्ब ७० करोड र रक्षाले ९७ करोड रूपैयाँ खर्च गरे। त्यो खर्च गृह र रक्षा मन्त्रालयले स्रोत सहमति पाएको रकमको ९९ प्रतिशत हो। २०८२ सालमा निर्वाचन सुरक्षा प्रायोजनको लागि गृह मन्त्रालयलाई १० अर्ब ३९ करोड रूपैयाँ र रक्षा मन्त्रालयलाई १ अर्ब ९९ करोड रूपैयाँ सरकारले स्रोत सुनिश्चित गरेको थियो। गृह मन्त्रालयका लागि स्रोत सुनिश्चित गरेको रकम २०७९ को निर्वाचनमा भएको वास्तविक खर्चभन्दा १ अर्ब ६९ करोड रूपैयाँ बढी हो। त्यस्तै रक्षा मन्त्रालयले २०७९ मा गरेको वास्तविक खर्चभन्दा यस पटक दोब्बर रकम अर्थात् १ अर्ब २ करोड रूपैयाँको स्रोत सुनिश्चित गरेको थियो। यसरी निर्वाचनमा सुरक्षा खर्च बढ्दै जानुले निर्वाचन चुनौतीपूर्ण हुँदै गएको हो कि भन्ने चिन्ता बढाएको छ।

---

[१८] सुब्बासँग फागुन १२, २०८२ मा गरिएको कुराकानी।

यस निर्वाचनमा सुरक्षाकर्मी र सुरक्षा संयन्त्रको उपस्थिति र सक्रियता धेरै नै थियो । निर्वाचन शान्तिपूर्ण हुनुमा त्यसको भूमिका अवश्य नै छ । यद्यपि, अत्यधिक सुरक्षाकर्मी र सुरक्षा संयन्त्रको उपस्थितिले मतदातामा सम्भावित खतरा महसुस गराउने र त्रास पैदा गर्न सक्ने तथ्यतर्फ पनि आगामी दिनमा सचेत हुनुपर्ने देखिन्छ । अर्कातिर, निर्वाचनको सुरक्षा खर्च बढ्दै गइरहेको सन्दर्भमा निर्वाचन प्रहरी र अन्य सुरक्षाकर्मीको सङ्ख्या, त्यसको आवश्यकता र उपादेयता, विकल्प आदिका साथै प्रचलित सुरक्षा व्यवस्थापनको मितव्ययी उपाय र सुरक्षा खर्चको पारदर्शितामाथि पनि बहस हुन जरुरी छ ।

६

# मतदाता शिक्षा

## ६.१. वडास्तरीय मतदाता शिक्षा कार्यक्रम

निर्वाचन आयोगले हरेक वडामा मतदाता शिक्षा सञ्चालन गरेको थियो। यसलाई प्रभावकारी बनाउन प्रत्येक पालिकामा एक जना अनुगमनकर्ता वा सम्पर्क व्यक्ति तोकिएको थियो। हरेक वडाका लागि महिला स्वास्थ्य स्वयंसेविका, बाल विकास सहजकर्ता र सामुदायिक सेवा केन्द्रका परिचालकमध्ये कोही एक जना छनोट गरी पठाउन उनीहरूले मातहतका वडासँग समन्वय गरेका थिए। आवश्यक तालिमपछि स्वयंसेवकले नमुना मतपत्रसहित समुदायमा पुगी मतदान गर्ने तरिका सिकाएको पाइयो। १५ दिनमा एक स्वयंसेवकले वडाभरि मतदाता शिक्षा दिनुपर्ने भएकाले घरदैलो गर्न सम्भव थिएन र समुदाय केन्द्रित हुनाले यसको प्रभावकारिता सीमित हुन पुग्यो। बागमती, गण्डकी र कोशी प्रदेशमा खटिएका स्वयंसेवकले नमुना मतपत्र निकै कम भएकाले मतदाताले माग्दा दिन नसकिएको गुनासो गरे। तिनका अनुसार आफूले सिकेर घरमा अन्यलाई सिकाउन माग्ने मतदातालाई नमुना मतपत्र दिन सकेको भए मतदाता शिक्षा अझ प्रभावकारी हुन सक्थ्यो। विद्यालयमा विद्यार्थीलाई मतदानबारे सिकाउने र तिनले अभिभावकलाई सिकाउने विधि तेह्रथुममा अपनाइएको पाइयो। यद्यपि, त्यहाँ पनि विद्यार्थीलाई नमुना मतपत्र वितरण गर्न नसकिएकाले उक्त अभियान प्रभावकारी हुन नसकेको गुनासो स्वयंसेवकले गरेका थिए। नमुना मतपत्रको सफ्ट कपी नै बढी उपयोग गर्न सके यसको अभाव महसुस पनि नहुने र कागज पनि कम खपत हुने भएकाले आगामी निर्वाचनमा यसतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ।

ठूलो वडामा कम समयमा मतदान गर्ने तरिका सिकाउनुपर्ने, फारम पनि भर्नुपर्ने, फोटो पनि खिच्नुपर्ने भएकोले एक्लैले भ्याउन नसक्ने देखिएपछि ललितपुरकी एक मतदाता

शिक्षा स्वयंसेवकले कामबापत आफूले पाउने आधा पैसा दिने गरी साथीलाई लिएर हिँडेको बताइन् ।[१९] जेन-जी युवाहरू पनि कसरी मतदान गर्ने भन्नेमा अनभिज्ञ रहेको उनको अनुभव थियो । त्यस्तै, दाङ जलौराकी २६ वर्षीया एक महिलाले मतदाता नामावलीमा नाम दर्ता गराएको भए पनि परिचयपत्र नपाएको र भोट हाल्न पाउने या नपाउने पनि थाहा नभएको बताइन् ।[२०] डीआरसीएनका पर्यवेक्षकले मतदाताहरूसँग कुराकानी गर्दा पनि कतिपयसँग निर्वाचनबारे न्यूनतम जानकारी नभएको पाएका थिए ।

यस्तो अन्योल मतदातामा मात्र होइन मतदाता शिक्षा स्वयंसेवकमा समेत भएको पाइन्थ्यो । बाँके जिल्लामा मतदाता शिक्षाका लागि खटिएकी एक स्वयंसेवकसँग आफूलाई एमालेले काममा खटाएको भन्ने बुझाइ थियो । पर्यवेक्षकसँग भेट हुँदा उनको हातमा नेकपा (एमाले) को पर्चा पनि थियो । मतदाता शिक्षा दिने व्यक्तिको छनोटमा वडालाई अग्राधिकार दिँदा पक्षपात हुन सक्ने धारणा कोशी प्रदेशमा हामीले भेटेका केही मतदाताले व्यक्त गरे । कतिपय ठाउँमा भोट हाल्ने तरिका सिकाउन जाँदा महिला भएकै कारण आफूहरू हेपिनु परेको केही स्वयंसेवकहरूको अनुभव थियो । "ए अब तिमीहरूले हामीलाई सिकाउने ?" भनेजस्तो गरी पुरुषहरूले बेवास्ता गरेको सल्यानकी बाल विकास शिक्षिका तथा मतदाता शिक्षा स्वयंसेवक विमला शर्मा पौडेलले सुनाइन् ।[२१] यस्तै अनुभव तेह्रथुमको लालीगुराँस नगरपालिकाको एक वडामा खटिएकी मतदाता शिक्षा स्वयंसेवकको पनि थियो ।[२२]

## ६.२. मतदाता शिक्षाका अन्य आयाम

हरेक वडामा स्वयंसेवक खटाउनेबाहेक निर्वाचन आयोगले रेडियो, टिभी र सामाजिक सञ्जालबाट मतदाता शिक्षा दिएको थियो । आयोगले मतदान किन गर्ने र कसरी गर्ने भन्नेबारे संवादमूलक भिडियो सन्देश, गीती सन्देश, लघु भिडियो तथा जिङ्गलहरू तयार पारी आफ्नो फेसबुक, टिकटक, एक्स आदिमार्फत प्रचार गरेको पनि पाइयो । त्यसबाहेक निर्वाचन आयोगसँगको सहकार्यमा टिकटकले 'इलेक्सन सेन्टर' नामको एप तयार पारेको थियो । प्रयोगकर्ताले निर्वाचनसम्बन्धी आधिकारिक र विश्वसनीय जानकारी पाउन सकून् भनेर यसो गरिएको थियो । आयोगले पनि निर्वाचन प्रचार-प्रसार तथा मतदाता शिक्षामा योगदान

[१९] ती स्वयंसेवकसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी ।
[२०] ती महिलासँग फागुन १४, २०८२ मा गरिएको कुराकानी ।
[२१] पौडेलसँग फागुन १४, २०८२ मा गरिएको कुराकानी ।
[२२] ती स्वयंसेवकसँग फागुन १४, २०८२ मा गरिएको कुराकानी ।

पुऱ्याउने उत्कृष्ट टिकटक निर्मातालाई ५० हजार रूपैयाँ पुरस्कार दिने गरी टिकटक भिडियो प्रतियोगिता गराएको थियो ।

यससँगै आयोगले मतदानको दिनमा मतदाताले के-के कुरामा ध्यान पुऱ्याउने, मतदान कसरी गर्ने, मतपेटिका तथा मतपत्र कब्जामा लिँदा के कस्ता सजाय हुन्छन्, मतदानका दौरानमा पालना गर्नुपर्ने आचरणलगायत विभिन्न सन्देशसहितका पोस्टरहरू सामाजिक सञ्जालबाट प्रचार गरेको थियो । आयोगका कर्मचारी, कलाकार, खेलाडीहरूमार्फत निर्वाचनमा सहभागी भएर मतदान गर्न उत्प्रेरणा दिने खालका सन्देशहरू पनि सम्प्रेषण गरेको पाइयो । आयोगले गीती सन्देश, संवादमूलक सन्देश तथा संवादमूलक लघु नाटक जस्ता विभिन्न श्रव्यदृश्य सामग्री पनि उत्पादन गरी विभिन्न सञ्चारमाध्यमबाट प्रसारण गरेको थियो । मोबाइल फोनमा कल रिङ ब्याक टोनमार्फत मतदातालाई मतदान गर्न तथा सबैलाई आचारसंहिता पालना गर्न सन्देश पनि दिइएको थियो । तथापि, मतदाता शिक्षाको आवश्यकताको तुलनामा ती प्रचार सामग्री र त्यसमाथिको पहुँच मतदातामा निकै कम भएको पाइयो । सामाजिक सञ्जाल र सञ्चारका अन्य साधनको पहुँच नपुग्ने ठाउँका मतदाताका लागि वडास्तरमा खटिएका मतदाता शिक्षा स्वयंसेवक मात्र विकल्प थिए तर ती पर्याप्त देखिएनन् ।

निर्वाचन आयोगका जिल्लास्थित कार्यालयहरूले यसपालि मतदाता शिक्षाकै लागि स्थानीय सञ्चारमाध्यम भने कम प्रयोग गरेको पाइयो । निर्वाचन आयोग र उम्मेदवारहरूले अन्य डिजिटल माध्यममा खर्च गरेको र आफ्नो रेडियोमा कुनै पनि विज्ञापन नदिएको शारदा एफएम, सल्यानका स्टेशन म्यानेजर प्रतीक इच्छुक शर्माले बताए ।[२३] यद्यपि, रेडियो स्याङ्जाका स्टेशन म्यानेजर रमेश गोदारले भने आफ्नो रेडियोमा निर्वाचनसम्बन्धी विज्ञापन आएको स्वीकारे ।[२४]

यसैगरी विभिन्न गैरसरकारी संस्थाहरूले पनि मतदाता शिक्षाका लागि निर्वाचनअघि कार्यक्रम सञ्चालन गरेका थिए । काठमाडौँ, चितवन, गोरखा, कञ्चनपुरमा नेपाल अपाङ्ग महिला सङ्घले मतदाता शिक्षा कक्षा सञ्चालन तथा नमुना मतदान कार्यक्रम गरेको थियो ।[२५] त्यस्तै पहल, फातिमा फाउन्डेशनले विशेषगरी मुस्लिम मधेसी महिला तथा युवाहरूलाई लक्षित गरी नेपालगञ्ज उपमहानगरपालिका भित्रका विभिन्न वडामा गरेको थियो । फाउन्डेशनले गरेको

---

[२३] शर्मासँग फागुन १४, २०८२ मा गरिएको कुराकानी ।

[२४] गोदारसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी ।

[२५] Nepal Disabled Women Association. 2026. Nepal Disabled Women Association Conducts Voter Education and Mock Polls Across Four Districts. March 4. www.ndwa.org.np/news/nepal-disabled-women-association-conducts-voter-education-and-mock-polls-across-four-districts/ मा उपलब्ध; चैत १, २०८२ मा हेरिएको ।

गतिविधिबारे अध्यक्ष मैमुना सिद्दिकीले भनिन्, "मुस्लिम मधेसी महिला बढी घरेलु काममा व्यस्त हुने भएर घर बाहिर त्यति जान पाउँदैनन् । त्यसैले हामीले यहीँ उपमहानगरपालिकाको छ वटा वडामा एक हजारभन्दा बढी महिला र युवालाई मतदाता शिक्षा दियौँ । यहाँ भोट हाल्नै नजान्ने मान्छे पनि छन् । हामीले बुढी औँलाको छाप लगाउने होइन, स्वस्तिक छाप लगाउने भनेर सिकायौँ । पट्याउने कसरी, कतिवटा मतपत्र हुन्छ भनेर पनि सिकायौँ । कसैको करकापमा भोट हाल्ने हैन, आफूलाई इच्छा लागेको मान्छे र दललाई हाल्ने हो भन्यौँ।"[२६] मतदाता शिक्षाको बेग्लै प्रयास डीआरसीएनले पनि गरेको थियो (हेर्नुहोस्, केस स्टडी) । यी उदाहरणहरूले स्थानीयस्तरमा मतदाता शिक्षाको पहुँच विस्तार गर्न गैरसरकारी संस्थाहरूको पनि भूमिका हुने देखियो ।

**केस स्टडी १ : घोषणापत्रबारे मतदाता शिक्षा**

डेमोक्रेसी रिसोर्स सेन्टर नेपालले जेन-जी सिभिक फोरम र जेन-जी मुभमेन्ट एलायन्ससँग मिलेर नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल (जसपा), नेकपा (एमाले), नेकपा, प्रलोपा, उज्यालो नेपाल पार्टी, राप्रपा र रास्वपा गरी आठ राजनीतिक दलका घोषणापत्र अध्ययन गरेको थियो । घोषणापत्रका मुख्य बुँदा भिडियोमार्फत फेसबुक र इन्स्टाग्राममा पोस्ट गरिएको थियो । साथै, ती बुँदा फ्लेक्समा छापेर काठमाडौँ, ललितपुर, महेन्द्रनगर, धनगढी र पोखरामा खुला प्रदर्शन पनि गरिएको थियो । स्थानीय मतदाता ती प्रदर्शनीमा सहभागी भई घोषणापत्रका बुँदाहरूबारे आपसमा अन्तरक्रिया गरेका थिए ।

दलको नाम उल्लेख नगरी एजेण्डा छापिएको कागजमा सहभागीले मत दिन पाउने व्यवस्था थियो । दलीय आग्रह नआओस् र एजेण्डाकै आधारमा मत दिन सजिलो होस् भनी त्यसो गरिएको थियो । यसअघिका निर्वाचनमा घोषणापत्रबारे यसरी तुलनात्मक प्रचार-प्रसार र छलफल गर्ने अभ्यास थिएन । तर यो निर्वाचनमा जेन-जी समूहलगायत आम नागरिकले पनि घोषणापत्रप्रति चासो राखेका थिए । सामाजिक सञ्जालमा पोस्ट गरिएका भिडियो तथा पोस्टमा आएका प्रतिक्रियाले मतदाताले आफ्ना उम्मेदवारका योजना के कस्ता छन् भनी जान्न इच्छुक थिए भन्ने देखाउँछ । मतदाताले जानकारी पाएपछि मात्रै तिनले सही प्रतिनिधि छनोट गर्न सक्ने भएकाले यसलाई मतदाता शिक्षाको एक माध्यम मानिएको थियो । यद्यपि, यो प्रयास एकदमै कम स्थानमा हुन सक्यो भने सामाजिक सञ्जालमा पनि यसका उपभोक्ता कुल मतदाताका तुलनामा अत्यन्त कम थिए । त्यसैले यसको प्रभावकारिता पनि सीमित नै थियो ।

[२६] सिद्दिकीसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी ।

स्थानीय भाषामा मतदाता शिक्षा दिनुपर्ने आवाज अघिल्ला चुनावमा पनि उठेको थियो र निर्वाचन आयोगले मतदाता शिक्षा सामग्री त्यस्ता स्थानीय भाषामा उपलब्ध पनि गराएको थियो। तर यस पटक आयोगले यस्तो ठोस कार्यक्रम गरेको देखिएन। केन्द्रबाट तयार पारिएका सन्देशभन्दा स्थानीय भाषा र लवजमा स्थानीयस्तरमा नै तयार पारिने सामाजिक सन्देशको प्रभावकारिता बढी हुने भए पनि आयोगले त्यसमा कम ध्यान दिएको नेपाल पत्रकार महासङ्घ धनकुटाका अध्यक्ष विदुर खवासले बताए।[२७]

सम्बन्धित वडामा खटिएका स्वयंसेवकले नै आवश्यकताअनुसार स्थानीय भाषामा मतदाता शिक्षा दिने जिल्ला निर्वाचन कार्यालयहरूबाट जानकारी पाइयो। महोत्तरीस्थित जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले मतदाता शिक्षा स्वयंसेवक छान्दा नै स्थानीय भाषाको ज्ञानलाई प्राथमिकता दिएको बताइन्।[२८] जसपा नेपालका नेता कमान देवानले झापाको दमकजस्तो ठाउँमा समेत मतदाता शिक्षा कसरी र कहाँ सञ्चालन भइराखेको छ भन्ने थाहा पाउन नसकेकोले मतदाता शिक्षा प्रभावकारी हुन नसकेको दावी गरे।[२९]

मतदाता शिक्षाका लागि निर्वाचन आयोगसँगै दलहरू पनि उत्तिकै जिम्मेवार छन्। तर प्रचार-प्रसारको समय छोटो भएको र धेरै स्थानमा घरदैलोका लागि पुग्नुपर्ने बाध्यताका कारण आफूहरूले मतदान कसरी गर्ने भन्नेबारे बुझाउन नभ्याएको दलका प्रतिनिधिहरूले बताए। उम्मेदवारहरूबीच अन्तरक्रिया गराई तिनको उद्देश्य, योजना, धारणा र विचारधाराबारे मतदातालाई सचेत गराउने पनि मतदाता शिक्षाकै अर्को पाटो हो। यस पटक दलका प्रधानमन्त्रीका प्रस्तावित उम्मेदवारबीच यस्तै खुला छलफल गराउने चर्चा चले पनि त्यसो हुन सकेन। खास गरी रास्वपाका बालेन्द्र शाह त्यसका लागि तयार भएनन्। यद्यपि, काठमाडौँका केही निर्वाचन क्षेत्रमा 'बहसको मैदान : नेतृत्वको पहिचान' नामको अन्तरक्रिया कार्यक्रम उज्ज्वल थापा फाउण्डेसन र भूगोल पार्कले जेन-जी मुभमेन्ट एलायन्स र नेपाल जेन-जी फ्रन्टको सहयोगमा चलाएका थिए। उक्त कार्यक्रममा उम्मेदवारहरूसँग प्रश्नोत्तर गरी तिनका एजेण्डाबारे मन्थन गरिएको थियो र मतदाताले उम्मेदवारलाई पर्गेल्ने मौका पाएका थिए।

निर्वाचन आयोगले मतदाता शिक्षा सञ्चालन गरे पनि त्यसका सीमा थिए। घरदैलो अभियान नभएकाले धेरै मतदातासम्म यसको पहुँच नै रहेन। मतदाता शिक्षा भनिए पनि यसको मूल सन्देश मतदाता सूचनामै सीमित थियो। यसले कति मतपत्र हुन्छन् र कति चिह्नमा

[२७] खवाससँग फागुन १५, २०८२ मा गरिएको कुराकानी।

[२८] झासँग माघ २७, २०८२ मा गरिएको कुराकानी।

[२९] देवानसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी।

कसरी छाप लगाई कसरी पट्टयाउने भन्ने प्राविधिक जानकारी मात्रै दिन्थ्यो । तर निर्वाचन शिक्षाले निर्वाचन प्रणाली, प्रतिनिधिको भूमिका, उम्मेदवारको एजेण्डा आदि जस्ता विषयबारे पनि समेट्नुपर्ने हो । अनि मात्र मतदाताले त्यसका आधारमा उम्मेदवार छनोट गरी मतदान गर्नुपर्ने हो । तर त्यस्तो हुन सकेको छैन । निर्वाचन आयोगबाहेक राजनीतिक दल, गैरसरकारी संस्था, मिडिया आदिले मतदाता शिक्षामा काम गर्ने ठाउँ खाली छ । मतदाता शिक्षा र बदर मतको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ जसबारे मतगणना खण्डमा विस्तृत चर्चा गरिएको छ ।

७

# राजनीतिक दल र उम्मेदवारको तयारी

निर्वाचनको घोषणालगत्तै तत्कालीन सत्तासीन दल अन्योलमा थिए भने अन्य दल केही उत्साही बनेका थिए। त्यसपछि नयाँ दल गठन हुने क्रमसमेत बढ्यो। चुनाव नजिकिँदै गर्दा दलहरूको गठन, पुनर्गठन र चुनावी गठबन्धनका प्रयास देखा परे।

## ७.१. दल गठन, पुनर्गठन र चुनावी गठबन्धन

जेन-जी आन्दोलन यथास्थिति प्रतिको स्पष्ट विरोध थियो। त्यसैले राजनीतिक दल फेरिन या फेरिएको देखाउन उद्यत रहे। नेपाली कांग्रेसले विशेष महाधिवेशन गरी पुराना नेतृत्त्व पन्छाउँदै सापेक्षतः नयाँ नेतृत्त्वको अगुवाइमा चुनावमा होमियो। नेकपा (एमाले) ले अग्रीम अधिवेशन गरेर नयाँ म्यान्डेटसहित आएको दाबी गऱ्यो। यद्यपि, यसको नेतृत्व परिवर्तन भएन। निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरूबीच एकीकरण तथा नयाँ दल दर्ताको क्रम तीव्र देखियो।

असार ४, २०८० मा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) लगायतका दलहरूले समाजवादी मोर्चा गठन गरेका थिए। निर्वाचनको मुखैमा उक्त मोर्चामा विभिन्न कम्युनिष्ट घटकहरूसमेत समेटिँदै नेपाली कम्युनिष्ट पार्टी (नेकपा) नामक नयाँ दल गठन गरियो, जसका संयोजक पुष्पकमल दाहाल बने। यसैबीच, काठमाडौँ महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र शाहसँग निकट समूह तथा अन्तरिम सरकारका मन्त्री कुलमान घिसिङको सहयोग प्राप्त उज्यालो नेपाल पार्टीले रास्वपामा समाहित हुने सहमति गरे। तर, सहमति भएपछि नै वैचारिक मतभेद र पद बाँडफाँटप्रति असन्तुष्टि जनाउँदै उज्यालो नेपाल पार्टी अलग भयो र निर्वाचनमा एक्लै लाग्यो।

नेकपामा समावेश नभएका जनार्दन शर्मा, रास्वपा परित्याग गरेका सन्तोष परियार तथा बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीबीच सहकार्य भई प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) गठन गरियो। त्यस्तै, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच एकीकरण भई पुनः जनता समाजवादी पार्टी नेपाल नै गठन गरियो। धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले श्रम संस्कृति पार्टीको अध्यक्षका रूपमा दलीय राजनीतिमा औपचारिक प्रवेश गरे।

२०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा राजनीतिक दलहरू गठबन्धनसहित सहभागी भएका थिए। २०७४ मा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) वाम गठबन्धन बनाएर निर्वाचनमा सहभागी भएका थिए। १६५ प्रत्यक्ष सिटमध्ये नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले क्रमशः १०३ र ५९ क्षेत्रमा उम्मेदवारी दिई ८० र ३६ सिट जितेका थिए। त्यस्तै २०७९ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा (राजमो) ले गठबन्धन बनाएर निर्वाचन लडेका थिए। अर्कोतर्फ, नेकपा (एमाले) ले पनि जनता समाजवादी पार्टी नेपाल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र नेपाल परिवार दलसँग तालमेल गरेको थियो।

विगतमा गठबन्धनमार्फत निर्वाचन जित्न दलहरू सापेक्षतः सफल भए पनि त्यसपछिको अभ्यास भने त्यति सुखद देखिएन। २०७९ पछि बनेको सदनमा दलहरूबीच राजनीतिक भागबन्डाको आधारमा सरकार परिवर्तनको शृङ्खला नै चल्यो। चुनावपूर्व हुने गठबन्धन राजनीतिक मूल्य मान्यतामा भन्दा पनि दलका शीर्ष नेतृत्वको सत्ता स्वार्थको मात्र गठजोड बन्दा दलका नेता तथा कार्यकर्तामा व्यापक असन्तुष्टि थियो।[३०] अर्कोतर्फ, चुनावपूर्व गरिने गठबन्धनले गर्दा सार्वभौम नागरिकले विकल्पसहित आफूले रोजेको उम्मेदवार वा राजनीतिक दललाई मत दिन पाइराखेका थिएनन्। यसले लोकतन्त्र नै कमजोर बनाइरहेको बुझाइ सर्वत्र थियो।

नेपाली कांग्रेसका तत्कालीन महामन्त्रीले फागुन २०८० मा सम्पन्न महासमिति बैठकमा नै चुनावपूर्व गठबन्धन गर्न नहुने प्रस्ताव राखेका थिए। तर तत्कालीन सभापति देउवा त्यो प्रस्ताव मान्न तयार नभएपछि महासमितिले निर्णय लिन सकेन। उक्त प्रस्ताव अन्ततः भदौ

[३०] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)। २०७९। राजनीतिक अपडेट : चुनावी गठबन्धन र तालमेल। ललितपुर : डीआरसीएन। www.democracyresource.org/wp-content/uploads/2025/02/Political-Update_electoral-coalition-1.pdf मा उपलब्ध; चैत १०, २०८२ मा हेरिएको।

१६, २०८१ मा सम्पन्न केन्द्रीय समिति बैठकबाट सर्वसम्मत पास भयो। यही विषयलाई पुस २०८२ मा भएको नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट पनि पारित गरियो। नेपाली कांग्रेसको यस निर्णयले अन्य दललाई पनि फागुनमा सम्पन्न निर्वाचनमा एक्लाएक्लै सहभागी हुन बाध्य बनायो।

यो निर्वाचनमा दलहरूले पहिलेजस्तो राष्ट्रव्यापी गठबन्धन गरेनन् तर स्थानीयस्तरमा लघु गठबन्धन र तालमेल भने अहिले पनि भयो। उदाहरणका लागि गोरखा-२ मा प्रलोपाका संरक्षक डा. बाबुराम भट्टराईले उम्मेदवारी फिर्ता लिएपछि उक्त दलले नेपाली कांग्रेसलाई सघायो। त्यस्तै प्रलोपाले सुनसरी-१ मा श्रम संस्कृति पार्टीका हर्क साम्पाङ र भोजपुरमा ध्रुवराज राईलाई समर्थन गरेको थियो। प्रलोपा र नेकपा (एमाले) बीच कर्णाली प्रदेशलाई केन्द्रमा राखेर चुनावी गठबन्धन भयो। रूकुम पश्चिममा प्रलोपाका उम्मेदवार जनार्दन शर्मा र रूकुम पूर्वमा प्रलोपाकै सन्दिप पुनलाई नेकपा (एमाले) ले सघाउने सहमति भयो। रूकुम पूर्वमा नेकपाका संयोजक पुष्पकमल दाहाल उम्मेदवार थिए। कर्णालीमा हुम्ला र जुम्लाबाहेकका अन्य जिल्लामा प्रलोपाले नेकपा (एमाले) लाई सहयोग गर्ने सहमति भएको थियो। रूकुम पश्चिममा नै उज्यालो नेपाल पार्टीले प्रलोपाको उम्मेदवार जनार्दन शर्मालाई समर्थन गरेको थियो। बागलुङमा राष्ट्रिय जनमोर्चा पार्टी (राजमो) र नेकपाले तालमेल गरेर चुनाव लडेका थिए। बागलुङ-१ मा राजमोले र बागलुङ-२ मा नेकपाले उम्मेदवारी दिएका थिए। त्यसबाहेक १० साना दलले चार वटा गठबन्धन बनाएका थिए र ती हरेक गठबन्धनको चुनाव चिह्न पनि साझा थियो।

अघिल्ला निर्वाचनमा झापा-३ मा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई नेकपा (एमाले) ले सघाएको र झापा-५ मा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीलाई राप्रपाले समर्थन गरेको थियो। यस निर्वाचनमा भने त्यसरी औपचारिक सहमति भएन। तर अनौपचारिक रूपमा राप्रपाबाट दमक नगरपालिकाका नगर प्रमुखमा निर्वाचित रामकुमार थापाले झापा-५ मा नेकपा (एमाले) का उम्मेदवार केपी शर्मा ओलीलाई सघाउने सहमति भएको थियो। जसपा नेपालका नेता कमान देवानका अनुसार विगतको निर्वाचनलाई आधार मान्दा नगर प्रमुख थापाको दमकका मतदातामा राम्रै प्रभाव छ र उनले आफ्नो प्रभावको मत नेकपा (एमाले) मा खसाउन सहयोग गर्ने अनौपचारिक समझदारी नगरप्रमुख थापा र नेकपा (एमाले) नेतृत्वबीच भएको थियो।[३१] दमक नगर कार्यपालिकामा दुई तिहाइ सदस्य नेकपा (एमाले) का हुनाले कुनै पनि निर्णयमा नेकपा (एमाले) को समर्थन अनिवार्य हुन्छ।

[३१] देवानसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी।

पछिल्लो अवधिमा नगर प्रमुख रामकुमार थापा अनुकूल हुने गरी विभिन्न निर्णय कार्यपालिका बैठकबाट गरिएका थिए । उदाहरणका लागि, नगर प्रमुख थापाको घर जेन-जी आन्दोलनमा आगजनीमा परेपछि उनी भाडामा बस्दै आएका थिए । फागुन ११, २०८२ मा बसेको नगर कार्यपालिकाको बैठकले उनलाई मासिक घर भाडा दिने निर्णय गरेको थियो । यद्यपि, विरोधपछि यो निर्णय प्रमाणित नगरिएको स्थानीय पत्रकार चिरञ्जीवी घिमिरेले बताए ।[३२] तर सोही बैठकले दमक अस्पतालको सञ्चालक समिति अध्यक्षमा उनलाई नै नियुक्त गऱ्यो । उनी यसअघि पनि संयोजक थिए । पुनः संयोजक बन्न थापा इच्छुक भए पनि नेकपा (एमाले) ले नचाहेकाले ११ महिनादेखि रिक्त रहेको उक्त पद निर्वाचनको मुखमा भने उनलाई नै दिइयो ।[३३] त्यस पदमा नेकपा (एमाले) तर्फकै वडाध्यक्ष (वडा नं. ६) टेकबहादुर थापाले पनि लामो समयदेखि दावी गरिराखेका थिए । निर्वाचनको मुखमा गरिएको यस्तो निर्णयले नेकपा (एमाले) र मेयर थापाबीच निर्वाचन लक्षित सहमति बनेको स्पष्ट सङ्केत गरेको छ ।

## ७.२ घोषणापत्र र एजेण्डा

विगतमा घोषणापत्रहरू अमूर्त सपना र अस्पष्ट प्रतिबद्धताका पुलिन्दा हुने गरेका थिए । त्यसैले औपचारिकतामा सीमित ती घोषणापत्रप्रति खासै चासो हुँदैनथ्यो । आम नागरिकको तहमा त यो निर्वाचनमा पनि त्यसप्रति ठूलो सरोकार देखिएन । तर नागरिक समाज, मिडिया र केही अन्य वर्गमा भने घोषणापत्रप्रति सार्वजनिक चासो, प्रतीक्षा तथा बहस उल्लेख्य रूपमा बढेको थियो । जेन-जी आन्दोलनपछि भएको यो निर्वाचनमा युवा पुस्ताले दलका घोषणापत्रप्रति विशेष चासो राखेका थिए ।

निर्वाचन आचारसंहिता २०८२ को दफा ३७ अनुसार तोकिएको समयसीमाभित्र घोषणापत्र सार्वजनिक गर्नुपर्ने प्रावधान रहे पनि मुख्य दलहरूले निर्धारित मिति (फागुन ३, २०८२) नाघिसकेपछि मात्र घोषणापत्र सार्वजनिक गरे । घोषणापत्रलाई नेपाली कांग्रेसले ‘प्रतिज्ञापत्र’, रास्वपाले ‘वाचापत्र’, नेकपा (एमाले) ले ‘घोषणापत्र’, प्रलोपाले ‘प्रतिबद्धतापत्र’ नाम दिएका थिए । यी सबै दस्तावेजहरू कागजी पर्चामा मात्र सीमित नगरी ‘डिजिटल मेनिफेस्टो’ का

[३२] घिमिरेसँग फागुन १८, २०८२ मा गरिएको कुराकानी ।

[३३] नयाँ पत्रिका । २०८२ । ११ महिनापछि दमक अस्पतालले पायो व्यवस्थापन समिति । फागुन २० । www.nayapatrikadaily.com/news-details/189699/2026-03-04 मा उपलब्ध, वैशाख ३, २०८३ मा हेरिएको ।

रूपमा सामाजिक सञ्जालमार्फत अधिक प्रचार गरिए। विशेषगरी टिकटक, फेसबुक रिल्समा 'स्पोन्सर्ड' विज्ञापनसमेत प्रयोग गरी उम्मेदवारहरूले आफ्ना एजेण्डा मतदातासम्म पुऱ्याउने प्रयास गरेका थिए। केन्द्रीयस्तरमा दलहरूले सुशासन, समृद्धि तथा उत्तरदायित्वका मुद्दा प्राथमिकतामा राखेका थिए। नेपाली कांग्रेसले "मर्यादित नागरिक र सुशासन", नेकपा (एमाले) ले 'समृद्ध नेपाल, सुखी नेपाली' तथा रास्वपाले 'राइट टु रिकल' र सम्पत्ति छानबिनलाई मुख्य एजेण्डा बनाएका थिए।

सुशासन र पूर्वाधार विकासजस्ता नीतिगत मुद्दाहरू केन्द्रमा प्राथमिकतामा परे पनि स्थानीय तहमा पुग्दा भूगोल र सन्दर्भअनुसार तिनको रूपान्तरण भएको थियो। स्थानीय उम्मेदवारहरूले 'मालपोतको श्रेस्ता कायम गर्ने' देखि 'जङ्गली जनावर नियन्त्रण' जस्ता जनजीवनसँग प्रत्यक्ष जोडिएका मुद्दा उठाएका थिए। तेह्रथुममा लोकमार्ग र तमोर जलाशय, बाँके र दाङमा नदी नियन्त्रण तथा 'गोबर मुक्त थारू गाउँ', कञ्चनपुरमा सुक्खा बन्दरगाह र मेडिकल विश्वविद्यालय तथा धनकुटामा 'गाँजा खेती' र 'जङ्गली जनावर नियन्त्रण' जस्ता मुद्दा उठाइएका थिए। सल्यानमा सडक विस्तार, रोजगारी सिर्जना र भ्रष्टाचार नियन्त्रणजस्ता मुद्दा दलहरूले आफ्ना स्थानीय वाचापत्रमा समावेश गरेका थिए। रोल्पामा 'स्मार्ट रोल्पा' को अवधारणासहित 'डिजिटल सेवा' र 'वैदेशिक सीप उपयोग' दलहरूले अघि सारेको पाइयो। यस निर्वाचनमा घोषणापत्रमा केही नयाँ मुद्दा पनि आए। श्रम संस्कृति पार्टीले वडा तहसम्मै 'श्रम, उत्पादन र आविष्कार' को एजेण्डा पुऱ्याएको थियो भने केही स्वतन्त्र उम्मेदवारहरूले वातावरणीय विनाश र सडक दुर्घटनाजस्ता ओझेलमा परेका विषय उठाएका थिए।

मतदाताले पनि स-साना समस्याको सम्बोधन नै खोजेको पाइयो। रोल्पाका दुर्गम बस्तीहरूमा मोबाइल फोनमा सिग्नल नआउँदा सामान्य कुराकानी गर्न पनि घर छाडेर टाढा पुग्नुपर्ने बाध्यता रहेको मतदाताले बताए। बिजुलीको बिल तिर्नकै लागि पनि कैयौँ घण्टा पैदल हिँडेर सदरमुकाम पुग्नुपर्ने र होटलमा बास बस्नुपर्ने बाध्यता उनीहरूले सुनाए। जेन-जी आन्दोलनपछि सुशासनबारे चर्चा चले पनि घोषणापत्रमा 'पूर्वाधार र विकास' ले नै सदाबहार प्राथमिकता पाएको थियो। कान्तिपुर टिभीकी सल्यान संवाददाता सरिता चलाउनेले युवाका अपेक्षा चुनावी घोषणापत्रमा नसमेटिएको बताइन्। उनले भनिन्, "विशेषगरी युवाहरूको मुख्य चासो रोजगारीको अवसरसँग जोडिएको छ। कपुरकोट क्षेत्र तरकारी उत्पादनको प्रमुख केन्द्र हो, तर त्यहाँ विषादी परीक्षण प्रयोगशाला नहुँदा किसानले समस्या भोगिरहेका छन्। सल्यान सुन्तलाका लागि प्रसिद्ध भए पनि यस वर्ष कीराको प्रकोपका कारण ठूलो मात्रामा

उत्पादन घट्यो । यस्ता स्थानीय तथा व्यावहारिक समस्या उम्मेदवारका चुनावी एजेण्डामा समेटिएको छैन ।"[३४]

यस चुनावमा मतदाताले विकास निर्माणका मुद्दासमेत वास्ता नगरी परिवर्तन नै रोजेको पनि पाइयो । चुनावको एउटा प्रमुख केन्द्र रहेको झापा जिल्लामा यसपालि विकासको मुद्दाले मतदाता आकर्षण गर्न नसकेको दमकका राजनीतिक विश्लेषक राजेन्द्र दाहालको ठम्याइ थियो ।[३५] मुद्दा मात्र होइन आफ्नो निर्वाचन क्षेत्रमा को उम्मेदवार छन् भन्ने सरोकार पनि झापाका मतदातामा कमै थियो । झापाकै समाजशास्त्रका अध्यापक सागर शिवाकोटी पनि यो निर्वाचनमा चुनावी एजेण्डा के हुन् वा उम्मेदवार को हुन् भन्नेसमेत मतदाताले वास्ता नगरी पुराना दलको विकल्प खोजेको तर्क गरे ।[३६]

समग्रमा, प्रतिनिधिसभा निर्वाचन २०८२ मा राजनीतिक दलका घोषणापत्रमा विषयगत विस्तार, डिजिटल प्रस्तुति र सार्वजनिक बहसमा वृद्धि देखिए पनि नीतिगत प्रतिबद्धता र स्थानीय आवश्यकता बीचको दूरी कायमै पाइयो । 'केन्द्रीय एजेण्डा र स्थानीय यथार्थ बीचको असन्तुलन' ले घोषणापत्रको प्रभावकारितामा प्रश्न उठाएको छ भने मतदाताको प्राथमिकता अझै पनि आधारभूत सेवा, रोजगारी र प्रत्यक्ष जीवनयापनसँग जोडिएका मुद्दामै केन्द्रित रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ७.३ बदलिएको प्रचार शैली

निर्वाचन आयोगले दल र उम्मेदवारहरूलाई प्रचार-प्रसारका लागि फागुन ४ गतेदेखि १८ गतेसम्मको अवधि तोकेको थियो । यद्यपि, उम्मेदवारहरू मनोनयनपश्चात नै घरदैलो र भेटघाटमा सक्रिय भइसकेका थिए । चुनावी प्रचार-प्रसारको स्वरूप पछिल्ला निर्वाचनदेखि नै बदलिँदै आएको थियो र यो निर्वाचनमा पनि त्यस्तै देखियो । परम्परागत तडकभडकयुक्त प्रचारशैली क्रमशः संवादमुखी, संयमित र लागत-प्रभावकारी विधितर्फ रूपान्तरण हुँदै गरेको पाइयो । विगतको तुलनामा यस निर्वाचनमा प्रचार-प्रसार शैली र माध्यममै उल्लेख्य भिन्नता देखियो । पहाडी तथा हिमाली जिल्लामा अघिल्ला चुनावमा जस्तो तडकभडकपूर्ण गतिविधि प्रायः देखिएनन् । पहिले घरैपिच्छे दलका झण्डा, चोक-चोकमा ध्वजापताका, पर्खालभरि उम्मेदवारका पोस्टर, गाउँबस्तीमा स्पीकर बजाउँदै गाडीबाट पर्चा वितरण गर्ने जस्ता

[३४] चलाउनेसँग फागुन १४, २०८२ मा गरिएको कुराकानी ।

[३५] दाहालसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी ।

[३६] शिवाकोटीसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी ।

अभ्यास सामान्य थिए । तर यस पटक यस्ता शैली कमै देखिए र कतैकतै राखिएका पोस्टर तथा झण्डासमेत सुरक्षाकर्मीले हटाएको थियो । कोशी प्रदेशको सुनसरी र लुम्बिनी प्रदेशको बाँकेजस्ता तराई-मधेस क्षेत्रमा झण्डा, ब्यानर, पम्प्लेटको प्रयोग तुलनात्मक रूपमा केही बढी देखिए पनि धनकुटा र तेह्रथुमजस्ता पहाडी जिल्लामा यस्तो तडकभडक न्यून थियो ।

दल र उम्मेदवारहरूले ठूला आमसभाको सट्टा साना कोणसभा र घरदैलो कार्यक्रमलाई प्राथमिकता दिएका थिए । यसै सन्दर्भमा रोल्पाका नेकपा उम्मेदवार वर्षमान पुन 'अनन्त' ले भने, "यसपालि धैरैभन्दा धैरै जनताकै घरमा पुगिरहेका छौँ... प्रत्येक टोल र वडामा गएर जनतासँग भेटघाट गर्ने, समस्या बुझ्ने र एजेण्डा बुझाउने काम भइरहेको छ ।"[३७] यसले उम्मेदवारले प्रत्यक्ष मतदाता सम्पर्कलाई प्राथमिकता दिएको देखाउँछ । 'जेन-जी आन्दोलन' पछि विकसित राजनीतिक मनोविज्ञानअनुसार ठूला सभाभन्दा साना, लक्षित र अन्तरक्रियात्मक कार्यक्रम प्रभावकारी मानिएको थियो । यसको एउटा कारण आर्थिक पक्ष पनि हो । ठूला सभा आयोजना गर्दा कार्यकर्ता ओसारपसार, आवास र खानपानमा ठूलो खर्च लाग्छ । अर्कोतर्फ, केवल भिड देखाउँदैमा मतदाता आकर्षण गर्न नसकिने यथार्थ दलहरूले स्वीकार्न थालेका छन् ।

ठूला आमसभा पूर्णतः हराएका भने होइनन् । केही दलहरूले प्रदेशस्तरीय सभा आयोजना गरेका थिए । जस्तै रास्वपा र नेपाली कांग्रेसले विभिन्न स्थानमा सभा गरेका थिए । तर नेकपा (एमाले) ले उम्मेदवारी दर्ताअघि केही कार्यक्रम गरे पनि चुनाव लक्षित ठूला आमसभा नगर्नु, तेह्रथुममा नेपाली कांग्रेस र नेकपा (एमाले) ले अनुमति मागेर पनि सभा नगर्ने निर्णय गर्नु, तथा रास्वपाले रूपन्देही र कास्कीमा तय गरेका आमसभा स्थगित गर्नुले समग्रमा ठूला सभाप्रति दलको आकर्षण घट्दै गएको सङ्केत गर्छ ।[३८]

रास्वपाले प्रस्तावित प्रधानमन्त्रीका उम्मेदवार बालेन्द्र शाह र सभापति रवि लामिछानेसहित प्रमुख सहरहरूमा रोड शो आयोजना गर्‍यो । रास्वपाको सभा पुराना दलहरूको जस्तो लामो हुँदैनथ्यो, न त थुप्रै नेताहरूलाई आसन ग्रहण नै गराइन्थ्यो । बालेन्द्र शाह र रवि लामिछानेले सभामा छोटा भाषण दिएपछि सभा समापन गरिन्थ्यो । प्रचार-प्रसारको यो अनौपचारिक शैली आम मतदाताले मन पराए । यस पटकको निर्वाचनमा मतदाताले घरदैलोमा आएका उम्मेदवारलाई निर्भीक भई थुप्रै प्रश्न गरे । तिनले पुराना उम्मेदवारलाई विगतका वाचा र

[३७] पुनसँग फागुन १७, २०८२ मा गरिएको कुराकानी ।

[३८] थाहा खबर । २०८२ । यसकारण स्थगित भयो भैरहवा र पोखरामा निर्धारित रास्वपाको चुनावी सभा । फागुन ८ । www.thahakhabar.com/detail/294753 मा उपलब्ध; चैत ११, २०८२ मा हेरिएको ।

नयाँलाई भविष्यको सुनिश्चितताबारे प्रश्न सोधेका थिए । मतदाताबाट हाकाहाकी यस्ता प्रश्न आउलान् भनेर उम्मेदवार तयार नभएको देखिन्थ्यो । नेपाली कांग्रेस दाङका जिल्ला सभापति शंकर डाँगीले मतदाताले उम्मेदवारलाई कठोर र महत्त्वपूर्ण प्रश्न गरेको स्वीकारे ।[३९]

जेन-जी आन्दोलनपश्चात् बदलिएको राजनीतिक परिवेशमा प्रचार सामग्रीमा राष्ट्रिय तहका नेताहरूको छवि प्रयोगमा पनि दलअनुसार फरक प्रवृत्ति देखियो । नेपाली कांग्रेसका कार्यक्रम तथा उम्मेदवारका प्रचार सामग्रीहरूमा सभापति गगन थापाको तस्बिर प्रयोग गरिएको थियो । नेपाली कांग्रेसमा विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चुनिएकोले त्यो सन्देश प्रवाह गरेर मतदातालाई आकर्षित गर्न 'बदलियो कांग्रेस, बदल्छौँ देश' भनेर प्रचार सामग्री तयार पारिएको थियो । यद्यपि, आन्तरिक द्वन्द्वका कारण केही उम्मेदवारले सभापति थापाको तस्बिर प्रयोग गरेका थिएनन् । नेपाली कांग्रेस मोरङका एक नेताले मोरङ-२ का नेपाली कांग्रेसका उम्मेदवार मिनेन्द्र रिजाल लगायतले सभापति थापाको तस्बिर प्रयोग नगरेको बताए ।[४०] रास्वपाले प्रधानमन्त्रीको दावेदार बालेन्द्र शाह र सभापति रवि लामिछानेको तस्बिर व्यापक प्रयोग गरेको थियो । नेकपा (एमाले) र नेकपामा भने पुरानै व्यक्ति नेतृत्वमा हावी भए । जेन-जी आन्दोलनका बेला सरकारको नेतृत्व गरेका नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीको भूमिकामाथि प्रश्न उठेको थियो । त्यसैले मतदाताबीच उनको तस्बिरले नकारात्मक असर पर्ने आशंकाले उम्मेदवारले ओलीको तस्बिर निर्वाचन सामग्रीमा प्रयोग गरेका थिएनन् ।[४१]

यसप्रकार निर्वाचन २०८२ मा प्रचार-प्रसारका आयाममा केही परिवर्तन देखा परे । आमसभाप्रति आकर्षण कम देखियो भने रोड शो, कोणसभा र घरदैलोको उपयोग धेरै गरियो । प्रचार-प्रसारको बदलिएको स्वरूपको खास चित्र सामाजिक सञ्जाल प्रयोगमा देखियो । उम्मेदवारहरूले त्यसको सञ्चालनको लागि पनि छुट्टै समूह निर्माण गरेका थिए (यसबारे विस्तृतमा हेर्नुहोस् निर्वाचन र डिजिटल स्पेस खण्ड) ।

[३९] डाँगीसँग फागुन १२, २०८२ मा गरिएको कुराकानी ।

[४०] ती नेतासँग फागुन १६, २०८२ मा गरिएको कुराकानी ।

[४१] तामाङ, नेत्र । २०८२ । ओलीको नाम बेचर भोट आउने देखेनन् एमाले उम्मेदवारले, चुनावी प्रचारमा तस्बिर राख्नै डराए । *बिजमाण्डू*, फागुन १२ । https://bizmandu.com/content/20260224125329.html मा उपलब्ध; चैत ११, २०८२ मा हेरिएको ।

८

# निर्वाचन आचारसंहिता

स्वतन्त्र, निष्पक्ष र पारदर्शी निर्वाचन प्रतिस्पर्धाका लागि आचारसंहिता महत्त्वपूर्ण हुन्छ । सामान्यतया यो आफैमा कानून होइन, व्यक्ति या संस्थाको नैतिक आचरणलाई नियन्त्रण गर्ने एउटा विधि हो । तर निर्वाचन आचारसंहिता भने कानूनसरह नै छ र यसको पालना नगर्नेलाई कारबाही गर्न सकिने प्रावधानसमेत छ । निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ ले आचारसंहिता उल्लङ्घन गर्नेलाई दण्ड, जरिवानादेखि उम्मेदवारी खारेजसम्म व्यवस्था गरेको छ । प्रचार-प्रसारका क्रममा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, राष्ट्रिय अखण्डतामा असर पार्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच पुऱ्याउने र कुनै धर्म, जातजाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीच द्वन्द्व पैदा गर्नेलाई दुई लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । साथै, आचारसंहिताले ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गता भएका व्यक्तिको सम्मानको वकालत गर्छ । आचारसंहिताको मुख्य उद्देश्य सत्ता र शक्तिको केन्द्रमा रहेका राजनीतिक दललाई स्रोत साधनको दुरुपयोग गरेर मतदातालाई प्रभावित पार्नबाट रोक्नु पनि हो । हरेक उम्मेदवारलाई समतल चुनावी मैदान प्रदान गर्नुका साथै स्वतन्त्र प्रतिस्पर्धाको अवसर दिने अभिप्राय यसले लिएको हुन्छ ।

## ८.१. ऐतिहासिक विकासक्रम (२०६४–२०८२)

२०६४ सालमा भएको संविधानसभा निर्वाचनदेखि यता २०८२ सम्म आउँदा निर्वाचन आचारसंहितामा परिमार्जन हुँदै आएको छ । २०६४ सालको आचारसंहितामा उम्मेदवारको चुनाव खर्चबारे सामान्य व्यवस्था भए पनि २०७० सालको निर्वाचनमा चुनावी खर्चको अनुगमनमा पनि कडाइ गरिएको थियो । लेखा परीक्षणमा अनुचित तवरले खर्च गरेको

देखिएमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने र निर्वाचित भएमा स्वतः बदर हुने व्यवस्था २०७० को आचारसंहितामा थियो। खर्चको सीमा पनि ४५९,५०० रूपैयाँबाट १० लाख रूपैयाँ पुऱ्याइएको थियो। चुनावी खर्चको पारिदर्शिताका लागि छुट्टै बैंक खाता खोल्नेदेखि खर्च गर्ने जिम्मेवार व्यक्ति तोक्नुपर्ने व्यवस्था निर्वाचन आचारसंहिता २०७९ मा थियो।

२०७४ मा प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन खर्चको सीमा २५ लाख रूपैयाँ तोकिएको थियो। २०७९ मा आयोगले भूगोल र जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्रहरूका लागि फरक-फरक खर्च सीमा तोकेको थियो। त्यसअनुसार पाँच क्षेत्रमा २५ लाख, १७ क्षेत्रमा २७ लाख, ६५ क्षेत्रमा २९ लाख, ५२ क्षेत्रमा ३१ लाख र २६ क्षेत्रमा ३३ लाख रूपैयाँ सीमा तोकिएको थियो। समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रति उम्मेदवार दुई लाख रूपैयाँ खर्चको सीमा तोकिएको थियो। २५ हजार रूपैयाँभन्दा बढीको चन्दा बैंकमार्फत मात्र लिनुपर्ने अनिवार्य व्यवस्था थियो। निर्वाचन खर्चसम्बन्धी अनुगमनका लागि सतहत्तरै जिल्लामा प्रमुख कोष नियन्त्रकहरूलाई जिम्मेवारी दिएको थियो।[४२] २०८२ को निर्वाचनमा खर्चको सीमाबारे २०७९ कै व्यवस्था कायम गरिएको थियो।

२०६४ मा प्रचार-प्रसारका लागि हेलिकप्टर र हवाइजहाज प्रयोगमा पूर्ण रोक लगाइएको थियो। तर २०७० को निर्वाचनमा सोलुखुम्बु, मनाङ, डोल्पा, हुम्ला, जुम्ला, मुगु, कालिकोट, बझाङ, बाजुरा र जाजरकोट जिल्लामा यस्तो रोक हटाइएको थियो। एउटा हलुका सवारी साधन र दुइटा घोडा प्रयोग गर्न पाइने २०६४ को प्रावधानलाई २०७० मा दुई सवारी साधन र चार घोडा एवम् २०८२ मा चार हलुका सवारी, चार मोटर साइकल र चार घोडा प्रयोग गर्न सकिने बनाइयो। २०६४ को आचारसंहितामा निर्वाचन प्रचार-प्रसारका लागि बालबालिकाको 'प्रयोग गराउन हुँदैन' मात्र भनिए पनि २०७० को आचारसंहितामा त्यसलाई 'पूर्ण निषेध' गरिएको थियो।

२०७४ को निर्वाचन आचारसंहितामा खर्च नियन्त्रण, डिजिटल मिडिया र सङ्घीय संरचनाअनुसार आचारसंहितामा पनि नयाँ व्यवस्था थपेर अझै व्यवस्थित बनाइयो। त्योभन्दा पहिलेको निर्वाचनमा प्रचार-प्रसार सभा, जुलुस र घरदैलो जस्ता परम्परागत शैलीमा केन्द्रित थियो। त्यसैले आचारसंहिता पनि परम्परागत चुनावी गतिविधि नियमन गर्ने खालका थिए।

---

[४२] निर्वाचन आयोग नेपाल। २०८२। आचारसंहितामा उल्लङ्घनका विषयमा भएका कारबाही सम्बन्धमा (प्रेस विज्ञप्ति)। माघ १५। https://election.gov.np/admin/public/storage/HOR%202082/Press%20Release/2082-10-15.jpg मा उपलब्ध; चैत १३, २०८२ मा हेरिएको।

२०७४ को निर्वाचनबाट आचारसंहितामा सामाजिक सञ्जाल प्रयोगसम्बन्धी व्यवस्था शुरू भएको थियो । निर्वाचन आचारसंहिता २०६४ ले राजनीतिक दल वा उम्मेदवारको चिह्न अङ्कित टोपी, झोला, स्टीकर, लोगो बिक्री वितरण र प्रयोग गर्न रोक लगाएको थियो । २०७४ मा निर्वाचन प्रचार-प्रसारका त्यस्ता माध्यमहरू अझ थप गर्दै कमिज, टी-सर्ट, गम्छा, मास्कजस्ता साङ्केतिक सामग्रीको प्रयोग र बिक्री वितरणमा पनि रोक लगाइयो । यसलाई अहिले पनि निरन्तरता दिइएको छ ।

२०७९ सालको निर्वाचनमा सामाजिक सञ्जालको विषयलाई थप प्रस्ट्याउँदै भ्रामक सूचना फैलाउनेलाई निगरानी, नियन्त्रण र दण्ड जरिवानाको व्यवस्था पनि गरियो ।[४३] २०८२ मा डिस्कर्डलाई सामाजिक सञ्जालको सूचीमा थपियो । त्यस्तै, कृत्रिम बौद्धिकता (एआइ) को प्रयोग गरेर कसैको चरित्र हत्या गर्ने सामग्री बनाउने र प्रचार गर्ने कार्यलाई पूर्णतः निषेध गर्ने प्रावधान पनि थपियो । यसले बदलिँदो समयमा र बढ्दो डिजिटल युगमा आचारसंहितामा पनि परिमार्जन गरिएको स्पष्ट सन्देश दिन्छ ।

त्यस्तै, निर्वाचन आचारसंहिता २०८२ मा हरित निर्वाचनको अवधारणा थपिएको देखिन्छ जुन त्यसअघिका निर्वाचनहरूमा पाइँदैन । यो आचारसंहिताले पर्यावरणलाई ध्यान दिँदै प्लास्टिकजन्य सामग्री प्रयोगमा रोक र प्रचार-प्रसारका लागि विद्युतीय सवारी साधनलाई प्राथामिकता दिएको छ । प्रचार-प्रसारका कार्यक्रम गर्दा बाजागाजा र झाँकी तथा अन्य ध्वनिप्रदूषण, जलप्रदूषण र वायुप्रदूषण नगर्न प्रोत्साहन गर्छ । २०८२ को निर्वाचन आचारसंहितामा दल या उम्मेदवारले घोषणापत्र सार्वजनिक गरी सोहीको आधारमा प्रचार-प्रसार गर्नुपर्ने नयाँ प्रावधान थपेको थियो । साथै, घोषणापत्रमा उल्लेख भएबमोजिमको कार्यप्रगति प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजानिक गर्नुपर्ने व्यवस्था पनि यो आचारसंहितामा छ । यी दुवै नौला अभ्यास हुन् ।

## ८.२. आचारसंहिता पालना

निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी, मितव्ययी र भयमुक्त होस् भनी आचारसंहिता लागु गरिन्छ । निर्वाचन आचारसंहिता कार्यान्वयनको अनुगमन गर्न आयोगमा ११ सदस्यीय केन्द्रीय आचारसंहिता अनुगमन समिति छ । यसमा आयोगले तोकेको आयुक्तको

[४३] बीबीसी न्यूज नेपाली । २०८२ । निर्वाचनसम्बन्धी आचारसंहितामा दण्डात्मक व्यवस्था, प्रभावकारी कार्यान्वयन कसरी हुन सक्ला ? जनवरी १५ । www.bbc.com/nepali/articles/c5yxkpeywzzo.lite मा उपलब्ध; चैत १३, २०८२ मा हेरिएको ।

संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिव र नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रमुख पनि रहन्छन् । यस समितिले निर्वाचन आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी लिई उजुरी पर्ने व्यक्तिसँग स्पष्टीकरण माग्न सक्छ । त्यसबाहेक, आचारसंहिता उल्लङ्घन तत्काल रोक्न आदेश दिने तथा आचारसंहिता उल्लङ्घन गर्नेलाई कारबाही गर्न आयोगसमक्ष सिफारिस गर्ने अधिकार यो समितिलाई छ । निर्वाचन आयोगले आचारसंहिता अनुगमन गर्न नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा वरिष्ठ कर्मचारीको संयोजकत्वमा एक वा एकभन्दा बढी सदस्य रहेको अनुगमनकर्ता वा अनुगमन टोली गठन गरी परिचालन गर्न सक्छ । त्यस्तै, जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा सात सदस्यीय जिल्ला आचारसंहिता अनुगमन समिति रहन्छ । त्यसमा प्रमुख जिल्ला अधिकारीसहित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको जिल्लास्थित प्रमुख लगायत सदस्य रहने व्यवस्था छ । जिल्ला निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको रूपमा सहायक प्रमुख जिल्ला अधिकारी र कोष तथा लेखा नियन्त्रकलाई जिम्मेवारी दिइएको छ ।

यसलाई पूर्णतः पालना गर्नमा भने दल र उम्मेदवारहरू त्यति प्रतिबद्ध देखिएनन् । तिनले आचारसंहिता उल्लङ्घन गरेका अनेकौँ उदाहरण पर्यवेक्षणका क्रममा फेला परे । निर्वाचन आयोगले फागुन ४ देखि १८ सम्मका जम्मा १५ दिन प्रचार-प्रसार गर्ने समय तोकेको थियो । यद्यपि, उम्मेदवारहरू भने अन्तिम नामावली प्रकाशन एवं निर्वाचन चिह्न प्राप्त गरेदेखि नै भेटघाट र प्रचार-प्रसारमा लागिसकेका थिए । यसले कानूनी रूपमा तोकिएको ‘प्रचार अवधि’ र व्यवहारमा चलिरहेको ‘प्रचार अभ्यास’ बीच अन्तर झल्काउँथ्यो ।

भौगोलिक अवस्थिति र दलहरूको उपस्थितिका आधारमा आचारसंहिता उल्लङ्घनका भिन्न स्वरूप देखिए । तराईका जिल्लामा झण्डा र ठूला ऱ्यालीको वर्चस्व रह्यो । धरानमा टेम्पोहरूमा पोस्टर टाँसिएको देखियो भने सुनसरी र बाँकेमा नेपाली कांग्रेस तथा रास्वपाले सयौँ सफारी र मोटरसाइकलसहित ठूला स्पिकर प्रयोग गरी शक्ति प्रदर्शन गरे । औपचारिक प्रचार-प्रसार अवधि शुरू हुनुअगावै जनकपुरमा केही सिटी रिक्सामा मतदानको अनुरोधसहित रास्वपा उम्मेदवार मनिष झाको ठूलो तस्बिर टाँगिएको पाइयो ।

त्यसैगरी, सल्यानका बस्तीहरूमा आयोगले तोकेको एकरङ्गी पम्प्लेटको नियम विपरीत नेपाली कांग्रेस र नेशनल रिपब्लिक नेपालका रङ्गीन पोस्टरहरू सार्वजनिक भित्तामा टाँसिएको भेटियो । सल्यानकै बाघचौर नगरपालिका र बनगाड कुपिन्डे नगरपालिकाका नगर प्रमुखहरूले सरकारी साधनको दुरुपयोग गरी चुनावी भाषणमा हिँडेको समेत पाइयो । बाँकेमा

नेपाली कांग्रेसको प्रचारमा १४–१५ वर्षका बालबालिका प्रयोग गरिएको र रेडियोमार्फत पक्षपातपूर्ण प्रचार भएको पुष्टि बाँकेकी अधिकारकर्मी मैमुना सिद्दिकीले गरिन् ।[४४]

आचारसंहिताले रोक लगाए पनि विभिन्न स्थानमा प्रचार अभियानमा हिँडेका कार्यकर्ताले निर्वाचन चिह्न अङ्कित टोपी, खादा, टी-सर्ट आदि पहिरिएका थिए । गण्डकी प्रदेशको पोखरामा बालेन्द्र शाहको तस्बिर अङ्कित टी-सर्टहरू होलीका लागि बिक्रीमा राखिएको थियो । तिनलाई प्रशासनले बरामद गरे पनि चर्को माइकिङ विरुद्धका उजुरीमा प्रभावकारी कारबाही भएको पाइएन । उम्मेदवारी मनोनयनदेखि चुनाव प्रचार-प्रसारका लागि गरिने 'रोड शो' जस्ता गतिविधिमा २५ जनासम्म मात्र भेला हुन सक्ने आचारसंहिताको प्रावधान भए पनि त्यसको पालना भएको पाइएन । रवि लामिछाने र बालेन्द्र शाहले त अझ त्यस्ता 'रोड शो' मा सवारी साधनको 'सन्-रूफ' बाट बाहिर निस्केर मतदातालाई हात हल्लाउँदै प्रचार गरेका थिए । सुरक्षाको दृष्टिले जोखिमपूर्ण मानिएको यस्तो क्रियाकलापलाई केन्द्रीय सुरक्षा समिति बैठकले रोक लगाउने निर्णय गरेको थियो । सिरहामा सार्वजनिक स्थलमा लेखिएका उम्मेदवारका चुनावी नारा प्रशासनले मेटाएको र चुनाव चिह्न अङ्कित टी-सर्ट तथा टोपी बेचबिखनमा रोक लगाएको थियो ।

देशैभरका जिल्ला आचारसंहिता अनुगमन समिति समक्ष कुल १,०७६ वटा उजुरी परेको उल्लेख थियो जसमध्ये १,०६१ वटा (९९%) फछर्यौट भएको थियो ।[४५] आयोगले चार राजनीतिक दल र ३३ उम्मेदवारलाई स्पष्टीकरण सोध्यो । जाजरकोट निर्वाचन क्षेत्र नं. १ मा नेकपाका उम्मेदवार शक्तिबहादुर बस्नेतविरुद्ध प्रचार-प्रसारका क्रममा पैसा वितरण गरेको र रूपन्देही निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार कमल भुसाल (निकोलस भुसाल) ले जेन-जी आन्दोलनपछि प्रतिरोधको प्रतीक बनेको रगताम्य सेतो जुत्ता अनुमतिबिना प्रयोग गरेको आरोपमा आयोगले रू. २५ हजार जरिवाना गर्‍यो । त्यस्तै रास्वपाका बाँकेका उम्मेदवार खगेन्द्र सुनार र नेपाल जनसेवा पार्टी भक्तपुर २ का उम्मेदवार जानुका पाठक (शोभा) लाई आचारसंहिता उल्लङ्घनको विषयमा सचेत गराएको थियो ।[४६]

---

[४४] सिद्दिकीसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी ।

[४५] प्रशासन । २०८२ । प्रतिनिधि सभा निर्वाचन : आचारसंहिता उल्लङ्घन गर्ने ९४ लाई स्पष्टीकरण, ५७ वटाको जवाफ । फागुन १६ । https://prasashan.com/2026/02/28/745420/ मा उपलब्ध; वैशाख ६, २०८३ मा हेरिएको ।

[४६] कान्तिपुर । २०८२ । निर्वाचन आचारसंहिता उल्लङ्घन आयोगले सोध्यो ८८ वटा स्पष्टीकरण । फागुन १५ । https://ekantipur.com/politics/2026/02/27/election-code-of-conduct-violation-commission-asks-for-88-clarifications-26-25.html मा उपलब्ध; वैशाख ६, २०८३ मा हेरिएको ।

आचारसंहिता दल र उम्मेदवारबाहेक अन्य धेरै सरोकारवालालाई लाग्ने हो । तिनले पनि आचारसंहिता उल्लङ्घन गरेका उदाहरण धेरै नै देखा परेका थिए । पत्रकार, सरकारी कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि आदिले पनि आचारसंहिता उल्लङ्घन गरेको उजुरी परेपछि निर्वाचन आयोगले स्पष्टीकरण मागेको थियो । नाम चलेका स्थापित उम्मेदवारले समेत आचारसंहिता पालना नगरेका उदाहरणले यसको व्यापकता प्रस्ट्याउँछ ।

निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सहायक प्रमुख जिल्ला अधिकारी र कोष तथा लेखा नियन्त्रकलाई अनुगमन अधिकृतको रूपमा जिम्मेवारी प्रदान गर्नु प्रशासनिक नियन्त्रण सुदृढ गर्ने र आर्थिक पारदर्शिता कायम गर्ने उद्देश्यसँग जोडिएको देखिन्छ । तर, व्यवहारमा यसको कार्यान्वयन प्रभावकारी हुन सकेको देखिँदैन । कञ्चनपुर, कास्की, ललितपुर, महोत्तरी र धनकुटा जस्ता जिल्लाहरूमा आचारसंहिता उल्लङ्घनसम्बन्धी लिखित उजुरी शून्य या नगण्य रहनुले उल्लङ्घन नभएको सङ्केत गर्दैन, बरु उजुरी प्रणालीप्रति नागरिकको पहुँच, विश्वास र सुरक्षा संवेदनशीलतासँग पनि सम्बन्धित प्रश्न उठाएको छ । यस सन्दर्भलाई सल्यानका कोष तथा लेखा नियन्त्रक उदय डाँगीको अभिव्यक्तिले स्पष्ट पार्छ ।[४७] उनका अनुसार सुरक्षा चुनौतीको डर र प्रक्रियागत जटिलताले उजुरी दर्ता प्रक्रियालाई निरुत्साहित गरेको हुन सक्छ । यसले अनुगमन संयन्त्रको सक्रियताभन्दा पनि प्रतिक्रियात्मक भएको देखाउनुका साथै, औपचारिक संयन्त्रहरू मात्र पर्याप्त नभई, नागरिकको सुरक्षित र सहज पहुँच सुनिश्चित गर्ने वातावरण आवश्यक रहेको देखाउँछ ।

यससँगै, नागरिक समाज र सञ्चारकर्मीका प्रतिनिधिले पनि निर्वाचन आयोग उजुरी-आधारित कारबाहीमा सीमित रहेको तथा सक्रिय निगरानीमा कमजोर देखिएको टिप्पणी गरेका थिए । उनीहरूको धारणाअनुसार, दलहरूको प्रभाव र पहुँचका कारण कतिपय अवस्थामा आयोग मौन बसेको आरोपले संस्थागत निष्पक्षतामाथि प्रश्न उठाएको छ । उम्मेदवारको खर्च पारदर्शी होस् भनी निर्वाचन आयोगले यस पटक उम्मेदवारले निर्वाचन अवधिसम्म सञ्चालन हुने गरी एक मात्र बैंक खाता खोल्नुपर्ने र निर्वाचनसँग सम्बन्धित सम्पूर्ण आम्दानी र खर्च यही खातामार्फत गर्नुपर्ने थियो । तर त्यसलाई पनि आंशिक मात्रै पालना गरेको पाइयो ।

निर्वाचन आयोगले निर्वाचन क्षेत्रअनुसार दल र उम्मेदवारले खर्च गर्न पाउने खर्चको हद निर्धारण गरेको छ । अनुगमन अधिकृतहरू भन्छन्, चन्दा र सहयोगलाई वैधानिक माध्यम (बैंक) बाट परिचालन गर्दा खर्चको वास्तविक सीमा देखिने भयले उम्मेदवारहरूले खाता खोल्न अनिच्छा देखाएको हुन सक्छ । यसले एकातिर कानूनी बाध्यता र अर्कोतिर राजनीतिक

[४७] डाँगीसँग फागुन १५, २०८२ मा गरिएको कुराकानी ।

अटेरीपन बीचको दूरी देखाउँछ । बैंक खाता नखोल्नुको सोझो अर्थ आर्थिक कारोबारलाई बैंकिङ प्रणालीभन्दा बाहिर अर्थात् 'नगद' मा सीमित राख्नु हो । जब कारोबार प्रणालीमा देखिँदैन, तब अनुगमनका लागि खर्चको सीमा उल्लङ्घन भएको प्रमाण जुटाउन प्राविधिक रूपमा कठिन हुन्छ ।

अनुगमन अधिकृतहरूलाई उल्लङ्घनकर्तामाथि तत्काल कडा कारबाही गर्नेभन्दा पनि स्पष्टीकरण सोध्ने वा आयोगमा सिफारिस गर्नेसम्मको मात्रै अधिकार हुन्छ । यसले आचारसंहिता उल्लङ्घन गर्नेहरूमा कानूनी डर कम देखिएको बताउँछन् सल्यानका प्रमुख जिल्ला अधिकारी महेन्द्र कुमार सापकोटा ।[४८]

## ८.३. उम्मेदवारको चुनाव खर्च

निर्वाचनमा उम्मेदवारको खर्च बढ्दै गएको पाइन्छ । बहुदलीय व्यवस्था पुनर्स्थापना लगत्तैका निर्वाचनमा दलले निर्वाचन खर्च सहजीकरण गर्ने अभ्यास भए पनि क्रमशः त्यो उम्मेदवारतिर सर्दै गएको र पछिल्ला निर्वाचनमा उम्मेदवारले नै सबै खर्चको जोहो गर्नुपर्ने बताइन्छ । पञ्चायतको अवसानपछि बहुदलीय व्यवस्था पुनर्स्थापना हुँदा राजनीतिक दलप्रति कार्यकर्ताको भरोसा र विश्वास अत्यधिक थियो । त्यसैले कार्यकर्ताले उम्मेदवारका लागि स्वयंसेवी हैसियतमा निर्वाचनमा सहयोग गर्थे । तर उम्मेदवारले निर्वाचन जितेपछि कमाउने र पुनः अर्को निर्वाचनमा खर्च गर्न आउने विनिमयपूर्ण चक्रको थालनीपछि कार्यकर्ता र सहयोगीलाई खानपान र अन्य व्यवस्थापन जरुरी भएकाले उम्मेदवारले निर्वाचनमा ठूलै खर्च जुटाउनुपर्छ । अहिले सबैतिर बाटोघाटो, रेस्टुरेन्ट र होटलको सुविधा पुगेकाले कार्यकर्ता व्यवस्थापन थप खर्चिलो भएको छ ।[४९] त्यसैले निर्वाचनमा उम्मेदवार छनोट गर्दा नै खर्च गर्न सक्ने हैसियत छ छैन भन्ने तथ्य निर्णायक हुन पुगेको छ । बढ्दो खर्चलाई नियन्त्रण गर्न निर्वाचन आयोगले खर्चको हद नै तोकिदिएको छ । यो राम्रो प्रयास भए पनि यसको पालना नभएको र पालना नगर्नेलाई कारबाही हुन नसकेको तथ्य चिन्ताजनक छ ।

निर्वाचन आयोगले दल तथा उम्मेदवारले निर्वाचनसँग सम्बन्धित सम्पूर्ण आम्दानी र खर्च सञ्चालन हुने गरी बैंक खाता खोल्न "प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचार-प्रसार बैङ्क

[४८] सापकोटासँग फागुन १४, २०८२ मा गरिएको कुराकानी ।

[४९] गिरी, आन्विका र माक्सिम श्रेष्ठ । प्रकाशनोन्मुख । नेपालमा राजनीतिक खर्चः समावेशी राजनीतिक सहभागितामा चुनौती । वेस्टमिन्स्टर फाउन्डेसन फर डेमोक्रेसीको सहयोगमा डीआरसीएनले गरेको अध्ययनको प्रतिवेदन ।

खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" जारी गरेको थियो।[५०] तर करिब आधाजसो उम्मेदवारले मात्रै त्यसरी छुट्टै खाता खोली निर्वाचन आयोगलाई जानकारी गराएका थिए। सल्यानका जिल्ला निर्वाचन अधिकारी धिरेन्द्र भण्डारीका अनुसार उम्मेदवार समन्वय समूहको ह्वाट्सएप ग्रुप बनाएर सबै उम्मेदवारलाई खाता खोल्ने लगायतका महत्त्वपूर्ण सूचना बारम्बार जानकारी गराइएको थियो।[५१] यद्यपि, १४ उम्मेदवारमध्ये ६ जनाले मात्र खाता खोले। मुख्य प्रतिस्पर्धी दलहरूले खाता खोलेपनि अन्य साना दल तथा स्वतन्त्र उम्मेदवारले सिफारिस लगेर पनि खाता नखोलेको भण्डारीले बताए।

यस पटक चुनाव प्रचारको माध्यम र शैलीमा आएको परिवर्तनसँगै उम्मेदवारको चुनावी खर्च पनि विगतको तुलनामा कम हुने वा विगतभन्दा नबढ्ने आकलन गरिएको थियो। तेह्रथुममा अघिल्लो निर्वाचनमा नेकपा (एमाले) का उम्मेदवार विजय सुब्बाले डेढ करोड खर्च गरेको दावी नेकपा (एमाले) का एक नेताले गरे।[५२] त्यस्तै नेपाली कांग्रेसका जिल्ला सभापति अर्जुनबहादुर तुम्बाहाम्फेले आफ्नो चुनावी खर्चबारे प्रस्ट पारे, "यस जिल्लामा प्रतिनिधिसभा उम्मेदवारले खर्च गर्न पाउने सीमा ३३ लाख हो। म म्याङलुङमा नगर प्रमुखको उम्मेदवार हुँदा नै १ करोड खर्च भयो। त्यसैले मैले निर्वाचन आयोगमा झुटो विवरण दिनु हुँदैन भनेर निर्वाचन खर्च नै पेश गरिनँ। यहाँ उम्मेदवारबीच पैसाले किच्नु पर्छ भन्ने प्रतिस्पर्धा नै हुने गरेको थियो। तर यसपालि उम्मेदवारले पैसा धेरै खर्च गरेका छैनन्।"[५३] नेकपा (एमाले) का भिम ल्वागुनले पनि यसपालि स्थानीय कमिटीले चुनावको तयारी गरेको र स्थानीय कार्यकर्ताको घरमा बसेर चुनाव प्रचार-प्रसार गरेको बताए।[५४] धनकुटा, तेह्रथुम, सुनसरी र झापा सबै ठाउँमा पहिले जस्तो उम्मेदवारले भोजभतेरमा पैसा खर्च नगरेको पाइयो। चुनावमा उम्मेदवारले खर्च कम गर्नुको पछाडि यो चुनावमा पैसा खर्च गरे पनि मत परिवर्तन नहुने र भोजभतेर गर्दा त्यसको भिडियो बाहिर गएमा झन् बदनामी हुने भएकोले उम्मेदवारहरूले खर्च कम गरेको अन्तर्वार्ता गरिएका राजनीतिक दलका प्रतिनिधि तथा नागरिकले बताए।

---

[५०] निर्वाचन आयोग नेपाल। २०८२। प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि। https://election.gov.np/admin/public/storage/HOR%202082/निर्वाचन%20अभियान%20बैँक%20खाता%20(Final)%20(1).pdf मा उपलब्ध; वैशाख ३, २०८३ मा हेरिएको।

[५१] भण्डारीसँग फागुन १४, २०८२ मा गरिएको कुराकानी।

[५२] ती नेतासँग फागुन १३, २०८२ मा गरिएको कुराकानी।

[५३] तुम्बाहाम्फेसँग फागुन १३, २०८२ मा गरिएको कुराकानी।

[५४] ल्वागुनसँग फागुन १४, २०८२ मा गरिएको कुराकानी।

कास्कीका एक मिडियाकर्मीका अनुसार निर्वाचनका बेला ‘एक उम्मेदवार, पाँच पत्रकार’ सँगै ‘डिजिटल मासुभात’ भन्ने विषयले चर्चा पाइरहेको थियो।[५५] यसपालिको निर्वाचनमा पहिला जस्तो खानपानमा खर्च नभए पनि सामाजिक सञ्जालका लागि उम्मेदवारले धेरै खर्च गर्नु परेकाले ‘डिजिटल मासुभात’ भन्ने गरिएको उनको तर्क थियो। उम्मेदवारहरूले सामाजिक सञ्जालतर्फ पनि उल्लेख्य रकम खर्च हुने गरेको पर्यवेक्षकलाई बताएका थिए। चुनावमा उम्मेदवारले गर्नुपर्ने खर्चको बोझका कारण महिला, दलित र अन्य सीमान्तकृत समुदाय यो प्रक्रियाबाटै बाहिरिने खतरा उच्च छ। दाङकी समानुपातिक प्रणालीतर्फकी उम्मेदवार सरिता देवकोटा भन्छिन्, “समय, पैसा र परिवार तीनै कुरा सन्तुलन गर्न गाह्रो हुन्छ।”[५६] उनले २०७९ को स्थानीय तह निर्वाचनमा नगर प्रमुख उठ्दा लिएको १५ लाख रूपैयाँ ऋण अझै तिरिरहेकी छन्, जसले आर्थिक जोखिम महिलाका लागि दीर्घकालीन हुने देखाउँछ।

[५५] ती मिडियाकर्मीसँग फागुन ५, २०८२ मा गरिएको कुराकानी।

[५६] देवकोटासँग फागुन १२, २०८२ मा गरिएको कुराकानी।

# ९

# निर्वाचन र डिजिटल स्पेस

नेपालमा १ करोड ६६ लाख (५६%) इन्टरनेट प्रयोगकर्ता छन् र सामाजिक सञ्जाल चलाउने १ करोड ४८ लाख जना (५०%) छन् । फेसबुक चलाउने जनसङ्ख्या पनि १ करोड ४८ लाख नै छ ।[५७] सामाजिक सञ्जाल नियमन गर्ने उद्देश्यले तत्कालीन सरकारले बन्द गरेपछि सामाजिक सञ्जालकै उपयोग गर्दै जेन-जी आन्दोलन भयो । अनि डिस्कर्ड नामको सामाजिक सञ्जालमै मतदान भई देशमा सुशीला कार्कीलाई प्रधानमन्त्री चयन गरियो । उनको सरकारले गराएको यो निर्वाचनमा सामाजिक सञ्जाल नै प्रतिस्पर्धाको वास्तविक मैदान बन्न पुग्यो । सामाजिक सञ्जालको उदयसँगै व्यक्तिका चालचलन र गतिविधि मात्रै बदलिएका छैनन्, सामाजिक जीवनको लय नै बदलिएको छ । त्यसैले यसले निर्वाचनमा पनि उल्लेख्य भूमिका खेलेको हुन्छ । निर्वाचनमा मुख्यतः दुई पक्ष हुन्छन् : भोट माग्ने अर्थात् दल र उम्मेदवार अनि भोट दिने अर्थात् मतदाता । यसमा तेस्रो पक्ष निर्वाचन आयोग हो जसले मतदान प्रक्रियालाई स्वच्छ, भयरहित, पारदर्शी र निष्पक्ष बनाउँछ । सामाजिक सञ्जालले यी तिनै पक्षलाई उल्लेख्य रूपमा सघाइरहेको छ ।

नेपाली समाजमा विद्यमान सामन्ती संस्कृतिले गर्दा सूचनाको नियन्त्रण सम्भ्रान्त वर्गले गरेका हुन्छन् र कुलीन वर्गले बोलेका विषयवस्तु सत्य मान्ने गरिन्छ । शिक्षा र साक्षरता दर कमजोर भएकाले व्यक्तिहरू आँखाले देखेका कुरामा बढी विश्वास गर्छन् । तर ती देखिएका सामग्री देखाउनकै लागि बनाइएका हुन् भन्ने ज्ञान सबैलाई उत्तिकै नहुन सक्छ ।

[५७] Datareportal. 2026. Digital Nepal: 2026. Available at https://datareportal.com/reports/digital-2026-nepal, accessed on April 16, 2026.

निर्वाचन प्रचार-प्रसारमा सामाजिक सञ्जालले उल्लेखनीय परिवर्तन ल्याइदिएको छ । पहिला उम्मेदवार र मतदाताबीच सूचना आदान-प्रदानमा प्रेस र प्रसारण माध्यमको भूमिका ठूलो थियो र ती नै मध्यस्थकर्ता बन्थे । तर अहिले सामाजिक सञ्जाल उम्मेदवार र मतदाताबीच प्रत्यक्ष संवादको माध्यम बनेको छ । यसले प्रचार-प्रसार टोलीलाई लक्षित समूहअनुसार सन्देश तयार गर्ने सुविधा दिएको छ । त्यसैले उमेर, रुचि, भूगोल आदिका आधारमा फरक-फरक सन्देश प्रवाह गर्न सकिन्छ । उम्मेदवारहरूले समसामयिक घटनामा तुरुन्त प्रतिक्रिया दिन सक्ने भएकाले मतदाताको चासो र चिन्ता छिटो सम्बोधन गर्न सक्छन् । त्यसमाथि मतदाताकहाँ पुग्ने र उनीहरूलाई प्रभावित गर्ने सहज, सरल, छरितो र भरपर्दो माध्यम हो सामाजिक सञ्जाल । पहिला प्रतिस्पर्धी उम्मेदवारबीच भाषणबाटै सवालजवाफ हुने गर्थ्यो । तर परिवर्तित सन्दर्भमा सामाजिक सञ्जाल नै त्यस्तो माध्यम बनेको छ । प्रधानमन्त्रीका रूपमा प्रस्तावित उम्मेदवारहरूबीच बहस चलाउने भन्दा केपी शर्मा ओलीले तयारै छु भनेको र बालेन्द्र शाहले ठाडै अस्वीकार गरेको सन्दर्भ यसको उदाहरण हो ।

उम्मेदवारले चुनावका लागि फेसबुक, टिकटक, एक्स, इन्स्ट्राग्रामबाट मत मात्रै होइन, आर्थिक सहयोगसमेत मागेको पाइयो । गतिशील लोकतान्त्रिक पार्टीकी उम्मेदवार निशा अधिकारी, रास्वपाकी रन्जु दर्शना र गणेश कार्की, मंगोल नेशनल अर्गनाइजेशनका प्रेमबहादुर थापा, नेपाली कांग्रेसका नरनारायण शाह, स्वतन्त्र उम्मेदवार महावीर पुन त्यस्ता केही उदाहरण हुन् । तीमध्ये केहीले त सामाजिक सञ्जालमै बैंक खाता र क्युआर कोड पनि सार्वजनिक गरेका थिए । विदेशमा रहेका नेपालीसँग निर्वाचनका लागि सहयोग अनुरोध पठाएपछि उम्मेदवार निशा अधिकारीविरुद्ध उजुरी परेको र आयोगले स्पष्टीकरणसमेत सोधेको थियो ।[५८]

सामाजिक सञ्जाल मतदाताका लागि निर्वाचनबारे सूचनाको स्रोत बनेको छ । को उम्मेदवार कस्ता छन् र तिनको विचार, उद्देश्य, लक्ष्य र योजना के कस्ता छन्, तिनको विगत कस्तो थियो जस्ता सूचना तिनले सामाजिक सञ्जालमार्फत सजिलै प्राप्त गर्न सक्छन् । यस्ता सूचनाले तिनलाई सही उम्मेदवार छनोट गर्न सघाउँछ । निर्वाचन आयोगलाई पनि मतदाता शिक्षाका साथै सबैखाले सूचना प्रवाहका लागि सामाजिक सञ्जालले उल्लेखनीय सहयोग दिएको छ । तर त्यसका साथै सामाजिक सञ्जालले केही चुनौती पनि ल्याइदिएको छ ।

[५८] बिजमाण्डू । २०८२ । भोटसँगै नोट माग्दै उम्मेदवार, पैसा उठाउन सामाजिक सञ्जालमै क्यूआर कोड र बैंक खाता । माघ १५ । https://bizmandu.com/content/20260129183813.html मा उपलब्ध; चैत ९, २०८२ मा हेरिएको ।

## ९.१. सामाजिक सञ्जालले ल्याएका चुनौती

सामाजिक सञ्जालले धेरै अवसरहरू मात्रै प्रदान गरेका छैनन्, तिनले यससँगै गम्भीर चुनौतीहरू पनि ल्याएका छन् । खासगरी गलत सूचना फिंजाउन यसको दुरुपयोग हुने गरेको छ । चुनावी अवधिमा झुटा वा भ्रामक सामग्री छिटो फैलिने प्रवृत्ति बढ्दो समस्या बनेको छ । प्रयोगकर्ता अत्यधिक हुनाले सूचनाको परिमाण अत्यधिक हुन्छ र तिनको गति पनि तीव्र हुनाले यसलाई नियन्त्रण गर्न सहज छैन । गलत सूचनाले मतदाताको धारणा प्रभावित गर्न सक्छ र तथ्य जाँच हुनुअगावै चुनावी परिणामलाई समेत असर पार्न सक्छ । नेपाल फ्याक्ट चेक डट ओआरजी, टेक पाना जस्ता फ्याक्ट चेक गर्ने संस्थाले निर्वाचनका क्रममा सयौँ भाइरल सामग्री गलत भएको तथ्य सार्वजनिक गरेका थिए ।[५९] तर ती भाइरल भइसकेका सामग्रीले के-कस्तो प्रभाव पारिसकेका थिए र गलत भएको तथ्य कति जनासम्म पुग्न सक्यो भन्ने केही लेखाजोखा छैन ।

अर्कोतर्फ, एल्गोरिदमले अघिल्लो गतिविधिका आधारमा सामग्री सिफारिस गर्ने भएकाले मानिसहरू प्रायः आफ्नै रुचिका सामग्री मात्र हेर्न पुग्छन् । त्यसैले यसले राजनीतिक ध्रुवीकरण गर्छ र एकैखाले विचार फैलाउने 'इको च्याम्बर' निर्माण गरिदिन्छ । फरक दृष्टिकोणसँग टाढै राखिदिन्छ । चुनावी प्रचार-प्रसारका क्रममा उम्मेदवारले पनि अत्यधिक पक्षपातपूर्ण सन्देश सामाजिक सञ्जालमार्फत मतदातामा पुऱ्याउने रणनीति अपनाउँछन् । यसरी सामाजिक सञ्जालले राजनीतिक सूचनामा व्यक्तिको पहुँच सहज बनाए पनि यसले लोकतान्त्रिक प्रक्रियाको पारदर्शिता र समावेशितामा नयाँ चुनौती पनि सिर्जना गरेको छ । खास गरी डिजिटल साक्षरता कमजोर हुनु, राजनीतिक दल र उम्मेदवार प्रविधिको दुरुपयोग गरी आफ्ना पक्षमा र प्रतिस्पर्धीको विपक्षमा सन्देश फिंजाउन लागिपर्नु र नियमन एवं अनुगमन संयन्त्र प्रभावकारी नहुनुले यसबाट नकारात्मक प्रभाव फैलिने जोखिम बढेको छ । सामाजिक सञ्जालका पोस्ट 'बुस्ट' गरिने भएकाले त्यसको पहुँच व्यापक हुन सक्छ तर बुस्टबापत हुने खर्च डलरमा हुन्छ र त्यसको आयतन पनि ठूलै हुन सक्छ । उम्मेदवारहरूले एकै पोस्ट बुस्ट गर्नका लागि २० हजार रूपैयाँ खर्च गर्ने र त्यस्तो डिजिटल व्यवस्थापनका लागि व्यापारिक संस्थालाई नै जिम्मा दिने गरिएको समाचारहरू आए ।[६०] डिजिटल मार्केटिङ कम्पनीहरूले प्रचारका नयाँ प्रविधिहरू

---

[५९] त्यस्ता केही उदाहरणका लागि हेर्नुहोस्, https://nepalfactcheck.org/news/page/6/ र https://techpana.com/factcheck/?tab=nepali&page=12

[६०] कान्तिपुर । २०८२ । आफ्नो प्रचारका लागि प्रतिपोस्ट २० हजारसम्म तिर्छन् उम्मेदवार । माघ १४ । https://ekantipur.com/technology/2026/01/28/candidates-pay-up-to-20000-per-post-for-their-campaign-33-21.html मा उपलब्ध; चैत २०, २०८२ मा हेरिएको ।

प्रयोग गरी उम्मेदवारका लागि नक्कली लाइक र कमेन्टमार्फत कृत्रिम लोकप्रियता सिर्जना गरेको समेत पाइन्छ ।[६१] तर यसरी डिजिटल माध्यममा हुने खर्चलाई सजिलै अनुगमन गर्न नसकिने हुनाले आयोगलाई उम्मेदवारले पेश गर्ने खर्च विवरणमा यसलाई समावेश नगरिने जोखिम पनि छ ।

कतिपय महिला उम्मेदवारहरूको सामाजिक सञ्जाल पोस्टको प्रतिक्रियामा अश्लील र घृणा भरिएका टिप्पणी पाइयो । काठमाडौँ क्षेत्र नं. ५ की उम्मेदवार निशा अधिकारीले आफूमाथि गरिएका त्यस्ता टिप्पणीलाई फेसबुकमै शेयर गरेकी थिइन् ।[६२] नागरिक उन्मुक्ति पार्टीकी कञ्चनपुर-२ की उम्मेदवार प्रेमवती रानाका अनुसार सामाजिक सञ्जालमा हुने नकारात्मक टिप्पणी र 'ट्रोलिङ' ले आफूहरूलाई मानसिक रूपमा हतोत्साही बनाउने गरेको छ ।[६३] यसले डिजिटल प्लेटफर्म केवल प्रचारको माध्यम नभई उम्मेदवारका लागि मानसिक दबाब र 'साइबर बुलिङ' को स्रोतसमेत बनिरहेको पुष्टि गर्छ ।

निर्वाचन आयोगले सामाजिक सञ्जालमार्फत गरिने गाली, घृणा, भ्रामक सूचना आदिलाई नियमन गर्न हरसम्भव प्रयत्न गरेको थियो । आचारसंहिता २०८२ मा सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषणजस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुने प्रावधान राखिएको थियो । सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमरोड गरी गराई सामाजिक सञ्जालमा शेयर, ट्याग, कमेन्ट वा प्रतिकमेन्ट गर्न वा गराउन नहुने सन्देशसमेत उक्त आचारसंहितामा थियो ।

युएनडिपीले इमनिटर प्लस भन्ने अनुगमन गर्ने संयन्त्रमार्फत निर्वाचन आयोगलाई सहयोग गरेको थियो ।[६४] त्यसबाहेक निर्वाचन आयोगले नेपाली सेनाको साइबर सुरक्षा निर्देशनालय र नेपाल प्रहरीको साइबर ब्युरोको टोलीसमेत परिचालन गरेको थियो । आयोगको निर्वाचन

[६१] बराल, सजना । २०८२ । सामाजिक सञ्जालमा चुनाव जिताउने 'प्याकेज' । *कान्तिपुर*, माघ १४ । https://ekantipur.com/news/2026/01/28/election-winning-package-on-social-media-53-00.html मा उपलब्ध; चैत २०, २०८२ मा हेरिएको ।

[६२] दर्जी, अर्चना । २०८२ । सामाजिक सञ्जालमा महिला उम्मेदवारको मानमर्दन । *हिमाल खबर*, माघ २९ । www.himalkhabar.com/144777/hate-speech-to-women-candidate-in-social-media मा उपलब्ध; चैत २०, २०८२ मा हेरिएको ।

[६३] रानासँग फागुन १७, २०८२ मा गरिएको कुराकानी ।

[६४] UNDP. 2026. "This Time I Voted for the New". March 18. Available at https://www.undp.org/stories/time-i-voted-new; accessed on April 1, 2026.

सूचना सम्प्रेषण तथा समन्वय केन्द्र अन्तर्गत सञ्चालनमा रहेको सूचना सदाचार प्रवर्द्धन एकाईले फागुन ८ देखि १४ सम्ममा कूल ६१२ वटा हानिकारक सूचना पत्ता लगाएको थियो। तीमध्ये विद्युतीय कारोबार ऐन, २०६३ आकर्षित हुने ५४५ वटालाई नेपाल प्रहरीमा, निर्वाचन आचारसंहिता, २०८२ आकर्षित हुने १२१ वटालाई केन्द्रीय आचारसंहिता अनुगमन समितिमा, प्रेस काउन्सिल ऐन, २०४८ आकर्षित हुने ७४ वटालाई प्रेस काउन्सिलमा, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ आकर्षित हुने एउटालाई विज्ञापन बोर्डमा कारबाहीका लागि लेखी पठाइएको थियो।[६५] यसरी पठाइएकामध्ये फागुन १४ सम्ममा नेपाल प्रहरीले १३२ वटा (३९%) लाई, केन्द्रीय आचारसंहिता अनुगमन समितिले ९० वटा (७४%) लाई, प्रेस काउन्सिल नेपालले ३२ वटा (४३%) लाई कारबाही गरेको थियो।

द *काठमाण्डु पोस्ट*ले रुटिन अफ नेपाल बन्द, ताजा खबर, नाज इन्टरटेनमेन्ट, मीम नेपाल, लोल नेपाल जस्ता अत्यधिक फलोअर्स भएका र सक्रिय २४ फेसबुक पेजहरूमा पुस ८ देखि माघ ८, २०८२ सम्म (डिसेम्बर २३, २०२५ देखि जनवरी २२, २०२६ सम्म) प्रकाशित ४,७५४ पोस्टहरू अध्ययन गरेको थियो।[६६] उक्त अध्ययनअनुसार राजनीतिक सामग्रीमध्ये आधाभन्दा बढी (५४.१%) रास्वपाको पक्षमा थिए र यो सङ्ख्या नेपाली कांग्रेस र नेकपा (एमाले) को संयुक्त कभरेजभन्दा निकै बढी हो। रास्वपाबारे प्रकाशित सामग्रीमा नीतिगत बहस नभई धेरै ध्यान रास्वपा, यसको नेतृत्व र नयाँ दलको बिम्बमा थियो। कुनै पनि राजनीतिक दलसँग औपचारिक रूपमा आबद्ध नभएका यी पेजहरूले प्रायः समाचार र मनोरञ्जनका सामग्री पोस्ट र शेयर गर्छन्। यसप्रकार निर्वाचन २०८२ मा रास्वपाको पक्षमा एल्गोरिदमले व्यापक प्रभाव पारेको दावी गरिँदै आएको छ।[६७]

उत्तरी हिमाली र पहाडी जिल्लामा इन्टरनेटको सहज पहुँच थिएन। निर्वाचनको परिणाममा ती स्थानमा रास्वपाको प्रभाव कम देखिनुलाई यस दलको डिजिटल प्रचारसँग जोड्न सकिन्छ।

---

[६५] निर्वाचन आयोग नेपाल। २०८२। संवत् २०८२ साल फागुन ०८ गतेदेखि फागुन १४ गतेसम्म सम्पादित मुख्य कार्यहरू। फागुन १५। https://ebulletin.election.gov.np/2026/02/2982/ मा उपलब्ध; चैत २०, २०८२ मा हेरिएको।

[६६] Dudraj, Daya. 2026. How Facebook's algorithm is amplifying one-party over-all others. *The Kathmandu Post*, February 23. Available at https://kathmandupost.com/politics/2026/02/23/how-facebook-s-algorithm-is-amplifying-one-party-over-all-others, accessed on April 1, 2026.

[६७] दाहाल, गोपाल। २०८३। एल्गोरिदमको खतरनाक खेल। *नेपालन्यूज*, वैशाख १। https://nepalnews.com/2026/04/14/the-dangerous-game-of-algorithms/ मा उपलब्ध; वैशाख २, २०८३ मा हेरिएको।

निःसन्देह रास्वपाप्रति जनआकर्षणको एउटा माध्यम सामाजिक सञ्जाल थियो । तर निर्वाचन प्रचार-प्रसारकै अवधिमा सामाजिक सञ्जालमा गरिएको गतिविधिकै कारण मात्र त्यस्तो भएको थिएन । यो त लामो अवधिदेखि तत्कालीन रास्वपा र बालेन्द्र शाहप्रतिको सहानुभूति तथा अन्य ठूला दलहरूको काम कारबाहीप्रति निरासाबारे सामाजिक सञ्जालमा भइरहेको क्रिया प्रतिक्रियाको उद्बोधन थियो ।

## ९.२. चुनाव प्रचारका लागि सूचना प्रविधिमा पोख्त समूह

दाङ, सुनसरी, तेह्रथुम र कञ्चनपुरजस्ता जिल्लामा दलहरूले छुट्टै 'मिडिया टिम' र वडा तहसम्मै 'सामाजिक सञ्जाल समिति' परिचालन गरी सकारात्मक सामग्री प्रवर्द्धन र नकारात्मक टिप्पणीको प्रतिवाद गर्ने रणनीति लिएको डीआरसीएनको पर्यवेक्षणका क्रममा पाइयो । ह्वाट्सएप, भाइबर ग्रुपमार्फत व्यक्तिगत संवादलाई तीव्रता दिएको उम्मेदवारहरूले बताए । निर्वाचनका बेला अधिकांश उम्मेदवारहरूले घरदैलो र कोणसभाका तस्बिर पोस्ट गर्न र घरदैलो योजनाबारे सूचना दिन आफ्नो व्यक्तिगत फेसबुक अकाउन्ट प्रयोग गरेका थिए । दलीय सङ्गठनमा आबद्ध सञ्चारकर्मीहरू नै सोसल मिडिया परिचालन गर्ने समितिमा थिए । सुनसरीमा नेकपा (एमाले) ले दल निकटका सूचना प्रविधिका विद्यार्थीलाई यस काममा परिचालन गरेको थियो ।

सामाजिक सञ्जालमा बढी सक्रिय भई आकर्षक सामग्री राख्न सके धेरै मतदाताको नजरमा परिने र मत आउने सम्भावना बुझे पनि सबै उम्मेदवारले उत्तिकै सक्रियतापूर्वक सामाजिक सञ्जाल चलाउन सकेका थिएनन् । केही उम्मेदवारले आफैले नै सामाजिक सञ्जाल सामान्य हिसाबले सञ्चालन गरेका थिए । राष्ट्रिय परिवर्तन पार्टी तेह्रथुमकी उम्मेदवार उषालक्ष्मी तुम्बाहाम्फे र राप्रपा सल्यानकी उम्मेदवार अनिशा नेपालीले आफैले सामाजिक सञ्जालमा सामग्री राख्ने गरेको बताए ।[६८] आफ्नो दलले त्यति प्रभावशाली तरिकाले सामाजिक सञ्जाल उपयोग गर्न नसकेको स्वीकार्दै नेपाली कांग्रेस दाङका सभापति शंकर डाँगीले भने, "हामीमा इतिहासलाई फर्केर नहेर्ने, सामाजिक सञ्जालको पछि लाग्ने बानी भइसक्यो । डिजिटलाइजेशनको शिकार अहिले पुराना दल भइराखेका छन् । चुनाव गाउँमा भन्दा सामाजिक सञ्जालमा धेरै लागेको छ । हामीले आफूलाई समयअनुसार बदल्न र यो डिजिटलाइजेशनको समयलाई अँगाल्न सकेनौँ जस्तो लाग्छ ।"[६९]

---

[६८] तुम्बाहाम्फेसँग फागुन १३, २०८२ र नेपालीसँग फागुन १४, २०८२ मा गरिएको कुराकानी ।

[६९] डाँगीसँग फागुन १२, २०८२ मा गरिएको कुराकानी ।

## ९.३. फेसबुकमा उम्मेदवारको पोस्टबारे अध्ययन

डीआरसीएनले सामाजिक सञ्जालमा भएको चुनावी गतिविधि अध्ययन गरेको थियो। यसका लागि २५ जना उम्मेदवारहरूका फेसबुक पोस्टलाई मिहीन ढङ्गले अवलोकन गरिएको थियो। तीमध्ये रास्वपाका छ जना, नेकपाका पाँच, नेपाली कांग्रेसका चार, नेकपा (एमाले) का चार, उज्यालो नेपाल पार्टी, राप्रपा, जनमत पार्टी, श्रम संस्कृति पार्टी, समावेशी समाजवादी पार्टी र स्वतन्त्रबाट एक-एक जना थिए। तिनीहरूको उम्मेदवारी मनोनयन (माघ ६) देखि निर्वाचनको दिन (फागुन २१) सम्मको अवधिमा उम्मेदवारहरूले कस्ता राजनीतिक सन्देश कसरी प्रस्तुत गरे भन्नेबारे अध्ययन गरिएको थियो (हेर्नुहोस्, तालिका २)।

अध्ययनमा समावेश गरिएका उम्मेदवारमध्ये सबैभन्दा धेरै फलोअर्स भएका उम्मेदवार बालेन्द्र शाह थिए। उनले आफ्नो फेसबुकमा यो अवधिभर जम्मा २५ वटा सामग्री पोस्ट गरेका थिए। उनका पोस्टहरूमा, चुनावको दिन उनले भोट हालेको फोटोबाहेक, प्रत्यक्ष रूपमा चुनावसँग सम्बन्धित कुनै पनि सामग्री थिएनन्। त्यसैले उनको सामाजिक सञ्जाल मात्र हेर्ने हो भने उनी कुन दलबाट चुनाव लड्दै छन् भन्ने समेत स्पष्ट हुँदैन। रास्वपाका दुवै शीर्ष नेताहरू रवि लामिछाने र बालेन्द्र शाहले आफ्नो व्यक्तिगत फेसबुक अकाउन्टमार्फत सक्रिय रूपमा कुनै चुनावी प्रचार-प्रसार गरेको देखिँदैन। रास्वपाको आधिकारिक फेसबुक पेजमार्फत भने यो अवधिमा सक्रिय रूपमा दल तथा उम्मेदवारको प्रचार-प्रसार गरिएको छ, जसमा उम्मेदवारको शैक्षिक योग्यतादेखि लिएर उनीहरूले विगतमा गरेका काम पनि चर्चा गरिएको छ।

**तालिका २ : उम्मेदवारले फेसबुकमा पोस्ट गरेको विवरण**

| क्र. सं. | उम्मेदवारको नाम | राजनीतिक दल | पोस्ट सङ्ख्या | विशेषता |
|---|---|---|---|---|
| १ | अमरेशकुमार सिंह | रास्वपा | ११३ | घरदैलोको फोटो/भिडियो, पहिचानवादी राजनीति, एउटा मधेसी प्रधानमन्त्री हुने भएकाले रास्वपालाई भोट। |
| २ | कुलमान घिसिङ | उज्यालो नेपाल पार्टी | १४ | उर्जा क्षेत्रमा आफ्नो उपलब्धिबारे सामग्री, भाषण गर्नेभन्दा काम गर्नेलाई भोट दिनुपर्ने अपील। चुनावी प्रचार-प्रसारसम्बन्धी कम सामग्री, घरदैलो वा चुनावी सभाबारे पोस्ट नभएको। |

| | | | | |
|---|---|---|---|---|
| ३ | केपी शर्मा ओली | नेकपा (एमाले) | ५६ | आफू र दलकेन्द्रित प्रचार-प्रसार, भावनात्मक कथावाचन, भिडियोमार्फत 'देश बचाउन एमाले' भन्ने राष्ट्रवादी अपील, अनुभवी नेतृत्व र स्थायित्वमा जोड, झापा केन्द्रित घरदैलो अभियानका सामग्री। |
| ४ | गगनकुमार थापा | नेपाली कांग्रेस | ११६ | उपलब्धि (विशेषगरी स्वास्थ्य मन्त्री कार्यकाल) देखाएर विश्वास आर्जन प्रयास, 'बदलियो कांग्रेस, बदल्छौँ देश' भन्ने नारा प्रयोग, नीति र योजनासहित दलको प्रचार पनि सँगसँगै गरिएको, युवामुखी कन्टेन्ट प्रयोग। |
| ५ | चन्द्रकान्त (सीके) राउत | जनमत पार्टी | ३०३ | मधेसी पहिचानमा आधारित राजनीतिक अपील, किसानका मुद्दा, 'सीके राउत किन' शृङ्खलामार्फत आफूलाई अरू मधेसी नेताभन्दा फरक भएको दाबी। |
| ६ | जुलीकुमारी महतो | नेकपा (एमाले) | १३९ | भिडियो-प्रधान घरदैलो र पूजा/मन्दिरका गतिविधि, आत्म प्रचारका सामग्री, 'मिथिला के बेटी' जस्ता पहिचान-आधारित सन्देश, पोस्टहरूमा प्रतिक्रिया कम। |
| ७ | ज्ञानेन्द्र शाही | राप्रपा | ६३ | घरदैलोबाट जनतासँग विश्वास निर्माण, जुम्लाका भू-दृश्य र गाउँलाई देखाउने भिडियो-प्रधान सामग्री, उच्च सकारात्मक सन्देशसहित क्षेत्रीय पहिचानमा जोड। |
| ८ | टासी ल्हान्जोम | रास्वपा | १९२ | घरदैलो-प्रधान भिडियो/फोटो, आफूलाई भन्दा दललाई अगाडि सारिएका सामग्री, भावनात्मक सामुदायिक अन्तरक्रिया, आलोचना शून्य, सीमित नीति सन्देश। |
| ९ | निश्कल राई | नेपाली कांग्रेस | ८२ | चुनावका लागि फरक फेसबुक पेज सञ्चालन गरेर त्यसमार्फत सक्रिय, इलामकेन्द्रित नीति (कृषि, पर्यटन), आत्म प्रवर्द्धनसँगै नीति सन्देश, दलका पोस्टहरू शेयर, युवा नेतृत्व भन्ने सन्देश। |
| १० | नुमा लिम्बु | समावेशी समाजवादी पार्टी | १८२ | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको समावेशिता केन्द्रित पहिचान राजनीति, धार्मिक र आत्म-प्रेरणादायी पोस्टहरू, पोस्टहरूमा प्रतिक्रिया कम। |

| | | | | |
|---|---|---|---|---|
| ११ | पुष्पकमल दाहाल | नेकपा | ५३ | आफ्नै भाषणका लामा भिडियो र विभिन्न जिल्ला भ्रमणका सामग्री, दलीय प्रचार-प्रसार र समन्वय कार्यक्रमका सामग्री, 'साँचो नयाँ पार्टी नेकपा' भन्ने सन्देश। |
| १२ | पृथ्वीसुब्बा गुरुङ | नेकपा (एमाले) | १३४ | घरदैलो गरिएका सामग्री, गाउँबाटै काम भन्ने दृष्टिकोण, पूर्वाधार परियोजनामा आधारित नीति सन्देश, आफ्ना अघिल्ला काम देखाएर विश्वसनीयता निर्माणको प्रयास। |
| १३ | प्रदीप पौडेल | नेपाली कांग्रेस | ११७ | घरदैलोका लागि फेसबुक इभेन्ट प्रयोग, दलको नीतिसँग मिल्ने नीति सन्देश, गगन थापाप्रति समर्थन र विश्वास, दलका नीतिसम्बन्धी पोस्ट शेयर गरिएको। |
| १४ | बालेन्द्र शाह | रास्वपा | २५ | विभिन्न जिल्लामा पुगेका आफ्नै तस्बिर, पर्वमा शुभकामना दिएको, तिनमा धेरै लाइक, शेयर र कमेन्ट, तर भिडियो सामग्री, आफ्नो राजनीतिक दल र त्यसको नीतिबारे वा चुनाव प्रचारसम्बन्धी कुनै पोस्ट नभएको। |
| १५ | महावीर पुन | स्वतन्त्र उम्मेदवार | १४३ | अपरिष्कृत भिडियो-प्रधान सामग्री, घरदैलो (राति समेत) र प्रत्यक्ष जनसम्पर्क, औपचारिक प्रचारभन्दा संवादात्मक र अनौपचारिक शैली, 'विश्वास भए मात्र भोट दिनु' भन्ने अपील। |
| १६ | माधवकुमार नेपाल | नेकपा | ५५ | निर्वाचन क्षेत्रकेन्द्रित घरदैलो अभियानका सामग्री, भावनात्मक पृष्ठसङ्गीतसहित भिडियो, आफ्ना अघिल्लो काम/उपलब्धिमाथि विशेष जोड, भोजपुरी भाषामार्फत स्थानीयसँग जोडिने र विश्वसनीय बन्ने प्रयास। |
| १७ | रञ्जित तामाङ | नेकपा | २४८ | आत्म प्रचारकेन्द्रित सामग्री, आफू किन योग्य उम्मेदवार भन्ने व्याख्या, प्रचारका भिडियो, युवापुस्तासँग जोडिने प्रयास, नीतिसम्बन्धी सन्देश, घरदैलो-प्रधान गतिविधि, जनताको विश्वास जितेर अघि बढ्ने प्रण। |


| | | | | |
|---|---|---|---|---|
| १८ | रन्जु दर्शना | रास्वपा | २८२ | छोटो रील/क्लिप-प्रधान सामग्री, मन्दिरमा आफू गएका तस्बिर, अरूले समर्थन गरेका भिडियो, 'परिवर्तनका लागि घण्टी' भन्ने सन्देश, युवामुखी, भावनात्मक ब्रान्डिङ जस्तै- मातृत्व । |
| १९ | रवि लामिछाने | रास्वपा | १२ | परम्परागत दल/नेतामाथि आलोचना, रास्वपालाई परिवर्तनको बाहकका रूपमा प्रस्तुत । |
| २० | रेनु दाहाल | नेकपा | ७६ | घरदैलो-केन्द्रित पोस्ट/भिडियो धेरै प्रयोग गरिएको, नगरप्रमुख भई आर्जेको अनुभव संसद्मा लैजाने सन्देश । |
| २१ | विश्वदिप पाण्डे | नेकपा | १३८ | घरदैलो-आधारित भिडियो/फोटो, भिडियो-प्रधान कन्टेन्ट धेरै, 'युवा/नयाँ अनुहार' भन्ने सन्देशद्वारा परिवर्तनको ब्रान्डिङ, सुकुम्बासीका समस्या समाधान गर्ने आश्वासन । |
| २२ | शेखर कोइराला | नेपाली कांग्रेस | १३ | नीतिसम्बन्धी केही र आत्मप्रवर्द्धन गर्ने केही पोस्ट । तर दलप्रवर्द्धनबारे केही छैन, 'बदलिएको कांग्रेस' भनी अरूले गरेका दाबी उनले गरेनन् । |
| २३ | सुहाङ नेम्बाङ | नेकपा (एमाले) | ३२ | घरदैलो-केन्द्रित भिडियो, किसान र इलाम विकाससम्बन्धी नीति सन्देश, विश्वास आर्जन गर्ने ध्येयले निर्मित आत्मप्रचारका सामग्री, दलभन्दा व्यक्तिगत पहिचानमा जोड, राष्ट्रवादी सङ्गीत प्रयोग । |
| २४ | सोविता गौतम | रास्वपा | १५७ | भिडियो-प्रधान घरदैलो सामग्री, विश्वास आर्जन गर्ने ध्येयले निर्मित आत्मप्रचारका सामग्री, सरकारी प्रक्रिया/जानकारी बुझाउने सामग्री, कम नकारात्मक, केही पोस्ट अत्यन्त भाइरल । |
| २५ | हर्क साम्पाङ | श्रम संस्कृति पार्टी | ३,८४६ | अत्यधिक सक्रियता र सबैभन्दा धेरै पोस्ट भएको, राष्ट्रवादी र विदेशी हस्तक्षेप विरोधी सामग्री, घरदैलो र विभिन्न जिल्लामा दलको चुनावी सभासम्बन्धी सामग्री । |

रास्वपाका अन्य उम्मेदवारहरू जस्तै रन्जु दर्शना, अमरेशकुमार सिंह, टासी ल्हान्जोम लगायतका उम्मेदवारले भने सक्रिय रूपमा फेसबुकमार्फत आफ्नो चुनावी प्रचार-प्रसार गरेको पाइन्छ। रास्वपाका उम्मेदवारहरूको पोस्टमा पाइने एक प्रमुख भाष्य भने परिवर्तन हो। 'अब मत बदलौँ' भन्नेदेखि लिएर 'भविष्यका लागि रास्वपालाई भोट हालौँ' भन्ने नाराको प्रयोग र देशको दल भनेकै रास्वपा हो भन्ने अभिव्यक्ति उम्मेदवारहरूको पोस्टमा देखिन्छ। मधेसमा पहिचानको विषय उठाइएको छ । 'मधेसको एक छोरा' प्रधानमन्त्री बन्ने हुँदा रास्वपालाई भोट दिनुपर्ने र यसले जित्नु भनेको मधेसले जित्नु हो भन्ने आशय सर्लाही-४ का उम्मेदवार अमरेशकुमार सिंहको पोस्टमा देखिन्छ।

रास्वपाका उम्मेदवारका प्रचार सामग्री सापेक्षतः आकर्षक थिए । किनभने तिनमा ग्राफिक डिजाइन राम्ररी प्रयोग भएको थियो। यही प्रवृत्ति केही हदसम्म नेपाली कांग्रेसका केही उम्मेदवारहरूको पोस्टमा र नेपाली कांग्रेसको आधिकारिक फेसबुक पेजमा पनि देख्न सकिन्छ। तर, नेकपा (एमाले) र नेकपाका उम्मेदवारका पोस्टरको डिजाइनमा एकरूपता कम देखिन्छ र ग्राफिक्सको प्रयोग पनि कमै पाइन्छ।

रास्वपाका उम्मेदवारले आफूलाई नयाँ भनी मत मागेका थिए भने अरू दलका उम्मेदवारहरूले आफूलाई अनुभवी नेतृत्व दावी गरी मत मागेका थिए। यद्यपि, नयाँ राम्रो भन्ने भाष्य सामाजिक सञ्जालमा व्यापक भएकाले उम्मेदवारहरूले आफूलाई जति सक्दो राम्रो र 'नयाँ' भनी स्थापित गर्न खोजिएको पाइन्छ। पुराना दलका उम्मेदवारले आफूसँग नयाँ विचारका साथै अनुभव पनि भएको भन्दै प्रचार गरेका थिए भने युवालाई लक्षित गरेर केही पोस्टहरू स्थापित दलहरूले प्रयोग गर्न खोजेको देखिन्छ।

फेसबुकमा नीतिप्रधान सन्देश अन्य सामग्रीको तुलनामा कमै थिए। सबैभन्दा धैरै त्यस्ता सामग्री पोस्ट गर्नेमा क्रमशः सुहाङ नेम्वाङ, निश्कल राई, गगन थापा, रन्जु दर्शना र विश्वदिप पाण्डे थिए (हेर्नुहोस्, चित्र १)। तीमध्ये गगन थापाले समग्र देशको शिक्षा, स्वास्थ्य, अर्थतन्त्र, वातावरण, समावेशीकरण आदिबारे छुट्टछुट्टै नीति पोस्टमा राखेका छन्। सुहाङ नेम्बाङ र निश्कल राईले भने इलामको विकासका आफ्ना नीति र योजना प्रस्ट्याउने पोस्ट राखेका छन्। साथै, रन्जु दर्शनाले मानसिक स्वास्थ्य, मातृत्व र वातावरणसम्बन्धी नीति र योजनालाई प्राथमिकतामा राखेको देखिन्छ।





*चित्र १ : नीतिप्रधान सन्देशमध्ये धेरै पोस्ट भएका पाँच उम्मेदवार ।*

चुनावको प्रचार-प्रसार अवधिमा राष्ट्रियतालाई धेरै उपयोग गर्ने नेतामध्ये हर्क साम्पाङ अग्रस्थानमा देखिन्छन् (हेर्नुहोस्, चित्र २) । उनका पोस्टहरूमा 'अमेरिकी साम्रज्यवाद' को व्यापक विरोध गरिएको छ । उदाहरणका लागि, उनका सामग्रीमा आफ्नो दलले जितेमा एमसीसी खारेज गर्ने, एसपीपी पास हुन नदिने र देश बेचिनबाट जोगाउने भन्दै आफूलाई भोट दिनुपर्ने दाबी गरेका छन् । उनले राष्ट्रियता सङ्कटमा परेको डरको सन्देश पोस्टमार्फत सिर्जना गर्न खोजेका छन् । साथै, यो अवधिमा सबैभन्दा धेरै पोस्ट (३,८४६) पनि साम्पाङले नै गरेका छन् । राष्ट्रियताको भाष्य, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीका पोस्टमा पनि देखिन्छ । उनका पोस्टहरूमा भने भदौ २४ लाई हाइलाइट गर्दै, देश जलाउनेलाई नभएर, देश बचाउनेलाई भोट हाल्नुपर्ने तर्क गरिएको पाइन्छ । त्यस्तै, नेकपाका नेताहरूका पोस्टमा उक्त दल पनि नयाँ भएकाले यसलाई भोट दिँदा देशलाई राम्रो हुने सन्देश भेटिन्छ । साथै, पुष्पकमल दाहालका फेसबुक पोस्टमा विभिन्न जिल्लामा उनले चुनावी सभामा भाषण गरेका लामा भिडियोहरू छन् ।

नेपाली कांग्रेसका सभापति गगन थापाले आफू स्वास्थ्य मन्त्री हुँदाको काम देखाउनुका साथै 'बदलियो कांग्रेस, बदल्छौँ देश' भन्ने नारा स्थापित गर्न खोजेका छन् । उनको पोस्टमा नीति र योजनासहित आफ्नो उम्मेदवारीको मात्र नभई दलकै लागि मत मागेको पाइन्छ । त्यस्तै, जनमत पार्टीका अध्यक्ष सीके राउतले पहिचानवादी राजनीतिसम्बन्धी सामग्री व्यापक

प्रयोग गरेका छन् । आफू अन्य मधेसवादी दलका नेताभन्दा फरक र सक्षम भएको तर्क गर्दै मधेसका मुद्दाहरू मधेसकै सङ्घर्ष र आन्दोलनबाट आएका नेताहरूले मात्र राम्रोसँग बुझ्न र सदनमा उठाउन सक्ने भएकाले आफू र आफ्नो दललाई जिताउन उनले अनुरोध गरेका छन् । मधेसी पहिचान झल्किने पोस्ट जुलीकुमारी महतो र अमरेशकुमार सिंहले पनि गरेका छन् । त्यस्तै, समाजवादी समावेशी पार्टीकी उम्मेदवार नुमा लिम्बुका पोस्टमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको मुद्दाले प्राथमिकतामा पाएको छ ।




*चित्र २ : राष्ट्रियताको सन्देश दिने धेरै पोस्ट भएका पाँच उम्मेदवार ।*

सामाजिक सञ्जाल अहिले केवल सूचना दिने माध्यम होइन, यो त भावनात्मक समर्थन र भाष्य निर्माण गर्ने डिजिटल मैदान बनेको स्पष्ट देखिन्छ । त्यसैले पोस्टमा कति कमेन्ट, शेयर र लाइक भयो भन्नेले पनि अर्थ राख्छ । डीआरसीएनले अध्ययन गरेका उम्मेदवारको फेसबुक पोस्टमा त्यस्तो खालको इङ्गेजमेन्टमा व्यापक विविधता देखिन्छ । उम्मेदवारको उमेर, राजनीतिक अनुभव, लिङ्ग, पोस्टको भाषा, भावनात्मक टोन र व्यक्तित्व-निर्माण जस्ता पक्षले तिनको इङ्गेजमेन्टलाई प्रभाव पारेको पाइन्छ । त्यसबाहेक राजनीतिक दल, विचारधारा वा नीतिभन्दा व्यक्तिको शैली, बोली, प्रतिरोधको छवि र भावनात्मक भाषाले पनि इङ्गेजमेन्टको स्तर निर्धारण गरेको छ ।

निर्वाचनमा पहिलो वा दोस्रो पटक र थुप्रै पटक उम्मेदवार भएका नेताहरूबीच सामाजिक सञ्जालको प्रभावकारितामा ठूलो खाडल देखिन्छ । निर्वाचनमा थुप्रै पटक सहभागी नेताहरूको पोस्टमा औसत प्रतिक्रिया २,६०० को हाराहारीमा सीमित हुँदा बालेन्द्र शाह, रवि लामिछाने, हर्क साम्पाङ र सोविता गौतम जस्ता नयाँ नेताका पोस्टमा औसत प्रतिक्रिया करिब ४,९०० भन्दा बढी छ । नयाँ पुस्ताका नेताहरूको पोस्टमा औपचारिक र संस्थागत भाषाभन्दा भावनात्मक र जनबोलीको भाषा प्रयोग गरेको पाइन्छ । उदाहरणका लागि हर्क साम्पाङको यो स्टाटस लिन सकिन्छ; "निकै फुरफुर र चुरचुर गरेको देखिन्छ ! अबको ५ दिनमा थाहा भै हाल्छ ! श्रम संस्कृतिको सरकार बन्छ नै ! जय माटो ! जय देश !" उनले कुनै औपचारिकताबिना आममानिसले जसरी सिधै आफ्नो धारणा राखेका छन् । महावीर पुनले पनि दरबाङ बजारमा राति ७ बजे भएको चुनाव प्रचार-प्रसारको भिडियोमा "जिन्दगीमा खुब रमाइलो भएको छ ।" भन्दै सरल शैलीमै पोस्ट गरेका छन् । बालेन्द्र शाहले "सुदूर अब दूर नाई, झिक्कै झिक्कै माया तम्लाई" भनी सुदूरपश्चिमको जनबोलीमा पोस्ट लेखेका छन् । तर विगतमा पटक-पटक निर्वाचनमा उम्मेदवार भएका नेताहरूले भने औपचारिक भाषा प्रयोग गरेका छन् । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले "देश बदल्न तपाईंको मतको योगदान महत्त्वपूर्ण हुनेछ !" जस्ता क्लिसे पोस्ट पटक-पटक गरेका छन् । त्यस्तै नेकपाका माधवकुमार नेपालले "रौतहटका मतदाताको यो विश्वासलाई सदैव कायम राख्नेछु । यस पटकको भोट 'तारा' चिह्नमा ।" भन्ने आशयका पोस्ट दोहोऱ्याई तेहेऱ्याई गरेका छन् ।

प्रायः उम्मेदवारहरूले फोटो र भिडियोलाई अत्यधिक प्राथमिकता दिएको पाइन्छ । त्यसैले छोटा भिडियो, रील्स र लाइभ भिडियोहरूको प्रयोग व्यापक भएको छ । साथै, कार्यक्रम, भाषण र भेटघाटका दृश्यहरू पनि त्यहाँ प्रशस्त पाइन्छन् । यसले सामाजिक सञ्जालमा दृश्यात्मक र आकर्षक सामग्रीको प्रभाव बढ्दै गएको देखाउँछ । साथै, सबैभन्दा धेरै लाइक, कमेन्ट र शेयर पनि फोटो र भिडियो सामग्रीमा नै देखिन्छ । इङ्गेजमेन्टका हिसाबले सबैभन्दा अगाडि बालेन्द्र शाह देखिन्छन् । उनका पोस्टहरूको औसत इङ्गेजमेन्ट अरू नेताको तुलनामा धेरै बढी छ । ८६,००० पटक शेयर भएको उनको झिक्कै झिक्कै माया तम्लाई लेखेको पोस्टमा ८१२,३०० लाइक र ९४,३०० कमेन्ट आएका थिए । विशेषगरी उनका छोटा, प्रतीकात्मक र सरल भाषाका पोस्टहरूमा थुप्रै प्रतिक्रिया देखिन्छ । शाहले विभिन्न क्षेत्रका धार्मिक तथा साँस्कृतिक पहिचानलाई अप्रत्यक्ष रूपमा आफ्नो भावना उजागर गर्ने माध्यम बनाएका छन् । प्रत्यक्ष हेर्दा कुनै दल विशेषलाई उल्लेख नगरिकन सबै समुदायको पर्व, खेलकुद, पर्यटन सौन्दर्य आदिबारे उनले आफ्नो पोस्टको सामग्री बनाएका छन् । उनले जातीय तथा क्षेत्रीय पहिचानको राजनीतिको महत्त्वलाई ध्यान दिएर नै यस्तो गरिएको बुझिन्छ ।

रवि लामिछानेले भने 'सङ्घर्ष', 'अन्याय', 'जनताको साथ' जस्ता शब्दावली बारम्बार प्रयोग गरेका छन् । उनले आफ्नो राजनीतिक छविलाई एउटा व्यक्तिगत लडाइँको कथासँग जोडेका छन् । उनको भावनाले समर्थनमात्र नभएर साथको पनि आह्वान गर्छ । त्यसैले उनका पोस्टहरूमा कमेन्ट र शेयरको सङ्ख्या उच्च छ । यस्तै भावनात्मक पोस्ट पुष्पकमल दाहालको पनि छ । उनले भ्यालेन्टाइन्स डेका अवसरमा दिवंगत पत्नी सीताप्रति समर्पण गर्दै लेखेको पोस्टमा "जीवन-मृत्युका अनेक उतार-चढावमा" पत्नीले दिएको साथ र "उकाली-ओराली तथा कुना-कन्दरामा" समेत सँगै हिँडेको सङ्घर्षपूर्ण यात्रालाई स्मरण गरेका छन् । साथै, "महिला अधिकार तथा उत्पीडित वर्गको हक-हितका लागि निरन्तर लडिरहनेछु" भन्ने प्रतिबद्धता पनि त्यहाँ जोडेका छन् ।

नेपाली कांग्रेस, नेकपा र रास्वपाका अध्यक्षले देशका विभिन्न जिल्लामा गएर चुनावी सभा गरेका र त्यससम्बन्धी सामग्री पोस्ट गरेका थिए भने नेकपा (एमाले) का अध्यक्ष केपी ओलीले भने अन्य जिल्ला भ्रमण नगरेका हुनाले उनका पोस्टहरू झापाकै सेरोफेरोका छन् । केपी ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल जस्ता नेताहरूका पोस्टमा औपचारिकता धेरै छ । उनीहरूका पोस्टहरूमा 'राष्ट्र निर्माण', 'विकास', 'लोकतन्त्र', 'जनता', 'विश्वास' जस्ता संस्थागत शब्दहरू दोहोरिन्छन् । यस्तो औपचारिक राजनीतिक भाषा अहिलेको डिजिटल वातावरणमा फिक्का लाग्छ । अनौपचारिक भाषाको तुलनामा ती पोस्टहरू भाइरल कम भएका छन् । पुराना नेताहरू अझै 'संस्था' को भाषा बोलिरहेका छन्, नयाँ नेताहरू भने 'व्यक्तिगत सम्बन्ध' को भाषा बोलिरहेका छन् । त्यसले नागरिकलाई सिधै अपिल गर्न र जोड्न सफल भएको छ ।

तथ्याङ्कले अर्को महत्त्वपूर्ण प्रवृत्ति पनि सङ्केत गरेको छ । सामाजिक सञ्जालका प्रयोगकर्ताले पनि उम्मेदवारहरूका भावनात्मक उत्तेजना प्रेरित पोस्टहरूमा अभूतपूर्व चासो दिएका छन् । जुन पोस्टहरूमा प्रतिरोध, अन्याय, हमला वा व्यवस्थाविरोधी सङ्केत छन्, त्यहाँ लाइक, कमेन्ट र शेयर अत्यधिक छ । उदाहरणका लागि हर्क साम्पाङ र ज्ञानेन्द्र शाहीका पोस्टहरूमा आक्रामक भाषा देखिन्छ । तिनमा समर्थकहरूले सक्रिय रूपमा प्रतिक्रिया दिएका र शेयर गरेका छन् । अर्कोतर्फ, सूचना-केन्द्रित पोस्टहरू जस्तै शुभकामना, कार्यक्रमको जानकारी, बैठक, भेटघाट, नीतिबारे जानकारीमा सामान्य प्रतिक्रिया मात्र देखिन्छ । यसले डिजिटल स्पेसको राजनीतिक प्रवृत्ति जानकारीतिर भन्दा आक्रामक भावनातिर ढल्केको देखाउँछ ।

महिला र पुरुष नेताहरूको तुलना गर्दा अझै फरक तस्बिर देखिन्छ । अध्ययनमा समेटिएका महिला नेताहरू सोविता गौतम, रेनु दाहाल, रन्जु दर्शना, जुली महतो, टासी ल्हान्जोमका

पोस्टहरू भावनात्मक भइकन पनि पुरुषको तुलनामा कम आक्रमक छन् । सापेक्षतः उनीहरूको भाषामा 'समुदाय', 'सहकार्य', 'समावेशिता', 'प्रतिनिधित्व', 'धन्यवाद', 'सहभागिता' जस्ता शब्दहरू धेरै प्रयोग भएका छन् । पुरुष नेताहरूको पोस्टमा भने 'लडाइँ', 'प्रहार', 'व्यवस्था', 'भ्रष्टाचार', 'अन्याय', 'जवाफ' जस्ता टकरावको सङ्केत बढी प्रयोग भएका छन् । महिला उम्मेदवारहरू जस्तै जुली महतो, नुमा लिम्बुका पोस्टहरूमा प्रतिक्रियाहरू अलि कम छन् । रन्जु दर्शना, जुली महतो, नुमा लिम्बुहरूको पोस्टमा पाइएको एउटा समानता भनेको धार्मिक पोस्टहरू हो । 'हरहर महादेव' भन्ने ह्यासट्यागको प्रयोग, मठ मन्दिरमा उनीहरू पुगेको फोटोहरू उनीहरूका पोस्टमा प्रशस्त भेटिन्छन् । यस्ता पोस्टहरू अप्रत्यक्ष रूपमा धार्मिक भावनालाई जोडेर मतदाता प्रभावित गर्न खोजेको सङ्केत पनि हो ।

इङ्गेजमेन्टको प्रवृत्ति हेर्दा भने महिलाभन्दा पुरुष उम्मेदवारको पोस्टमा धेरै प्रतिक्रिया छन् । यसको मुख्य कारण महिला नेताहरूको पोस्ट सङ्ख्या कम हुनु र उनीहरूलाई पछयाउने प्रशंसकको सङ्ख्या पनि कम हुनु हो । अर्को कारण प्रयोगकर्तालाई विवाद, रिस, प्रतिरोध र व्यक्तित्वको टकराव जस्ता विषयले बढी आकर्षण गर्ने र सामाजिक सञ्जालको एल्गोरिदमले त्यसको प्रसार र विस्तारमा विशेष भूमिका खेल्ने हुनाले हो । महिला नेताहरूका पोस्टहरू तुलनात्मक रूपमा सन्तुलित छन् । यसले उनीहरूले डिजिटल स्पेसमा सावधानी अपनाइरहेको सङ्केत पनि दिन्छ ।

प्रमुख र सबैभन्दा धेरै प्रयोग भएको गुप्त भाष्य आफूलाई ठीक देखाउने र अरूको विश्वास जित्ने हो । सामाजिक सञ्जालमा सिद्धान्त, विचार र संस्थागत हिसाबको राजनीतिक परिवेशभन्दा पनि व्यक्ति केन्द्रित राजनीति र सो राजनीतिको प्रभाव अत्यधिक देखिन्छ । कुल ६५ सयभन्दा बढी पोस्टको अध्ययनबाट केही स्पष्ट प्रवृत्ति र भिन्नताहरू देखिएका छन् । चुनावताकाको सामाजिक सञ्जालको माहौलले नै महत्त्वपूर्ण परिवर्तनको सङ्केत गरिसकेको थियो । डिजिटल माध्यमबाट सिर्जित आकर्षण भविष्यमा निर्णायक बन्ने सङ्केत यसले देखाएको छ । परम्परागत सङ्गठन संयन्त्रमाथि सामाजिक सञ्जालले हैकम जमाउँदै छ । तर त्यहाँ गहन विचार, सिद्धान्त र नीतिगत बहसभन्दा हल्काफुल्का लोकरिझ्याइँयुक्त सामग्री प्रभावी हुने र दलभन्दा व्यक्तिको प्रभाव बलियो हुँदै जाने सम्भावना प्रबल देखिन्छ । यस्तो प्रवृत्तिले अन्ततः लोकतन्त्रलाई कमजोर बनाउने सम्भावना रहन्छ ।

# १०

# समावेशिता र पहुँच

राज्यका हरेक वर्ग, समुदाय र क्षेत्रको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु वास्तविक लोकतन्त्र हो। त्यसका लागि निर्वाचनमा सबैको समान पहुँच हुन जरुरी छ। २०८२ को यस निर्वाचनमा समावेशिताका प्रयासहरू सकारात्मक र चुनौतीपूर्ण दुवै देखिए। मतदान केन्द्र अपाङ्गतामैत्री बनाउन पहल गर्नु, गर्भवती, सुत्केरी महिला, ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको सङ्गठित उम्मेदवारीसँगै ट्रान्सजेन्डर महिलाको संसद्मा प्रतिनिधित्व हुनु यस पटकका महत्त्वपूर्ण उपलब्धि हुन्। साथै, उम्मेदवारीमा युवाको उल्लेख्य सहभागिताले निर्वाचन प्रक्रिया समावेशी देखिएको छ। तर अझै पनि उम्मेदवारीमा महिला, दलित र जनजातिको अपेक्षित सङ्ख्या पुग्न नसक्नु यस पटकका चुनौती हुन्।

संविधानको धारा ३८(४) र ४२(१) तथा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ अनुरूप समावेशिता संस्थागत गर्न निर्वाचन आयोगले यो निर्वाचनभन्दा केही अगाडि २० बुँदे निर्देशन जारी गरेको थियो।[७०] यस निर्देशनमा प्रत्यक्षतर्फ कम्तीमा एक-तिहाइ महिला उम्मेदवार दिन र समग्रमा पनि दिगो विकास लक्ष्यअनुरूप सन् २०३० सम्म सङ्घीय संसद्मा ४० प्रतिशत महिला सहभागिता पुऱ्याउने नीतिअनुरूप महिलाको उम्मेदवारी मनोनयनको व्यवस्था गर्न भनिएको थियो। आयोगले दलका सभा, तालिम, घोषणापत्र र प्रचार सामग्रीलाई लैङ्गिक तथा समावेशी बनाउन पनि निर्देशन दिएको थियो। आयोगको निर्देशनमा महिला, दलित, अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता सुनिश्चित

[७०] निर्वाचन आयोग नेपाल। २०८२। आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूलाई निर्देशन दिने सम्बन्धमा (प्रेस विज्ञप्ति)। मंसिर १९। https://election.gov.np/admin/public//storage/HOR%202082/Press%20Release%208.19.pdf मा उपलब्ध; वैशाख २, २०८३ मा हेरिएको।

गर्नुपर्ने सन्देश थियो । साथै, महिला तथा लक्षित समुदायको सम्मानमा आँच आउने भाषा प्रयोग नगर्न कडाइ गरिएको थियो ।

पर्यवेक्षणका क्रममा दाङ र सल्यानमा अपाङ्गता भएका व्यक्तिहरूले पहुँचका आधारभूत समस्या औँल्याएका थिए। कल्याणकारी अपाङ्ग सेवा सङ्घ सल्यानका अध्यक्ष कृष्णबहादुर बुढाले भने, "मजस्ता दृष्टिविहीनलाई मतदान गर्ने समस्या छ। अरूको सहयोग नलिई हुँदैन। त्यसो गर्दा गोपनीयता रहँदैन। हामीजस्ता व्यक्तिका लागि कमसेकम वैकल्पिक मतदान प्रणाली भइदिए हुन्थ्यो।"[७१] मतदान स्थलमा ह्विलचेयर जाने साधारण संरचनासमेत नभएकाले अपाङ्गता भएका व्यक्तिलाई कठिनाइ हुने गरेको गुनासो अन्य सरोकारवालाले गरेका थिए । राजनीतिक सहभागितामा आधारभूत पहुँचको अभाव हुनु लोकतान्त्रिक पद्धतिका लागि चुनौती हो। यसको शीघ्र सम्बोधन अपरिहार्य छ।

नेपालको संविधान, २०७२ ले समानता र समावेशिताको स्पष्ट आधार तयार गरे पनि उम्मेदवारीको चरणमै समावेशिता अझै जटिल देखिन्छ । यो निर्वाचनमा पनि उम्मेदवार छनोटमा दलहरूले लोकतान्त्रिक पद्धति अँगालेको पाइएन। सामान्यतया दलहरूमा निर्वाचन क्षेत्रस्तरीय समितिबाट एक महिलासहित तीन जनाको नाम सिफाारिस गरी पठाउने र तीउपर शीर्ष नेतृत्वले नै तजबिजी निर्णय लिने परम्पराले नै यस पटक पनि निरन्तरता पायो । शीर्ष नेतृत्वको आग्रह, पूर्वाग्रह हावी हुने यस्तो चयन प्रक्रियामा तल्लो निकायबाट सिफारिसै नभएकाले टिकट पाउने, मनोनयनकै दिन दल परिवर्तन गरी टिकट पाउनेजस्ता दृष्टान्त देख्न पाइयो। यस्ता अभ्यासका कारण समावेशिता प्राथमिकतामा परेन।

२०७८ को जनगणनाले नेपालमा ६४७,७४४ जना (२.२ प्रतिशत) अपाङ्गता भएका व्यक्ति देखाउँछ। प्रतिनिधिसभा निर्वाचन २०८२ मा उम्मेदवारका रूपमा अपाङ्गता भएका व्यक्ति ज्यादै कम थिए। कुल ८६ जना त्यस्ता उम्मेदवारमध्ये १ जना प्रत्यक्ष र बाँकी ८५ जना समानुपातिक प्रणालीतर्फ छन् । अपाङ्गता भएका व्यक्तिको छुट्टै 'क्लस्टर' भने छैन। यस निर्वाचनमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व भने नयाँ ढङ्गले देखिएको छ। पहिलोपटक यस समुदायले सङ्गठित रूपमा आफ्नै दल - समावेशी समाजवादी पार्टीमार्फत प्रत्यक्षतर्फ ६ जना र समानुपातिकतर्फ १५ जना उम्मेदवार खडा गरेको थियो । तर मूलधारका दलहरूले भने यस समुदायलाई पर्याप्त स्थान दिएनन्। रास्वपाबाट भने समानुपातिक प्रणालीतर्फ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व गर्दै भूमिका श्रेष्ठ प्रतिनिधिसभा सदस्य बनेकी छन्। यस खण्डमा यहाँ महिला, दलित र युवा उम्मेदवारको समावेशिताबारे थप चर्चा गरिएको छ।

[७१] बुढासँग फागुन १४, २०८२ मा गरिएको कुराकानी।

## १०.१. महिला उम्मेदवार

महिला उम्मेदवारी निर्वाचनमा पहुँच, प्रतिस्पर्धात्मक क्षमता र निर्णय स्वतन्त्रतासँग समेत सम्बन्धित देखिन्छ। तर दलहरूले उम्मेदवार छनोट गर्ने तरिका लोकतान्त्रिक छैन। उम्मेदवार छान्ने शीर्ष नेतृत्वमा अक्सर वर्चस्वशाली वर्गको पुरुष नै हुने हुनाले पनि समावेशिता ओझेलमा परेको हो। संविधानको धारा १८ र ३८ ले सुनिश्चित गरेको लैङ्गिक समानताको व्यवस्थाका बाबजुद प्रत्यक्ष निर्वाचनतर्फ महिलाको उम्मेदवारी करिब ११ प्रतिशतमा सीमित रहनु कानूनी प्रावधान र व्यवहारबीचको अन्तर हो। अझ २०७९ मा प्रत्यक्षतर्फ महिला उम्मेदवारी कुल उम्मेदवार सङ्ख्याको ९ प्रतिशत हाराहारी थियो। २०७९ मा समानुपातिकतर्फ महिला उम्मेदवार ५४ प्रतिशत हाराहारी थियो भने हाल केही बढेर ५७ प्रतिशत हाराहारी पुगेको छ।

निर्वाचन खर्च निरन्तर बढ्दै जाँदा महिला उम्मेदवारलाई धेरै असर पुगेको छ। संविधानको धारा ३८(९) ले सबै महिलालाई विना कुनै विभेद समान वंशाधिकार हुने र धारा १८(५) ले लैङ्गिक विभेद नगरिकन पैतृक सम्पत्तिमा समान अधिकार हुने व्यवस्था गरेको छ। तर व्यवहारमा भने चलिआएको पितृसत्तात्मक मान्यता नै कायम छ। पुरुष उम्मेदवारहरूले चुनावका लागि घरजग्गा बेच्ने वा ऋण लिने जस्ता जोखिम उठाउन सके पनि महिलाहरूलाई त्यसो गर्न सहज छैन। त्यसैले तिनलाई उम्मेदवारीमा पनि कमै पत्याइने गरेको छ। सल्यानको राप्रपाकी उम्मेदवार अनिशा नेपालीका अनुसार, चुनावमा देखिनेभन्दा नदेखिने खर्च बढी हुन्छ। त्यसमाथि महिला भएकै कारण आफ्नो क्षमता प्रमाणित गर्न थप मिहिनेत चाहिन्छ, जसले महिलाहरूको प्रतिस्पर्धात्मक क्षमतामा पनि प्रभाव पारेको छ।[७२]

नेकपा (एमाले) ले समानुपातिकतर्फ मुस्लिम महिलाको पहिलो नम्बरमा राखेकी दाङकी साजिदा खातुन सिद्दिकी आफू प्रत्यक्षका धेरै उम्मेदवारभन्दा सबल रहेको बताउँछिन्।[७३] दलभित्रकै संरचनात्मक असमानताप्रति ध्यानाकर्षण गराउँदै उनी भन्छिन्, "दलभित्रै हामीलाई प्रत्यक्षतर्फ टिकट दिन हिचकिचाहट हुन्छ। सभासम्मेलनमा गयो, पुरुषभन्दा अन्तिममा नाम बोलाउने, 'ओभरटेक गऱ्यो' भन्ने जस्ता टिप्पणीहरू सुनिन्छ।" महिलाले पद हासिल गर्दा उनीहरूको क्षमताभन्दा पनि व्यक्तिगत वा यौन सम्बन्धसँग जोडेर प्रश्न उठाउने प्रवृत्तिले थप अपमानजनक वातावरण सिर्जना गरेको उनको अनुभव छ।

बाँके, डोल्पा, रोल्पा, स्याङ्जा, म्याग्दी लगायत जिल्लामा प्रत्यक्षतर्फ एक जना पनि महिला उम्मेदवार थिएनन्। निर्वाचन आयोगका अनुसार १६५ निर्वाचन क्षेत्रमध्ये ३१ वटामा

---

[७२] नेपालीसँग फागुन १४, २०८२ मा गरिएको कुराकानी।

[७३] सिद्दिकीसँग फागुन १३, २०८२ मा गरिएको कुराकानी।

महिला उम्मेदवारी शून्य थियो। "महिलाहरू आउन नचाहेका होइनन्, उनीहरूलाई अवसर नै नदिइएको हो," अधिकारकर्मी तथा फातिमा फाउन्डेशनकी अध्यक्ष मैमुना सिद्दिकी भन्छिन्।[७४] उनका अनुसार जिल्लाबाट महिलाको नाम सिफारिस गरिए पनि केन्द्रबाट आउने अन्तिम सूचीमा ती नाम पर्दैनन्। यस्तो परिस्थितिले महिलालाई राजनीतिमा टिक्न र अघि बढ्न अझ कठिन बनाइरहेको हुँदा प्रत्यक्षतर्फ समेत महिला कोटा सुनिश्चित गरिनुपर्ने उनको राय छ।

## १०.२. दलित उम्मेदवार

यस पटक दलित समुदायबाट कुल २४३ जना उम्मेदवार प्रतिस्पर्धामा थिए। तर तीमध्ये १०७ जना त स्वतन्त्र उम्मेदवार थिए। बाँके क्षेत्र नं. ३ बाट रास्वपाका खगेन्द्र सुनार मात्रै विजयी हुन सके। सिधा गणनामा, सफलता दर करिब ०.४ प्रतिशतमात्र छ, जुन न्यूनतम मात्र होइन, धेरै कमजोर प्रतिनिधित्वको सङ्केत हो। मधेसी दलितको उम्मेदवारी अझ कम थियो। दलित मतदाता अत्यधिक भएका मधेस, सुदूरपश्चिम र कर्णालीका निर्वाचन क्षेत्रमा दलहरूले दलितलाई उम्मेदवार बनाएनन्। त्यतिमात्र होइन, मधेसी दलित त समानुपातिक तर्फबाट पनि निर्वाचित भएनन् र प्रतिनिधिसभामा उनीहरूको प्रतिनिधित्व नै हुन सकेन।

दलित तथा उत्पीडित वर्गका महिलाका लागि प्रतिस्पर्धा झनै चुनौतीपूर्ण हुने अनुभव दाङबाट नेपाली कांग्रेसकी समानुपातिक उम्मेदवार देविका नेपालीको छ।[७५] उनले घरदैलो अभियानका क्रममा भोगेको अनुभवले दलित महिलाले भोग्ने दोहोरो विभेदलाई प्रस्ट पार्छ। उनी भन्छिन्, "एक त महिला, त्यसमाथि पनि दलित भएकै कारण घरदैलोमा जाँदा 'यिनलाई किन नमस्कार गर्नुपर्‍यो' भन्ने जस्ता व्यवहार पनि भोग्नुपरेको छ।"

प्रमुख राजनीतिक दलहरूले उम्मेदवार चयन प्रक्रियामै दलितलाई प्राथमिकता दिएनन्। खर्चिलो प्रचार-प्रसार शैलीका कारण दलितलाई उम्मेदवारमा नै रोजिएन। उम्मेदवारी मनोनयन गर्न पाएका दलितले पनि आर्थिक अभावका कारण खर्चिलो प्रचार-प्रसारमा प्रतिस्पर्धा गर्न सकेनन्। सामाजिक संरचना र त्यसबाट पाउने लाभ वर्चस्वशाली वर्गले पाइरहने हुनाले त्यसको शिकार दलितको उम्मेदवारी र प्रतिनिधित्व बन्यो।

---

[७४] सिद्दिकीसँग फागुन १६, २०८२ मा गरिएको कुराकानी।
[७५] नेपालीसँग फागुन १३, २०८२ मा गरिएको कुराकानी।

## १०.३. युवा उम्मेदवार

प्रतिनिधिसभा निर्वाचन २०८२ जेन-जी आन्दोलन (भदौ २३–२४) पछि उत्पन्न परिवर्तित राजनीतिक परिवेशमा सम्पन्न भएको हो। उक्त आन्दोलनले नेपाली राजनीतिमा पुस्तान्तरण, नेतृत्व नवीकरण र युवाको प्रत्यक्ष सहभागिताबारे व्यापक बहस सिर्जना गर्‍यो। यस अर्थमा, यो निर्वाचन केवल नियमित संवैधानिक प्रक्रिया नभई राजनीतिक असन्तुष्टि र पुस्तागत मागको परिणामस्वरूप भएको 'प्रतिक्रियात्मक निर्वाचन' पनि हो।

प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवार हुन २५ वर्ष उमेर पूरा भएको हुनुपर्छ। अर्कोतर्फ, राष्ट्रिय युवा नीति, २०८२ ले १८–३५ वर्षलाई 'युवा' मानेको छ भने सन् १९९७–२०१२ बीच जन्मिएको पुस्तालाई जेन-जी भनिन्छ, जसको उमेर सन् २०२६ सम्म करिब १४–२९ वर्ष पर्छ। यी आधारहरू मिलाएर हेर्दा, कानूनी रूपमा उम्मेदवारी दिन सक्ने जेन-जी समूह केवल २५–२९ वर्षका व्यक्ति हुन्।

तथ्याङ्कले पनि यही यथार्थ पुष्टि गर्छ। प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ २५–२९ वर्ष उमेर समूहका उम्मेदवार २०१ जना (६ प्रतिशत) मात्र थिए। जेन-जी पुस्ताको प्रतिनिधित्व गर्न सक्ने यही उमेर समूह भएकाले कुल उम्मेदवारमध्ये जेन-जीको उपस्थिति अत्यन्त न्यून थियो। समानुपातिक प्रणालीतर्फ पनि २५–२९ वर्ष समूह ६ प्रतिशतमै सीमित थियो। यद्यपि, नेपाली राजनीतिमा लामो समयदेखि उठ्दै आएको पुस्तान्तरणको बहसले अब व्यावहारिक रूप पाउने सङ्केत देखिएको छ।

प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ कुल ३,४०६ उम्मेदवारमध्ये २५ देखि ३९ वर्ष उमेर समूहका उम्मेदवारहरूको सङ्ख्या उल्लेखनीय (९५० जना अर्थात २८%) थियो। तीमध्ये २५–२९ वर्ष समूहमा २०१ जना (६%), ३०–३४ मा २९६ जना (९%) र ३५–३९ मा ४५३ जना (१३%) थिए (हेर्नुहोस्, तालिका ३)। यसरी ४० वर्ष मुनिका उम्मेदवारहरूको संयुक्त उपस्थिति करिब २८ प्रतिशत पुग्नु युवा सहभागिता वृद्धिको महत्त्वपूर्ण तथ्य हो। यद्यपि, सबैभन्दा बढी उम्मेदवार भने ४०–५४ वर्ष उमेर समूहका थिए।

पुरुष उम्मेदवारमा युवा सहभागिता अझ बढी छ। २५–२९ वर्षमा १७८ जना (५%), ३०–३४ मा २५९ जना (८%) र ३५–३९ मा ३८४ जना (११%) युवा उमेर समूहका पुरुष उम्मेदवार हुँदा महिलाको सहभागिता भने अपेक्षाकृत कम थियो। महिला युवा उम्मेदवार सबैभन्दा धेरै ३५–३९ वर्षका ६९ जना (२%) थिए। यसले राजनीतिक अवसरमा बहुआयामिक असमानता कायम रहेको देखाउँछ।

**तालिका ३ : पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारको लैङ्गिकता, उमेर समूह र सङ्ख्या**

| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | अन्य | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २५–२९ | १७८ | ५ | २३ | १ | ० | ० | २०१ | ६ |
| ३०–३४ | २५९ | ८ | ३६ | १ | १ | ० | २९६ | ९ |
| ३५–३९ | ३८४ | ११ | ६९ | २ | ० | ० | ४५३ | १३ |
| ४०–४४ | ४५८ | १३ | ८५ | २ | ० | ० | ५४३ | १६ |
| ४५–४९ | ४६७ | १४ | ६७ | २ | ० | ० | ५३४ | १६ |
| ५०–५४ | ४३९ | १३ | ६२ | २ | ० | ० | ५०१ | १५ |
| ५५–५९ | ३६७ | ११ | २६ | १ | ० | ० | ३९३ | १२ |
| ६०–६४ | २३९ | ७ | १४ | ० | ० | ० | २५३ | ७ |
| ६५–६९ | १३७ | ४ | ५ | ० | ० | ० | १४२ | ४ |
| ७०–७४ | ७१ | २ | ० | ० | ० | ० | ७१ | २ |
| ७५–७९ | १२ | ० | ० | ० | ० | ० | १२ | ० |
| ८०+ | ६ | ० | १ | ० | ० | ० | ७ | ० |
| **कुल उम्मेदवार** | **३,०१७** | **८८** | **३८८** | **११** | **१** | **०** | **३,४०६** | **१००** |

*स्रोत : निर्वाचन आयोग नेपाल।*

समानुपातिक निर्वाचन प्रणालीमा पनि युवा सहभागिताको प्रवृत्ति लगभग समान छ। कुल ३,१३५ उम्मेदवारमध्ये २५–२९ वर्षका १६८ जना (५%), ३०–३४ वर्षका २८५ जना (९%) र ३५–३९ वर्षका ४०१ जना (१३%) थिए। यहाँ कुल उम्मेदवारमध्ये करिब २७ प्रतिशत ४० वर्षमुनिका थिए। ४०–४४ वर्ष समूह (१७%) को हिस्सा सबैभन्दा बढी (५३५ जना) हुनुले क्रमशः अवसर नयाँ पुस्तामा सर्दै गरेको देखाउँछ। समानुपातिक प्रणालीमा महिला उम्मेदवारको सङ्ख्या २५–२९ वर्षमा ११७ जना (४%) र ३०–३४ मा २०१ जना (६%) थियो (हेर्नुहोस्, तालिका ४)। समानुपातिक प्रणालीमा महिलाको कुल उम्मेदवारी ५७ प्रतिशत रहे पनि युवा महिलाको अनुपात भने प्रत्यक्ष प्रणालीमा जस्तै कमजोर नै छ।

रास्वपाले युवा उम्मेदवारलाई सबैभन्दा बढी अवसर दिएको पाइयो। यसले प्रत्यक्षतर्फ उम्मेदवारी दिएका १६४ जनामध्ये ७० जना (४० वर्षसम्मका) युवा उम्मेदवार खडा गरेको थियो। त्यसपछि श्रम संस्कृति पार्टीले ३८ जना, प्रलोपाले ३० जना, राप्रपाले ३३ जना, नेकपाले २० जना र नेकपा (एमाले) ले १३ जना ४० वर्षसम्मका युवा उम्मेदवार दिएका

थिए ।[७६] रास्वपा र श्रम संस्कृति पार्टी जस्ता 'नयाँ' दलले युवालाई बढी प्राथमिकता दिएकाले नेपाली कांग्रेस, नेकपा (एमाले) जस्ता पुराना दललाई पनि दबाब परेको थियो । दलहरूलाई युवामैत्री उम्मेदवारीतर्फ धकेल्न जनस्तरको दबाब, विशेषगरी जेन-जी आन्दोलनपछिको राजनीतिक चेतना सफल भएको मान्न सकिन्छ ।

**तालिका ४ : समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको लैङ्गिकता, उमेर समूह र सङ्ख्या**

| उमेर समूह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २५–२९ | ११७ | ४ | ५१ | २ | १६८ | ५ |
| ३०–३४ | २०१ | ६ | ८४ | ३ | २८५ | ९ |
| ३५–३९ | २६८ | ९ | १३३ | ४ | ४०१ | १३ |
| ४०–४४ | ३४१ | ११ | १९४ | ६ | ५३५ | १७ |
| ४५–४९ | २९४ | ९ | १६२ | ५ | ४५६ | १५ |
| ५०–५४ | २२० | ७ | १६६ | ५ | ३८६ | १२ |
| ५५–५९ | १५५ | ५ | २०० | ६ | ३५५ | ११ |
| ६०–६४ | १०३ | ३ | १५८ | ५ | २६१ | ८ |
| ६५–६९ | ४४ | १ | ११४ | ४ | १५८ | ५ |
| ७०–७४ | १९ | १ | ६७ | २ | ८६ | ३ |
| ७५–७९ | ९ | ० | २३ | १ | ३२ | १ |
| ८०+ | १ | ० | ११ | ० | १२ | ० |
| **कुल उम्मेदवार** | **१,७७२** | **५७** | **१,३६३** | **४३** | **३,१३५** | **१००** |

*स्रोत : निर्वाचन आयोग नेपाल ।*

समग्रमा, प्रतिनिधिसभा निर्वाचन २०८२ मा युवा सहभागिता विगतको तुलनामा बढ्दो क्रममा देखिन्छ । उम्मेदवारीमा युवा उपस्थिति बढ्नु सकारात्मक पक्ष हो । यद्यपि, ४० वर्षमाथिका उम्मेदवारहरूको अत्यधिक सङ्ख्या (७२%) पनि स्मरणीय छ । झन् युवा

[७६] बजगाईं, रघुनाथ । २०८२ । ४० वर्षसम्मका उम्मेदवार ३१ प्रतिशत । *अनलाइनखबर*, माघ ८ । www.onlinekhabar.com/2026/01/1855360/31-percent-of-candidates-under-40-years-of-age, मा उपलब्ध; वैशाख ३, २०८३ मा हेरिएको ।

महिलाको सहभागिता अझै बढाउनुपर्ने आवश्यकता पनि स्पष्ट छ । त्यसैले आगामी दिनमा युवा सहभागितालाई मात्र सङ्ख्यात्मक होइन, प्रभावकारी राजनीतिक नेतृत्वमा रूपान्तरण गर्न संस्थागत सुधार, दलभित्र लोकतान्त्रिक अभ्यास र समावेशी अवसर विस्तार आवश्यक छ ।

# ११


# मतदान

मतदान समग्रमा शान्तिपूर्ण र व्यवस्थापनको दृष्टिले स्वीकार्य रह्यो । पर्यवेक्षण गरिएका अधिकांश मतदान केन्द्रमा निर्धारित समयमै मतदान शुरू भई समापन पनि भएको थियो । यद्यपि, उम्मेदवारका प्रतिनिधिको ढिलो उपस्थिति, कर्मचारीको ढिलाइ, प्रक्रियागत अस्पष्टता आदिका कारण मतदान केही ढिलो भएका उदाहरण पनि थिए ।


डीआरसीएनले प्रतिनिधिसभा निर्वाचन २०८२ को पर्यवेक्षणका लागि कुल ९४ जना पर्यवेक्षक खटाएको थियो । तिनले देशभरमा ४१३ मतदान स्थलका ४५२ मतदान केन्द्रमा निर्वाचन पर्यवेक्षण गरेका थिए । त्यसका लागि मतदान प्रक्रियालाई शुरूआत, मतदान र समापन गरी तीन भागमा विभाजन गरी प्रश्नावली तयार पारिएको थियो ।

## ११.१. मतदान शुरूआतअघि

डीआरसीएनका ९४ जना पर्यवेक्षकले सोही सङ्ख्याका मतदानस्थल र केन्द्रमा मतदानको शुरूआत अघिको प्रक्रिया हेरे । त्यसको आधारमा हेर्दा, निर्वाचन प्रक्रिया प्राविधिक रूपमा सन्तोषजनक भए पनि कार्यसम्पादन क्षमता, समन्वय, पारदर्शिता र प्रक्रियागत स्पष्टताका दृष्टिले मिश्रित प्रकृतिको देखिन्छ । ७३ मतदान केन्द्रमा समयमै (बिहान ७ बजे) मतदान शुरू भएको थियो भने १७ मतदान केन्द्रमा समयमा मतदान शुरू हुन सकेन (हेर्नुहोस्, चित्र ३) । तिनको प्रमुख कारण उम्मेदवारका प्रतिनिधि समयमा मतदान केन्द्रमा उपस्थित नहुनु, कर्मचारीको अलमल र ढिलासुस्ती हुन् (हेर्नुहोस्, चित्र ४) ।




*चित्र ३ : मतदान शुरूआत समयका आधारमा मतदान केन्द्रको विवरण।*




*चित्र ४ : मतदान समयमा शुरूआत नहुनाका कारण।*

मतदान शुरू हुनुअघि पूरा गर्नुपर्ने कानूनी तथा प्रशासनिक प्रक्रियाहरू जस्तै मतपेटिका रित्तो भएको प्रमाणित गर्ने, विभिन्न मुचुल्का र अनुसूचीहरू भर्ने, मतपेटिका सिल गरी मतपत्र खसाल्न मात्र मिल्ने बनाउने आदि काम कर्मचारीहरूका लागि चुनौतीपूर्ण बनेको

देखियो। मतपेटिकामा सिल लगाउँदा त्यहाँ लेखिएको नम्बर भित्र पार्ने कि बाहिर पार्ने भन्नेमा ती अलमलिएका थिए। धनगढी उपमहानगरपालिकाको बासुदेवी मावि रघुनगरमा मतदान शुरूआत प्रक्रिया हेरेका पर्यवेक्षकले उल्लेख गरे झैँ, कर्मचारीले मतपेटिका खाली भएको प्रमाणित नगरी अघि बढ्न खोज्दा प्रतिनिधिहरूले विवाद सिर्जना गरेका थिए, जसलाई पछि मतदान अधिकृतले स्पष्टीकरण दिएर समाधान गर्नुपरेको थियो। त्यस्तै, काठमाडौँ महानगरपालिकाको सानो गौचरन 'ख' केन्द्रमा अनुसूची भर्दा 'थान' र 'प्याकेट' को अर्थमै कर्मचारी अलमलिनु प्रशासनिक दक्षताको कमीको स्पष्ट उदाहरण थियो। उक्त अलमलबारे कर्मचारीबीच छलफल हुँदा अन्त्यमा हरेक एक सय प्रति मतपत्रको बण्डललाई थान र ती थानको पोकोलाई प्याकेट भन्ने अर्थ स्पष्ट पारी लेखियो।

काठमाडौँ महानगरपालिका-२० को परोपकार मावि, भीमसेनस्थानस्थित मतदान स्थलका तीनमध्ये दुई मतदान केन्द्रको शुरूआती प्रक्रिया समयमै पूरा भए पनि तेस्रोमा हुन सकेन। सबैमा एकैसाथ मतदान शुरू गर्ने निर्णयका कारण ती दुई केन्द्रमा पनि झण्डै आधा घण्टा ढिलो गरी मतदान शुरू भयो। अर्कोतर्फ, पोखरा महानगरपालिकाको शिवशक्ति मावि र झापाको मेचीनगर नगरपालिकास्थित श्री बाल सुबोधनी माविमा पर्यवेक्षकलाई प्रक्रिया अवलोकन गर्न नदिइनुले पारदर्शिता र उत्तरदायित्वप्रति निर्वाचन कर्मचारीको अज्ञानता उजागर गऱ्यो। धादिङको नीलकण्ठ नगरपालिकास्थित नीलकण्ठ बालमन्दिर माविको 'ख' मतदान केन्द्रका मतपत्र 'क' केन्द्रका मतदान अधिकृतले खोली हस्ताक्षर गरेका थिए। यस कारण ३७ वटा मतपत्र रद्द भए। मतदान शुरू हुनुअघि नै उक्त त्रुटि पहिचान गरिएकोले कुनै विवाद बिना ती मतपत्र रद्द गरी बाँकी मतपत्रहरूलाई क्रमसङ्ख्याअनुसार निरन्तरता दिइयो।

यद्यपि, केही सकारात्मक पक्षहरू पनि देखिएका थिए। विदुर नगरपालिकाको नुवाकोट आदर्श बहुमुखी क्याम्पसका मतदान केन्द्रमा खटिएका पर्यवेक्षकले उल्लेख गरे झैँ, प्रशासन, सुरक्षा निकाय र राजनीतिक दलबीच राम्रो समन्वय रहेको, तथा पर्यवेक्षकहरूप्रति सहयोगी वातावरण सिर्जना गरिएको उदाहरणहरूले राम्रो अभ्यास पनि उत्तिकै थिए भन्ने जनाउँछ।

समग्र विश्लेषणले के देखाउँछ भने निर्वाचन शुरूआत प्रक्रिया प्राविधिक रूपमा सफल भए पनि यसको गुणस्तरमा असमानता थियो। केही केन्द्रहरूमा उत्कृष्ट व्यवस्थापन देखिन्थ्यो भने केहीमा आधारभूत प्रक्रियागत कमजोरीहरू प्रस्ट थिए। त्यसैले आगामी निर्वाचनहरूमा कर्मचारीलाई सशक्त तालिम, प्रक्रियागत सरलीकरण, पर्यवेक्षकमैत्री वातावरण आदि सुनिश्चित गर्न अत्यावश्यक देखियो।

## ११.२. मतदान प्रक्रिया

प्रतिनिधिसभा निर्वाचन २०८२ मा डीआरसीएनका ९४ जना पर्यवेक्षकले २२७ मतदान स्थलका २६६ मतदान केन्द्रको पर्यवेक्षण गरेका थिए। मतदाता पहिचान, नामावली प्रमाणीकरण, मतपत्र वितरण र गोप्य मतदान तोकिएको प्रक्रियाबमोजिम नै भइरहेको थियो । औसतमा मतदाता परिचयपत्र रुजु भएपछि मतदान गरेर बाहिरिन कम्तीमा ४ मिनेटदेखि बढीमा १० मिनेटसम्म लाग्थ्यो । कतिपय केन्द्रमा नाम खोज्न ढिलाइ, विवरण नमिल्ने वा कर्मचारीबीच समन्वय अभावले मतदातालाई अनावश्यक झन्झट दियो । पर्यवेक्षण गरिएकामध्ये १०६ मतदान स्थलबाहिर मतदाता नामावली टाँसिएको थिएन । तर मतदाता नामावली नटाँसिएका त्यस्ता केही मतदानस्थलको बाहिर राजनीतिक दलका प्रतिनिधि मतदाता नामावलीको प्रतिलिपिसहित मतदातालाई सघाउन स्वयंसेवक भई बसेका थिए। तिनले मतदाता नामावली क्रम सङ्ख्या छुट्टै कागजमा टिपाएर मतदातालाई भित्र पठाउँथे। त्यसलाई प्रक्रियाकै अङ्ग बनाइएको थियो। यसो गर्दा भित्र नाम पहिल्याउन र रुजु गर्न सहज र छिटो भएको थियो। तर, यो अभ्यास अनिवार्यजस्तो बनाइँदा समस्या उत्पन्न भयो। कागज नलिई सिधै मतदान केन्द्र पुगेका मतदातालाई फर्काइँदा उनीहरूले अनावश्यक दुःख र झन्झट बेहोर्नुपऱ्यो । विशेषगरी, लाइनबाट भित्र पसिसकेका मतदातालाई त्यस्तो कागज नभएकै आधारमा फर्काउन नमिल्ने हो। तर त्यसो गरियो।

सबैभन्दा गम्भीर पक्ष मतदानको गोपनीयतामाथि चुनौती थियो, जुन पर्यवेक्षण गरेकामध्ये १७ मतदान केन्द्रमा अनुभव गर्न सकिन्थ्यो। मतदान केन्द्रहरू साँघुरो हुनाले पनि गोपनीयता कायम गर्ने चाँजो मिलेको थिएन। उदाहरणको लागि, काठमाडौँ महानगरपालिका-५, वडा समितिको कार्यालय, भिमसेनस्थान, हाँडीगाउँको केन्द्र सडकको छेउको सानो चौरमा थियो, बारबन्देज पनि थिएन। 'ग' केन्द्रको मतदान बुथहरू सडकतर्फ फर्काइएका थिए र केही मिटरको दूरीमा करिब एक-दुई मिटर लम्बाइको कालो प्लास्टिकको बार लगाइएको थियो। तर त्यो बारको दायाँ वा बायाँबाट कसैले चियाउन चाहे मत प्रकट गरेको देख्न सम्भव थियो। त्यसमाथि मतदान गरेर बाहिर निस्कने बाटो पनि त्यतै निर्धारण गरिएकाले गोपनीयता अझ जोखिममा परेको थियो।

कैलालीको जानकी गाउँपालिकाको मोती मावि मतदान केन्द्रमा बुथको ठीक पछाडि प्रहरी र सिन्धुलीको दुधौली नगरपालिकाको कमला बुहुमुखी क्याम्पस 'ग' केन्द्रमा बुथको एकदमै नजिकै मतदान अधिकृत छाप लगाएको देखिने गरी बसेका थिए। ललितपुर महानगरपालिका वडा नं. १४ को कार्यालय केन्द्र र वडा नं. १५ को महेन्द्र आदर्श माविमा सेतो कपडाको घेराबार यति कमजोर थियो कि त्यहाँ भित्रका एकले अर्को केन्द्रबाट मतदान गरेको देख्न सकिन्थ्यो। त्यस्तै ललितपुरकै सामुदायिक विकास केन्द्र भवन, नखिपोट केन्द्र, पोखरा महानगरपालिकाका श्री रामेश्वरी मावि केन्द्र, नवीन मावि केन्द्र, अकला आधारभूत विद्यालय 'ग' केन्द्र, घोराही

उपमहानगरपालिकाको बाल मन्दिर प्रावि केन्द्र, धरान उपमहानगरपालिका-९ को सुनसरी खेलकुद भवन केन्द्र, काठमाडौँको शंकरापुर नगरपालिकाको श्री शारदा मावि केन्द्र आदिमा पनि मतदानको गोपनीयता जोखिममा परेको पर्यवेक्षकहरूले उल्लेख गरे ।

पर्यवेक्षण गरिएका ३२ मतदान केन्द्रमा राजनीतिक दलका कार्यकर्ता निषेधित ३०० मिटर क्षेत्रभित्रै सक्रिय देखिन्थे । उनीहरूले स्वयंसेवकका रूपमा लाइन व्यवस्थापन गर्ने र मतदाताको नामावली क्रम सङ्ख्या टिपाउने जस्ता काम गरे । डोल्पाको मुकुटेश्वर मावि फुल्चिङमा मतदाता नामावलीमा नाम भएका तर परिचयपत्रको प्रतिलिपि भए पनि सक्कल कागजात नभएकोले ६ जनाले मतदान गर्न पाएनन् । रूपन्देहीको शिवपुर माविमा पनि त्यसै गरिएको थियो । तर कतिपय मतदान केन्द्रमा भने परिचयपत्रको प्रतिलिपिका आधारमा पनि मतदान गर्न दिइएको थियो ।

पोखरा महानगरपालिका-१७ को छोरेपाटन उच्च मावि 'क' केन्द्रमा प्रयोग गरिएको मतदाता नामावली (ढड्डा) मा नाम नभएकाले केही मतदाता मतदानबाट वञ्चित हुन पुगे । तर तिनको नाम निर्वाचन आयोगको वेबसाइटमा भने थियो । काठमाडौँ महानगरपालिका-२० को परोपकार मावि भीमसेनस्थान 'ग' केन्द्रमा पनि समान प्रकृतिको घटना पाइयो । उक्त केन्द्रमा २ जना मतदाताले निर्वाचन आयोगको वेबसाइटबाट फोटोसहितको आफ्नो विवरण प्रिन्ट गरी ल्याएका थिए । प्रारम्भमा उक्त कागजात मान्यता प्राप्त प्रमाणका रूपमा नपरे पनि, निर्वाचन अधिकृतले सो विवरण आयोगकै आधिकारिक तथ्याङ्कमा आधारित रहेको उल्लेख गर्दै, सम्बन्धित मतदाताको नाम मतदाता नामावलीमा रहेको पुष्टि भएपछि र राजनीतिक दलका प्रतिनिधिहरूको सहमतिमा ती मतदातालाई मतदान गर्न अनुमति दिइयो ।

समावेशिताको दृष्टिले मतदानमा महिला र ज्येष्ठ नागरिकको उपस्थिति सन्तोषजनक देखियो । युवा समूहको उपस्थिति त्यस्तो उल्लेख्य देखिएन । उच्च शिक्षा अध्ययन, रोजगारी लगायतका विभिन्न अवसरको खोजीमा आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर बसाइँ सरेका व्यक्तिहरूमा युवा वर्ग नै बढी छ । बेजिल्ला र विदेशबाट मतदानको व्यवस्था नहुँदा कैयौँ मतदाताले मतदान गर्न सकेनन् । यसले युवाको अपेक्षित सहभागितामा प्रत्यक्ष असर पारेको देखियो ।

सबै मतदान केन्द्रमा महिला र पुरुषको फरक लाइन थियो । ती केन्द्रमा महिला कर्मचारी र सुरक्षाकर्मी पनि थिए । पर्यवेक्षण गरिएकामध्ये ५२ मतदान केन्द्र अपाङ्गता भएका तथा अशक्त व्यक्तिका लागि सहज थिएनन् । आफन्त, स्वयंसेवक, निर्वाचन प्रहरी वा परिवारले बोकेर, हात समाएर, ह्विलचेयर प्रयोग गरी, छुट्टै बाटो बनाएर सहयोग गरेका थिए । केही मतदान स्थलमा

शौचालय, खानेपानी, महिला मैत्री र अपाङ्गता भएका व्यक्तिमैत्री संरचना पूर्ण रूपमा शून्य थियो। कीर्तिपुर नगरपालिकाको देउखेल मतदान केन्द्र त्यस्तो एक उदाहरण हो।

सुरक्षा व्यवस्थापन समग्रमा प्रभावकारी र शान्तिपूर्ण रह्यो। मतदान केन्द्रमा नेपाल प्रहरी र निर्वाचन प्रहरी खटिएका थिए भने अधिकांश स्थलमा सशस्त्र प्रहरी र नेपाली सेनाको गस्ती गरेको पनि उत्तिकै देखियो। अधिकांश केन्द्रमा महिला सुरक्षाकर्मीको अनुपात निकै कम (१:४ देखि १:५) थियो। पर्यवेक्षकलाई फोटो खिच्न नदिने, टाढा बस्न लगाउने र छोटो समय मात्र त्यहाँ रहन दिने जस्ता कडा व्यवहार सुरक्षाकर्मीले नै गरेको धेरै ठाउँमा देखियो।

**केस स्टडी २ : बुथ कब्जा त रोकियो तर मताधिकारबाट मतदाता वञ्चित भए**

दोलखाको तत्कालीन प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ हालको प्रदेशसभा निर्वाचन क्षेत्र नं. (क) मा २०४८ सालको प्रतिनिधिसभा निर्वाचनदेखि प्रत्येक निर्वाचनमा हिंसा हुने गरेको थियो। राजनीतिक दलका कार्यकर्ताबीच झडप, मतदातालाई मतदान स्थलसम्म जान अवरोध गर्ने, मतदाता परिचयपत्र कब्जा गर्ने, मतपेटिका फुटाउने, मतदान अधिकृतलाई जबरजस्ती मतपत्र र मुचुल्कामा हस्ताक्षर गर्न लगाउने, विपक्षी दलका प्रतिनिधि तथा मतदातालाई मतदान स्थलबाट लखेट्ने लगायतका क्रियाकलाप हुँदै आएको थियो। हिंसा भड्किएर भौतिक सम्पत्तिमा तोडफोड तथा आगजनी, मान्छे घाइते हुनुका साथै ज्यानसमेत जाने गरेको थियो। यस्तो कार्यमा कुनै पनि राजनीतिक दल अछुतो थिएनन्। प्रत्येक राजनीतिक दलले आफ्नो बलियो पकड भएको स्थानमा यस्तो गतिविधि गर्दै आएका थिए। त्यसैले मतदाता मताधिकार प्रयोग गर्न स्वतन्त्र र भयरहित मनस्थिति लिएर मतदान स्थलसम्म पुग्नै सक्दैनथे।

निर्वाचन २०८२ मा पनि हिंसा भड्कने संशय एवं भय थियो। तर तामाकोशी गाउँपालिका-४, गोल्मेश्वर मावि मालुबाहेक अन्य मतदान स्थलमा मतदान कार्य शान्तिपूर्ण रूपमा सम्पन्न भयो। त्यसो हुनुमा नेपाली सेनाको अति सक्रियताले भूमिका खेलेको निर्वाचन पर्यवेक्षक अर्जुन दाहाल बताउँछन्।[७७] नेपाली सेनाले विगतका घटनालाई ध्यान दिई सुरक्षाको हिसाबले अति संवेदनशील क्षेत्रमा निर्वाचनमा हिंसा भड्काउने र बुथ कब्जा गर्न सक्ने सम्भावित व्यक्तिको सूची नै तयार गरेको थियो। नेपाली सेनाले गाउँगाउँमा मतदानको १५ दिन अगाडिदेखि गस्ती गरेको थियो। वैतेश्वर गाउँपालिकाका एक शिक्षकका अनुसार

[७७] दाहालसँग फागुन २३, २०८२ मा गरिएको कुराकानी।

निर्वाचनमा हिंसा भड्काउने सम्भावित व्यक्तिको पहिचान गरिसकेकोले निर्वाचनमा त्यस्ता गतिविधि गर्ने व्यक्तिलाई गोली ठोक्ने आदेश भएको सूचना गस्तीमा खटिएका सेनाले गाउँगाउँमा प्रवाह गरेका थिए।[७८] त्यसैले पनि बुथ कब्जा गर्ने कसैले पनि आँट गर्न नसकेको उनले दावी गरे। विगतको निर्वाचनमा सेनाले तेस्रो घेरामा बसेर गस्ती मात्र गर्थ्यो तर यो निर्वाचनमा नेपाली सेना मतदान स्थलमा नै खटिएका थिए। वैतेश्वर गाउँपालिका-१ को मतदान स्थललाई सेनाले तारबारले घेरेको थियो। वैतेश्वर-२ मा हेलिकप्टरबाट गस्ती गरेको थियो भने वैतेश्वर-३ मा सेना नै मतपेटिका नजिकै सुरक्षार्थ हतियारसहित बसेको थियो। नेपाली कांग्रेस दोलखाका एक नेताले सेनाको सक्रियतालाई सेनाले नेपाल प्रहरीले झैँ काम गरेको भनी अर्थ्याए।[७९]

तामाकोशी गाउँपालिका-४, गोल्मेश्वर मावि मालुमा भने मतदान अधिकृतले हस्ताक्षर गरेको मतपत्रको बण्डल मतदान शुरू भएको केही समयपछि नै कसैले खोसिदिएको थियो। त्यसरी खोसिएकामध्ये केही मतपत्र फेला नपरेपछि मतदान कार्य केही समयको लागि स्थगन गरियो। रास्वपा र एमालेले सो कार्य नेपाली कम्युनिष्ट पार्टी र नेपाली कांग्रेसले गरेको आरोप लगाए। केही समयपछि सो मतदान स्थालमा मतदान सुचारू भए पनि नेकपा (एमाले) र रास्वपाले उम्मेदवारको प्रतिनिधि पठाएनन्। लाइनमा बसेका मान्छेहरू घर फर्किसकेका थिए। त्यसैले मतदान पुनः सुचारु हुँदा पनि कतिपय पुन: मतदान गर्न आएनन्। सो मतदान स्थलमा २,५६१ मतदातामध्ये केवल ६९८ जनाले मतदान गरे। त्यहाँ २०७९ को प्रतिनिधिसभा निर्वाचनमा २,३८८ मतदातामध्ये १,३९६ जना उपस्थित भई मतदान गरेका थिए। मतदान स्थल दिनभर तनावग्रस्त भएकै कारण २०७९ को तुलनामा यस पटक निकै कम मत खस्यो। यस मतदान स्थल बुथ कब्जा हुनबाट त रोकियो तर नागरिक भने मताधिकारबाट वञ्चित नै भए।

मतदान केन्द्रमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीले पनि समानुपातिकतर्फ मतदान गर्न पाउने व्यवस्था निर्वाचन आयोगले मिलाएको थियो। यद्यपि, यसको व्यवस्थापनमा केही असंगत अभ्यास पाइयो। मतदान अधिकृत, सहयोगी कर्मचारी र स्वयंसेवकहरूले निर्वाचन आयोगबाट प्राप्त पत्र (जसमा सम्बन्धित व्यक्तिहरूको नाम उल्लेख थियो) का आधारमा समानुपातिकतर्फ मतदान गरेका थिए। तर, सुरक्षाकर्मी (निर्वाचन प्रहरी समेत) का लागि

[७८] ती शिक्षकसँग फागुन २२, २०८२ मा गरिएको कुराकानी।
[७९] ती नेतासँग फागुन २२, २०८२ मा गरिएको कुराकानी।

भने मतदान प्रक्रिया कम व्यवस्थित देखियो । सुरक्षाकर्मीले पनि खटिएकै मतदान स्थलमा समानुपातिकतर्फ मत दिन पाउने गरी आयोगले व्यवस्था मिलाएको थियो । तर सुरक्षाकर्मीले त्यसबारे अग्रीम जानकारी नै नपाएको भेटियो । अन्तिम समयमा मतदान गर्न पाइने भनी थाहा पाए पनि साथमा परिचयपत्र नहुनाले केहीले मतदान गर्न पाएनन् । केही निर्वाचन स्थलमा कर्मचारी तथा सुरक्षाकर्मीहरूले आफ्नो मोबाइल फोनमा भएको परिचयपत्रको फोटो देखाएर पनि मतदान गरेको पाइयो, जबकि आम मतदातालाई भने निर्वाचन आयोगले मान्यता दिएका परिचयपत्रको सक्कल नै अनिवार्य गरिएको थियो ।

कतिपय मतदान केन्द्रमा मतदाता पहिचान तथा मतपत्र प्रयोगसम्बन्धी प्रक्रियामा कमजोरी देखिए । ढिलो गरी हस्ताक्षर गर्न सक्ने मतदातालाई समेत मतपत्रको अर्धकट्टीमा औँठाछाप लगाउन लगाइएको थियो । साथै, केही मतदाताले औँठाछाप लगाएपछि हातको मसी नपुछीकनै मतपत्र समातेर मतदान गर्न गएको देखियो, जसले मसी लतपत भई मतपत्र बिग्रने तथा बदर हुने सम्भावना बढाउने जोखिम रहेको थियो । मतदाताले अर्धकट्टीमा औँठाछाप लगाएपछि मतपत्रमा पनि औँठाछाप नै प्रयोग गर्न सक्ने सम्भावना बढी हुन्छ । यसबारे बुझाइएको थिएन । बाँके जिल्लामा भेटिएकी एक महिलाले विगतदेखि नै मतपत्रमा औँठाछाप प्रयोग गर्दै आएको स्वीकार गरेकी थिइन्, जसले मतदाता शिक्षाको कमी दीर्घकालीन रूपमा रहेको देखाउँछ । मतगणनाका क्रममा पनि यस्ता प्रकारका बदर मत उल्लेख्य रूपमा भेटिएको जानकारी प्राप्त भयो । त्यसैले, अर्धकट्टीमा औँठाछाप लगाउने मतदातालाई तत्कालै स्वस्तिक चिह्न प्रयोग गरी मतदान गर्ने तरिका स्पष्ट रूपमा जानकारी गराउनु आवश्यक देखियो ।

काठमाडौँ महानगरपालिका-२० को परोपकार माध्यमिक विद्यालय, भिमसेनस्थानस्थित मतदान केन्द्रमा पनि मतदाता शिक्षाको अभाव झल्किने घटना देखियो । उक्त केन्द्रमा नेवार समुदायकी एक वृद्ध महिला एक्लै मतदान गर्न आएकी थिइन् । मतदानको क्रममा उनले प्रत्यक्षतर्फको मतपत्रमा स्वस्तिक चिह्न प्रयोग गर्नुपर्नेमा औँठाछाप लगाएकी थिइन् र त्यसपछि मतपत्र नपट्याई औँठाछाप लगाएको अरूले देख्ने गरी हातमै समातेर मतपेटिकातर्फ गइन् । त्यो दृश्य देखेपछि मतदान अधिकृतले उनलाई स्वस्तिक चिह्न प्रयोग गरी मतदान गर्न सुझाए । तर भाषागत अवरोधका कारण उनले कुरा बुझ्न सकिनन् । अन्ततः सोही समुदायका अर्को मतदाताले सहयोग गरेपछि उनले स्वस्तिक चिह्न प्रयोग गरी समानुपातिकतर्फ मतदान गरिन् । उनलाई दुई वटा मतपत्र हुने जानकारी पनि थिएन । यी दृष्टान्तले मतदाता शिक्षाको प्रभावकारिता सीमित रहेको तथा मतदान केन्द्रमा थप सहजीकरण आवश्यक रहेको सङ्केत गरेका छन् ।

यद्यपि, देशभरका अधिकांश स्थानमा मतदान नियमित भइरहँदा केही जिल्लाका मतदान केन्द्रमा स्थानीय असन्तुष्टि र राज्यप्रतिको अविश्वासका कारण निर्वाचन बहिष्कारका घटना

पनि भए। दार्चुला, दाङ, ओखलढुंगा र दोलखाका केही मतदान केन्द्रमा मतदाताले विकास, सेवा प्रवाह तथा आफ्ना स्थानीय मागप्रति राज्य र राजनीतिक नेतृत्वले बेवास्ता गरेको भन्दै मतदानमा सहभागिता जनाएनन्। दार्चुलाका दुई मतदान केन्द्र नौगाड गाउँपालिका-१ स्थित गौरीशंकर मावि नागु र अपिहिमाल गाउँपालिका-३ स्थित दुधिला आधारभूत विद्यालय झुस्कु मतदान केन्द्रका मतदाताले निर्वाचन बहिष्कार गरेका हुन्। दल्लेख–नागु–सिना सडक निर्माणको प्रमुख मागसहित नागु क्षेत्रका स्थानीयले चुनाव बहिष्कारको घोषणा गरेका थिए। विगतका निर्वाचनमा विभिन्न आश्वासन दिए पनि ती पूरा नगरेको स्थानीयको गुनासो थियो। त्यस्तै, २०७४ मा भएको वडा विभाजनले अपिहिमाल गाउँपालिका-३ का अधिकांश बस्तीबाट वडा कार्यालय अपायक ठाउँमा रहेको गुनासो थियो। वडा विभाजन हेरफेर नभएसम्म मतदान नगर्ने भन्दै उनीहरूले निर्वाचन बहिष्कार गरे। विकास पूर्वाधारको अभाव तथा राष्ट्रिय निकुञ्जका कारण उत्पन्न असुरक्षाप्रति असन्तुष्टि व्यक्त गर्दै दाङको बबई गाउँपालिका-७ को देउती मावि तल्लो मलैखोलाको मतदान केन्द्रमा पनि स्थानीयले निर्वाचन बहिष्कार गरे। कोशी प्रदेश सरकारले अस्पताल नबनाएको विरोधमा ओखलढुंगाको मानेभन्ज्याङ गाउँपालिका-७ स्थित टोक्सेल मतदान स्थलका मतदाताले पनि मतदान बहिष्कार गरे। प्रदेश सरकारले अस्पताल बनाउनका लागि जग्गा व्यवस्थापनको माग गरेपछि स्थानीयले जग्गा उपलब्ध गराए। तर प्रदेश सरकारले भने अस्पताल बनाउने काम शुरू नगरेकाले त्यसको विरोधको माध्यम स्थानीयले मतदान बहिष्कारलाई बनाएको देखियो। दोलखाको गौरीशंकर गाउँपालिका-९ बेदिङका स्थानीयले पनि मतदान बहिष्कार गरे। बेदिङ चिनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएकोले नेपाल सरकारले त्यहाँ हेलिकप्टर उडानमा प्रतिबन्ध लगाएको थियो। स्थानीयले उक्त प्रतिबन्ध फुकुवा गर्न माग राख्दै आए पनि माग पूरा नभएकोले विरोध स्वरूप मतदान बहिष्कार गरेका थिए। तर उक्त मतदान स्थलको रित्तो मतपेटिका भने हेलिकप्टरमार्फत मतगणना स्थल चरिकोट ल्याइएको थियो।

समग्रमा, मतदान प्रक्रियाले आधारभूत संरचना र शान्तिपूर्ण वातावरण सुनिश्चित गरेको छ तर स्थानीय तहमा गोपनीयता, समावेशिता, प्रक्रियागत एकरूपता, मतदाता शिक्षा, स्थानीय जनअसन्तुष्टिको सम्बोधन र दीर्घकालीन विश्वास निर्माणमा सुधार आवश्यक छ। यी स्थलगत उदाहरणले निर्वाचन आयोगको निर्देशन र वास्तविक अभ्यासबीचको खाडल स्पष्ट पार्छन् जसले लोकतान्त्रिक प्रक्रियाको गुणस्तर र मतदाताको विश्वासलाई प्रभावित पार्न सक्छ।

## ११.३. मतदान समापन प्रक्रिया

डीआरसीएनका पर्यवेक्षकले प्रतिनिधिसभा निर्वाचन २०८२ को मतदान समापन प्रक्रिया पर्यवेक्षण गरे । समग्रमा समापन प्रक्रिया शान्तिपूर्ण, व्यवस्थित र कानूनसम्मत भएको देखियो । सबै मतदान स्थलमा साँझ ५ बजे नै मतदाताको प्रवेश रोकिएको थियो । केन्द्रभित्र प्रवेश गरिसकेका, नामावलीमा नाम भएका र तोकिएका कागजातमध्ये कुनै एकको सक्कल प्रतिसहित उपस्थित सबै मतदातालाई मतदान गर्न दिइनुले प्रक्रियागत एकरूपता, समावेशिता र अधिकार संरक्षणको सकारात्मक पक्षलाई प्रस्तुत गरेको थियो । मतपेटिका सिलबन्दी र रुजु प्रक्रिया पनि सबै केन्द्रमा व्यवस्थित रूपमा सम्पन्न भएको देखियो ।

मतदान शुरू हुँदा लगाइएको मतपेटिकाको सिलबन्दी समापनसम्म यथावत् रहेको सबै केन्द्रमा रुजु गरिएको थियो र मतपेटिका सबैले देख्ने गरी सुरक्षित राखिएको थियो । त्यस्तै, पर्यवेक्षण गरेका तीन मतदान केन्द्रबाहेक सबैमा उम्मेदवारका प्रतिनिधिको उपस्थिति रहनु निगरानी र पारदर्शिताका दृष्टिले अर्थपूर्ण बन्यो । समापन चरणमा कुनै पनि केन्द्रमा विवाद वा गम्भीर समस्या नदेखिनु समग्र व्यवस्थापनको सकारात्मक उपलब्धि थियो । यद्यपि, केही साना तर अर्थपूर्ण घटना भने देखिए । कतिपय केन्द्रमा प्रत्यक्ष र समानुपातिक मतपत्रको सङ्ख्या मिलानमा सामान्य अन्योल देखियो; केही केन्द्रमा कर्मचारी र दल प्रतिनिधिबीच सामग्री सिलबन्दी र मुचुल्का भर्ने विषयमा सानो विवाद भयो तर कुनै ठूलो समस्या भएन । एक केन्द्रमा दलका प्रतिनिधिलाई मतपेटिका ढुवानी गर्ने गाडीमा चढ्न नदिँदा विवाद उत्पन्न भए पनि प्रहरीको निगरानीमा समाधान भयो । यी घटनाहरूले प्रणालीमा रहेका साना कमजोरीहरू देखाए पनि तिनको समाधान तत्काल र प्रक्रियाभित्रै भएको देखियो । सकारात्मक रूपमा, अधिकांश केन्द्रमा कर्मचारी, सुरक्षा निकाय र दलका प्रतिनिधिबीच सौहार्दपूर्ण सहकार्य देखियो । कतिपय स्थानमा मतदान अधिकृतले सहभागी सबैलाई धन्यवाद दिँदै प्रक्रिया सम्पन्न गरेको, तथा मत खसेको प्रतिशत र लैङ्गिक विवरणसमेत उल्लेख र अभिलेख गरेका थिए । यसले प्रशासनिक मात्र नभई उत्तरदायित्व र पारदर्शिताको संस्कार पनि विकास हुँदै गएको सङ्केत गऱ्यो ।

समग्रमा, मतदान समापन प्रक्रिया यस निर्वाचन व्यवस्थापनमा विविध पक्षमध्ये तुलनात्मक रूपमा सबल मान्न सकिन्छ । प्रारम्भ र मतदान अवधिमा देखिएका केही असमानता वा कमजोरीहरू भए पनि समापन चरणमा प्रक्रियागत स्पष्टता, सुरक्षा संयोजन र बहुपक्षीय निगरानीका कारण प्रणाली विश्वसनीय रूपमा कार्यान्वयन भएको देखियो । प्रारम्भिक चरणहरूमा देखिएका समस्यासँग सन्तुलन कायम गर्न आगामी सुधार आवश्यक छन् ।

# १२

# मतपेटिका ढुवानी र गणना

अधिकांश निर्वाचन क्षेत्रमा मतदान सम्पन्न भएपछि तुरुन्तै मतपेटिका ढुवानी गरी गणनास्थलमा ल्याइएको थियो । जेन-जी आन्दोलनका बेला सरकारी धेरै गाडी आगजनीमा परे । पर्याप्त सवारी साधन नहुँदा केही जिल्लामा मतदान स्थल अवलोकन गर्ने, निर्वाचन सामग्री लैजाने र मतपेटिका ल्याउने काम चुनौतीपूर्ण रहेको त्यहाँका सुरक्षा अधिकारीहरूले बताएका थिए । जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेकाले मोरङ, दाङ, कास्कीलगायतका जिल्लामा निजी विद्यालयले आफ्ना बस उपलब्ध गराई मतपेटिका ओसार्न सघाएका थिए । करुणानिधि एजुकेशन फाउन्डेशन कास्कीका प्रिन्सिपल डिल्लीराम अधिकारीका अनुसार जिल्ला प्रशासन र प्याब्सनबाट अनुरोध आएपछि निर्वाचनमा सहयोगस्वरूप बस उपलब्ध गराइएको हो ।[८०]

सुगम स्थानमा सबै मतपेटिका साँझमै आइसकेकाले सोही रातिबाट गणना थालिएको थियो । हरेक निर्वाचन क्षेत्रको बेग्लाबेग्लै स्थानमा गणना गरिएकाले कुल १६५ स्थानमा मतगणना भएको थियो । मतदान सकिएको २४ घण्टामा प्रत्यक्षतर्फको नतिजा सार्वजनिक गर्ने दावी आयोगका कार्यबाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले गरेका थिए र आयोगले पनि सोहीअनुरूप तयारी गरेको थियो । निर्वाचन प्रतिनिधिसभा सदस्यको लागि मात्रै भएकाले गणना सापेक्षतः सरल पनि थियो । यद्यपि, २४ घण्टाभित्रै नतिजा सार्वजनिक भने हुन सकेको थिएन । फागुन २५ गते सम्ममा १६१ स्थानको नतिजा सार्वजनिक भइसकेको थियो ।

दुर्गम स्थानमा मतपेटिका ओसार्न समय लागेकाले गणना ढिलो गरी शुरू भयो । रसुवा, दोलखा, बझाङ, बाजुरा, गोरखा, डोल्पा लगायतका जिल्लाका दुर्गम भेगमा हेलिकप्टरबाट पनि मतपेटिका सदरमुकाम ओसारिएको थियो । तर प्रतिकुल मौसमले गर्दा हेलिकप्टरबाट

[८०] अधिकारीसँग फागुन २५, २०८२ मा गरिएको कुराकानी ।

गरिने ढुवानी पनि सहज बनेन । जस्तै संखुवासभास्थित भोटखोला गाउँपालिकाको थुदाम मतदान केन्द्रको मतपेटिका र गोरखाको चुमनुब्री क्षेत्रको मतपेटिका खराब मौसमका कारण हेलिकप्टरले ल्याउँदा समेत ढिलो भएको र त्यसले गर्दा मतगणनामा ढिलाइ भएको थियो ।

मतगणना पूर्व सर्वदलीय बैठक बसेर के-कस्ता मत सङ्केतलाई सदर वा बदर मान्ने, गणना स्थलमा उम्मेदवारको प्रतिनिधिको सङ्ख्या कति हुने आदि विषयमा निर्णय गरिएको थियो । मतपत्रमा निर्वाचन चिह्न भएको कोठामा एउटा मात्र स्वस्तिक छाप र निर्वाचन चिह्न भएका कोठाभन्दा बाहिर अन्य कुनै स्थानमा छाप लगाएमा दल वा उम्मेदवारको चिह्नलाई मत दिएको मानी सदर गर्ने, मुचुल्कामा उल्लिखितभन्दा कम भए पनि मतपेटिकामा भएको मतपत्र सङ्ख्यालाई नै कुल मतपत्र सङ्ख्या मान्नेजस्ता निर्णय सर्वदलीय बैठकले गरेको कास्की जिल्लाका मुख्य निर्वाचन अधिकृत हिमलाल बेल्बासेले बताए ।[८१] त्यस्तै प्रकृतिका निर्णय नै अन्यत्रको सर्वदलीय बैठकले गरेको थियो । सर्वदलीय बैठकले गरेका निर्णय निर्वाचन आयोगको प्रतिनिधिसभा निर्वाचन मतगणना निर्देशिका २०८२ ले नै मार्गनिर्देशन गरेको थियो ।

इलाम-१ को निर्वाचनमा उम्मेदवारहरूबीच तीव्र प्रतिस्पर्धा भएकाले एक स्थानमा मात्रै मतगणना गर्ने भन्ने दलहरूको दबाव एवं सदर र बदर मतबारे पनि उम्मेदवारका प्रतिनिधिहरूबीच बरोबर विवाद आएकाले मतगणना धिमा गतिमा चलेको थियो । निर्वाचन आयोगले धनुषा-१ मा रास्वपाका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी बैंकिङ कसुरका कारण खारेज गरेको थियो । चुनावको दुई दिनअघि मात्रै उम्मेदवारी खारेज भएकाले मतपत्रमा उनको चुनाव चिह्न परिसकेको थियो र त्यसैमा मत अत्यधिक परेको थियो । धनुषा-१ को निर्वाचन अधिकृतको कार्यालयले घन्टी चिह्नमा परेको मत बदर हुने निर्णय गरेको भए पनि रास्वपाका नेता र कार्यकर्ताको विरोध प्रदर्शन र त्यसले मतगणना प्रक्रिया प्रभावित हुने देखिएपछि घन्टी चिह्नमा परेको मत गनेर गोप्य राख्ने निर्णय भएको थियो । यी प्रक्रियाले गर्दा मतगणना ढिलो भएको थियो । तर त्यसपछि मतगणना गर्दा पनि रास्वपाकै घन्टी चिह्नमा मत धेरै भएपछि मतपरिणाम सार्वजनिक गर्न अन्योल र ढिलाइ भएको थियो । अन्ततः घन्टी चिह्नमा परेको मतलाई बदर मानी नतिजा सार्वजनिक गरियो ।

मतगणनामा निकै कम गणनास्थलमा विवाद भएको पाइयो । ती विवाद मूलतः सदर र बदर मतबारे नै थिए र तिनका कारण मतगणना रोक्नुपरेको थिएन । केही स्थलमा भने मुचुल्काभन्दा बढी मत देखिएर पनि विवाद भयो । जस्तै, रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको वडा

[८१] बेल्बासेसँग फागुन २३, २०८२ मा गरिएको कुराकानी ।

नं. १ देखि ४ सम्मका केही मतदान केन्द्रमा मचुल्काभन्दा ३ मत बढी भेटिएपछि केही बेर गणना रोकिएको थियो । त्यस्तै धादिङ-२ मा नेकपाले सर्वदलीय बैठकमा नबोलाएको भन्दै विरोध गरेपछि केहीबेर मतगणना रोकिएको थियो । तर यी विवाद लम्बिएनन् । प्रतिनिधिसभा निर्वाचन मतगणना निर्देशिका २०८२ बमोजिम मतपत्र खन्याउँदा एकभन्दा बढी मतदान केन्द्रको मतपत्र मिसाई गन्ने भन्ने उल्लेख छ । तर कतिपय स्थानमा उम्मेदवारका प्रतिनिधिको अनुरोधमा निश्चित केन्द्रको मत अन्यसँग नमिसाई गणना गरेको पाइयो । यसो गर्दा निश्चित स्थानको मत परिणामले उक्त स्थानप्रति निश्चित दल र उम्मेदवारले आग्रह वा पूर्वाग्रह प्रकट हुने जोखिम बढाउँछ ।

यसअघि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सँगै हुने भएकाले धेरै उम्मेदवार र चार थरी मतपत्रका कारण मतदाता अलमलिने सम्भावना अधिक थियो । यस निर्वाचन भने प्रतिनिधिसभाका लागि मात्रै भएकोले समानुपातिक र पहिलो हुने निर्वाचित हुनेतर्फ गरी दुई वटा मात्र मतपत्रमा भोट हाले भइहाल्थ्यो । त्यसैले यस पटक पहिलेभन्दा कम मत बदर हुने अपेक्षा राखिएको थियो । तर पनि गणनाका क्रममा भने अत्यधिक बदर मत फेला परेका थिए । निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्कअनुसार पनि प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को तुलनामा यसपालि प्रत्यक्षतर्फ बदर मत बढेको र समानुपातिक निर्वाचन प्रणालीतर्फ भने घटेको पाइएको छ । आयोगका अनुसार यस पटक प्रत्यक्षतर्फ ५.४५ प्रतिशत र समानुपातिकतर्फ ३.९५ प्रतिशत मत बदर भएको छ ।[८२] २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनको मतपत्रमा प्रत्यक्षतर्फ ५.०६ प्रतिशत र समानुपातिकतर्फ ५.०९ प्रतिशत मत बदर भएको थियो ।

मत बदर हुनुको कारणमा धेरैजसो दुई चिह्नमा स्वस्तिक छाप लगाएको पाइयो । केहीमा दुईभन्दा बढीमा छाप लगाइएको थियो । औँठाछाप र दुई कोठाको बीचमा पर्ने गरी छाप लगाएको अलि कम थिए । त्यसबाहेक स्वस्तिक छाप नचिनिने गरी लतपतिएको, खाली हालिएको, गलत मतपेटिकामा हालिएको जस्ता कारण केही मत बदर भएका थिए । दुई चिह्नमा स्वस्तिक छाप लागेमा बदर गरिएको थियो । तर पट्याउँदा दुई चिह्नमा लागेको रहेछ भने मतपत्रको पछाडि हेरी डाम दुईटा छैन र दुई छापमध्ये एक उल्टो रहेमा त्यसलाई भने पट्याउँदा लागेको दाग मानी सदर गरिएको थियो ।

---

[८२] निर्वाचन आयोग नेपाल । २०८२ । निर्वाचन आयोगद्वारा राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष प्रतिनिधिसभा सदस्य निर्वाचन परिणामसहितको प्रतिवेदन पेस । *प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२* । इ-*बुलेटिन*, चैत ५ । https://ebulletin.election.gov.np/2026/03/3043/ मा उपलब्ध; चैत १८, २०८२ मा हेरिएको ।

मतदाता शिक्षा कमजोर भएको सङ्केत बदर मतको उच्च दरले गरेको थियो । दाङका मुख्य निर्वाचन अधिकृत प्रकाशप्रसाद पण्डितले मतदाता शिक्षाबारे भने, "म पनि धेरै मतदान स्थल पुगेर मतदाताहरूसँग भेटेको छु । हामीले अपेक्षा गरेजस्तो मतदाता शिक्षा प्रभावकारी रूपमा हुन सकेको छैन भन्ने कुरा स्वीकार गर्नुपर्छ । धेरै स्थानमा अझै पनि कसरी मत हाल्ने भन्ने अन्योल र भ्रमको अवस्था देखिन्छ ।"[८३] बदर मतमध्ये कतिपयमा चाहिँ सबै चिह्नमा छाप लगाइएको या कुनै पनि चिह्नमा छाप नलगाइएको थियो । सबै चिह्नमा छाप या खालि मतपत्र भने निर्वाचनका उम्मेदवारप्रति असहमति जाहेर हुनसक्ने अनुमान गर्न सकिन्छ । मतपत्रमा कसैलाई पनि मेरो मत छैन भन्ने प्रावधान नभएकाले उम्मेदवार मन नपरेका मतदाताले जानी जानी मत बदर गरेका हुन सक्ने देखिएको छ ।

सबै मतगणनास्थलमा सुरक्षा अवस्था कडा नै थियो । सशस्त्र प्रहरी र जनपथ प्रहरीको उपस्थिति ठूलो थियो । तार जाली लगाई पर्यवेक्षक र उम्मेदवार प्रतिनिधिलाई बाहिर बस्ने तर हेर्न मिल्ने व्यवस्था गरिएको थियो । कतिपय स्थानमा मोबाइल लैजान दिइएको थिएन भने धेरै गणनास्थलमा मोबाइल लैजान दिए पनि फोटो खिच्न निषेध गरिएको थियो । सुरक्षा संवेदनशीलता र विगतका घटनाका कारण तारजाली र छेकबारपूर्ण बसाइ स्वाभाविक जस्तो मानिए पनि उक्त दृश्य सभ्य समाजका लागि चित्ताकर्षक भने कत्ति पनि थिएन । आगामी दिनमा यसको विकल्प खोज्न उचित हुन्छ ।

---

[८३] पण्डितसँग फागुन १३, २०८२ मा गरिएको कुराकानी ।

# १३

# निष्कर्ष तथा सुझाव

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) द्वारा प्रतिनिधिसभा निर्वाचन २०८२ को विभिन्न चरण (निर्वाचनपूर्व वातावरण, निर्वाचन आयोगको तयारी, प्रचार-प्रसार, आचारसंहिता पालना, मतदान प्रक्रिया, तथा मतगणना) को प्रत्यक्ष अवलोकन, सरोकारवालासँगको अन्तरक्रिया र सङ्कलित तथ्याङ्कको विश्लेषणका आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

जेन-जी आन्दोलनपछिको जटिल राजनीतिक एवं सुरक्षा चुनौतीबीच पनि निर्वाचन शान्तिपूर्ण भयो । राजनीतिक रूपमा थुप्रै विमति र आशङ्काबीच पनि राजीतिक दलले निर्वाचनमा भाग लिनुले उनीहरूको लोकतान्त्रिक विधि र प्रक्रिया प्रतिको आस्थालाई थप मजबुत बनाएको छ । यस निर्वाचनले जेन-जी आन्दोलनपछि उत्पन्न संवैधानिक र राजनीतिक सङ्कटलाई पनि समाधान गरेको छ ।

निर्वाचन आयोगले संरचनात्मक निर्भरता तथा कानूनी जटिलताका बाबजुद निर्वाचन सम्पन्न गर्न आवश्यक आधारभूत तयारी समयमा नै गऱ्यो । तथापि, जनशक्ति व्यवस्थापनमा देखिएका असंगति तथा तालिमको प्रभावकारितामा कमी जस्ता पक्षहरूले आयोगको कार्यसम्पादनमा चुनौती भने अवश्य नै सिर्जना गरेका थिए । यस तथ्यले आयोगको संस्थागत स्वतन्त्रता र कार्यक्षमतामा दीर्घकालीन सुधारको आवश्यकता औँल्याएको छ ।

कानूनी पक्षतर्फ, निर्वाचनसम्बन्धी विभिन्न कानूनहरूको दोहोरोपन र कतिपय अवस्थामा अस्पष्टताले कार्यान्वयन जटिल बनाएको देखिन्छ । एकीकृत र स्पष्ट निर्वाचन कानूनको अभावले निर्वाचन व्यवस्थापन अझ चुनौतीपूर्ण बनेको छ । साथै, मतदाता नामावली व्यवस्थापन, बेजिल्ला मतदान, विदेशमा रहेका नेपालीको मतदान अधिकार र 'नो भोट'

गर्ने व्यवस्थाजस्ता विषयहरू अझै कार्यान्वयन नभएकाले समावेशी र पूर्ण सहभागितामूलक निर्वाचन प्रणाली सुनिश्चित गर्न थप पहल आवश्यक देखिन्छ ।

चुनावी प्रचार-प्रसार शैलीमा उल्लेखनीय परिवर्तन देखियो । यसका लागि खासगरी सामाजिक सञ्जालको प्रयोग अत्यधिक बढेको पाइयो । यसले सूचना प्रवाहलाई तीव्र र पहुँचयोग्य बनाएको भए पनि गलत सूचना तथा अप्रमाणित सामग्रीको जोखिम पनि उत्तिकै बढाएको देखिन्छ । आचारसंहिता पालना सामान्यतया सन्तोषजनक देखिए पनि यसको उल्लङ्घनका घटनाहरू भेटिएका छन्, जसले प्रभावकारी अनुगमन र कार्यान्वयनको आवश्यकता देखाउँछ ।

सुरक्षा चुनौतीका बाबजुद निर्वाचन समग्रमा शान्तिपूर्ण रूपमा सम्पन्न भयो । यद्यपि, अत्यधिक सुरक्षा परिचालन, बढ्दो बजेट, तथा केही स्थानमा देखिएका छिटपुट झडपहरूले निर्वाचनको सुरक्षात्मक लागत र रणनीतिबारे पुनर्विचार गर्नुपर्ने सङ्केत गरेका छन् । अत्यधिक सुरक्षा उपस्थिति र यसको मनोवैज्ञानिक प्रभावबारे पनि संवेदनशील रूपमा मूल्याङ्कन गर्न आवश्यक छ । समावेशिताका दृष्टिले कानूनी प्रावधानहरू विद्यमान रहे पनि तिनको प्रभावकारी कार्यान्वयनमा अझै चुनौतीहरू देखिएका छन् । विशेषगरी उम्मेदवारी, प्रतिनिधित्व तथा सहभागितामा विविध सामाजिक समूहहरूको सन्तुलित उपस्थिति सुनिश्चित गर्न थप नीतिगत तथा व्यावहारिक प्रयास आवश्यक देखिन्छ ।

समग्रमा, प्रतिनिधिसभा निर्वाचन २०८२ प्रक्रियागत रूपमा सफल र व्यवस्थापनका दृष्टिले सन्तोषजनक रहेको निष्कर्ष निकाल्न सकिन्छ । तथापि, निर्वाचन प्रणालीलाई अझ विश्वसनीय, पारदर्शी, समावेशी र दिगो बनाउन कानूनी सुधार, संस्थागत सुदृढीकरण, प्रविधिको व्यवस्थित प्रयोग, तथा राजनीतिक प्रतिबद्धताको सुदृढीकरण अपरिहार्य छ ।

## सुझाव

### १. निर्वाचन आयोग

- निर्वाचनमा खटिने कर्मचारीका लागि तालिमको समयावधि बढाउने र अहिलेभन्दा सानो समूहमा तालिम दिने । तालिममा मतदान प्रक्रियाको सैद्धान्तिक पक्षका साथै प्रयोगात्मक अभ्यास पनि समावेश गर्ने ।
- मतदान अधिकृत तथा सहायक मतदान अधिकृतबाहेक मतदानमा खटिने अन्य कर्मचारी आफ्नो भूमिका स्पष्ट नहुँदा अलमलमा परेको र त्यसले गर्दा मतदान

शुरूआतमा पनि केही ढिलाइ भएको पाइयो । त्यसैले मतदानमा खटिने अन्य कर्मचारीलाई पनि उनीहरूको भूमिका स्पष्ट हुने गरी तालिम दिने ।

- मतदानमा खटिने कर्मचारी र सुरक्षाकर्मीलाई मतदातासँग नम्र व्यवहारसहित प्रस्तुत हुन लगाउने ।
- मतदानमा खटिने कर्मचारी र सुरक्षाकर्मीलाई पर्यवेक्षणको महत्त्वबारे स्पष्ट जानकारी नभएको पाइयो । त्यसैले पर्यवेक्षकलाई मतदानमा खटिएका कर्मचारीको कार्यमा बाधा नपर्ने गरी मतकक्षको गोप्य मतदानबाहेक अन्य प्रक्रियाबारे निर्वाध रूपमा पर्यवेक्षण गर्न दिइनुपर्ने तथ्य जानकारी गराउने ।
- मतदान स्थलहरूमा सबै मतदाताको सहज पहुँच हुनुपर्ने । अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र गर्भवती महिलाका लागि मतदान स्थलमा अस्थायी रूपमा भए पनि सहज बाटो निर्माण गर्ने । साथै मतदान स्थलमा शौचालय, खानेपानी र बच्चालाई स्तनपान गराउने कक्ष व्यवस्था गर्ने ।
- धार्मिक आस्थाका स्थललाई मतदान स्थल नबनाउने ।
- अहिले मूलतः शैक्षिक संस्थालाई मतदान स्थल बनाइएको छ र यसले बालबालिकाको पढाइलाई असर गरेको छ । त्यसैले विकल्प भएसम्म मतदान स्थल अन्यत्र सार्ने ।
- मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि २०८१ मा मतदान स्थल निर्धारण गर्दा सामन्यतया सहरी क्षेत्रमा एकतर्फी दुई किमीभन्दा टाढा र ग्रामीण क्षेत्रमा एकतर्फी चार किमीभन्दा टाढा नपर्ने गरी मिलाउनुपर्ने उल्लेख छ । मतदान स्थल निर्धारणमा भएको सहरी र ग्रामीण क्षेत्रबीचको यो विभेद हटाउने । सबैलाई सहज पहुँच हुने गरी मतदान स्थल थप्ने ।
- मतदानको गोपनीयता कायमै रहने गरी प्रहरी र मतदान अधिकृत बस्ने । मतदान गरिने बुथमा मत सङ्केत गरेको कसैले पनि देख्न नमिल्ने गरी संरचना तयार गर्ने ।
- मतदातालाई सहज बनाउनका निम्ति मतदानको दिन मतदान स्थल वरपरबाहेक अन्यत्र यातायात बन्द नगर्ने ।
- नागरिकता वा राष्ट्रिय परिचयपत्रमा भएको विवरणअनुसार कुनै पनि नागरिक १८ वर्ष पुग्छन् भने स्वतः मतदाता नामावलीमा दर्ता हुने प्रणाली लागू गरिनुपर्ने ।
- मतदाता नामावलीका त्रुटि सच्याउन, दोहोरो नाम भएका र मरेका व्यक्तिको नाम हटाउन अभियान सञ्चालन गर्ने ।

- झुटो प्रचार र गलत सूचना फैलन रोक्न प्राविधिक रूपमा निर्वाचन आयोगलाई सक्षम बनाउनुपर्ने। यस्ता कार्य नियन्त्रण गर्न बलियो र निष्पक्ष संयन्त्र तयार गर्नुपर्ने।
- निर्वाचन मिति तोक्ने अधिकार निर्वाचन आयोगलाई दिने या निश्चित दिन ऐनमा नै तोक्ने। विशेष परिस्थितिमा गरिने निर्वाचन मिति तोक्दा चाडवाड र मौसमलाई पनि ध्यान दिने।
- मतपेटिका ढुवानी र केन्द्रीकृत गणनाका कारण हुने ढिलाइ र आर्थिक भार कम गर्नका लागि मतदानस्थलमा नै मतगणना गर्ने।
- मतदाता शिक्षाको अहिलेको अभ्यास अपेक्षाकृत कम प्रभावकारी भएकाले यसको दायरा र अवधि बढाउने। सञ्चार माध्यम, सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्ममार्फत सरल, स्पष्ट र व्यावहारिक मतदाता शिक्षा अभियान सञ्चालन गर्नुपर्ने। वडातहमा स्थानीय मतदाता शिक्षा स्वयंसेवकले घरदैलो नै गरी मतदाता शिक्षा दिने व्यवस्था गर्ने। ती स्वयंसेवकप्रति समुदायमा अझ विश्वासिलो वातावरण बनाउनका निम्ति तिनलाई आधिकारिक परिचयपत्र दिनुका साथै स्थानीय तहसँग समन्वय गरी तिनीहरूको काम प्रचार-प्रसार गर्ने। मतदाता शिक्षा स्वयंसेवकहरूलाई निष्पक्ष र तटस्थ रहन कडा निर्देशन दिने। मतदाता शिक्षाका लागि पर्याप्त ब्रोसर, नमुना मतपत्र र अडियो-भिडियो सामग्री समयमै उपलब्ध गराउने। मतदाता शिक्षा स्थानीय भाषा, साङ्केतिक भाषा र ब्रेल लिपिमा समेत व्यापक बनाउने। साक्षरता दर कम भएका क्षेत्र र समुदायको पहिचान गरेर ती समुदायमा थप सघन रूपमा मतदाता शिक्षा कार्यक्रम चलाउनुपर्ने।
- आचारसंहिता पालना गर्न कडा निर्देशन दिने र नगर्नेलाई कारबाही गर्ने।
- मतदानमा प्रयोग हुने जस्तै सामग्री मतपत्र, स्वस्तिक छाप, छापदानी, मसी, स्ट्याम्प प्याड जस्ता सामग्रीको गुणस्तरका कारणसमेत मत बदर हुने भएकाले तिनको गुणस्तरमा सम्झौता गर्न नहुने।

**२. राजनीतिक दल**

- चुनावमा महिला, दलित, युवा र अल्पसङ्ख्यकलाई केवल ‘सङ्ख्या पुऱ्याउन’ समानुपातिक प्रतिनिधित्वमार्फत मात्र होइन, पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ पनि उम्मेदवार बनाएर नेतृत्वमा पुऱ्याउनुपर्ने।

- उम्मेदवार चयन प्रक्रिया लोकतान्त्रिक, पारदर्शी र निष्पक्ष बनाउन उम्मेदवारको छनोट प्राइमरी इलेक्सनमार्फत गर्ने व्यवस्था विधानमा गर्ने ।
- आचारसंहिता पालनामा दलहरू आफै जिम्मेवार भई आफ्ना कार्यकर्तालाई संयमित रहन र झै-झगडा नगर्न प्रोत्साहन गर्ने ।
- चुनावी प्रचारलाई भड्किलो नबनाई कम खर्चिलो, वातावरणमैत्री र नागरिकसँग प्रत्यक्ष भलाकुसारी गर्ने माध्यम बनाउनुपर्ने ।
- प्रचार-प्रसारका नाममा इन्टरनेटमा गालीगलौज, झुट र घृणा फैलाउने खालका काम रोक्न दलहरू सचेत हुनुपर्ने ।
- घोषणापत्र ठूला र पूरा नहुने सपना बाँड्ने कागज मात्र नहोस् भन्नाका लागि स्थानीय आवश्यकतामा आधारित घोषणापत्र बनाउने र दलहरू आफ्ना घोषणापत्रप्रति जवाफदेही हुनुपर्ने ।
- संविधानको मर्मलाई ध्यानमा राख्दै छरिएका निर्वाचन समेटेर एकीकृत निर्वाचन कानून विधेयक सदनबाट पास गराउनुपर्ने ।

**३. नीतिगत तथा कानूनी सुधारसम्बन्धी (सरकार, राजनीतिक दल, निर्वाचन आयोग, संसद्)**

- मतदाता शिक्षा राजनीतिक प्रणालीसँग समेत जोडिएको हुनाले राजनीतिक प्रणाली र निर्वाचन प्रणालीबारे जानकारी माध्यमिक विद्यालय तहको पाठ्यक्रममा राख्ने ।
- यदि मतदातालाई कुनै पनि उम्मेदवार मन परेको छैन भने मतपत्रमै ‘कसैलाई पनि भोट दिन्नँ’ भन्ने विकल्प रोज्न पाउने व्यवस्था गर्ने ।
- निर्वाचनसँग सम्बन्धित कानून र ऐनहरू संशोधन गरी अन्तरजिल्ला र देशबाहिर रहेका नेपाली नागरिकलाई मतदान गर्ने अधिकार सुनिश्चित गर्ने ।
- मतदाताको सङ्ख्या र भूगोललाई ध्यानमा राखेर निर्वाचन क्षेत्रहरूको पुनरावलोकन हुनुपर्ने । जनगणना १० वर्षमा हुने भएकाले निर्वाचन क्षेत्रको पुनरावलोकन पनि १० वर्षमा गर्ने गरी संविधानमै सच्याउने । जनसङ्ख्यालाई भन्दा मतदाता सङ्ख्यालाई ध्यान दिई निर्वाचन क्षेत्र निर्धारण गर्ने ।
- निर्वाचनमा उम्मेदवारको बढ्दै गरेको खर्च घटाउन र निर्वाचन प्रणालीलाई समावेशी बनाउन नयाँ कानून र नीतिगत परिवर्तन गर्ने ।

- सरकारको नीति, व्यवहार या सेवासँग असहमत भई केही बस्तीका मतदाताले मतदान बहिष्कार गर्ने अग्रीम घोषणा गरेको र तिनले अन्ततः बहिष्कार नै गरेको पाइयो । त्यसैले त्यस्ता मतदान केन्द्रमा मतदान शून्य भएको थियो । त्यस्तोमा सरकारले लचकता अपनाई यथासम्भव माग सम्बोधन गर्ने या सम्बोधन गर्न नसकिने उचित कारण दिई त्यस्ता मतदातालाई पनि मतदान प्रक्रियामा सहभागी हुन प्रेरित गर्नुपर्ने ।
- सुरक्षालाई थप प्रभावकारी बनाउन निर्वाचनका बखत सुरक्षा निकायहरूबीच सुदृढ समन्वय गर्ने । साथै, बढ्दो खर्च घटाउनेतर्फ पनि पहल गरिनुपर्ने । निर्वाचन सुरक्षा खर्च पारदर्शी बनाउनुपर्ने ।

### ४. सामाजिक सङ्घ संस्था

- निर्वाचन आयोगसँग समन्वय गरी मतदाता शिक्षा र नागरिक शिक्षाका कार्यक्रम गर्ने ।
- राजनीतिक दलले गरेका घोषणापत्र कार्यान्वयनको निष्पक्ष अनुगमन गरेर नागरिकलाई सुसूचित गर्ने, सत्तासिन दललाई दबाब दिने ।
- निर्वाचन प्रक्रिया नजिकबाट नियालेर यसबारे व्यापक अनुसन्धान, बहस र सुधारबारे पैरवी गर्ने ।

# अनुसूची

**प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का पर्यवेक्षकको विवरण**

| क्र.सं. | नाम | लिङ्ग | पर्यवेक्षण गरेको प्रदेश | पर्यवेक्षण गरेको जिल्ला | पर्यवेक्षण गरेको स्थानीय तह |
|---|---|---|---|---|---|
| १ | अंकलाल चलाउने | पुरुष | बागमती | काठमाडौँ | काठमाडौँ महानगरपालिका |
| २ | अञ्जना पुर्वे | महिला | मधेस | सिरहा | सिरहा नगरपालिका |
| ३ | अञ्जु गुरुङ | महिला | बागमती | ललितपुर | ललितपुर महानगरपालिका |
| ४ | अनिश लाल दास | पुरुष | मधेस | धनुषा | धनुषाधाम नगरपालिका |
| ५ | अनुपा शाही | महिला | सुदूरपश्चिम | डोटी | बडीकेदार गाउँपालिका |
| ६ | अमिता सार्की | महिला | सुदूरपश्चिम | कञ्चनपुर | बेदकोट नगरपालिका |
| ७ | अमृता चौधरी | महिला | सुदूरपश्चिम | कैलाली | धनगढी उप-महानगरपालिका |
| ८ | अरूना लिम्बु | महिला | कोशी | सुनसरी | धरान उप-महानगरपालिका |
| ९ | अशोक खड्का | पुरुष | लुम्बिनी | दाङ | घोराही उप-महानगरपालिका |
| १० | आन्विका गिरी | महिला | कोशी | सुनसरी | इनरुवा नगरपालिका |
| ११ | आलोक पोखरेल | पुरुष | बागमती | काठमाडौँ | काठमाडौँ महानगरपालिका |
| १२ | आसकुमार लिम्बु | पुरुष | कोशी | ताप्लेजुङ | फक्ताङलुङ गाउँपालिका |
| १३ | इश्वर सुवेदी | पुरुष | बागमती | मकवानपुर | मनहरि नगरपालिका |
| १४ | ईन्द्र कुमारी अधिकारी | महिला | बागमती | नुवाकोट | विदुर नगरपालिका |
| १५ | कमला बुढा मगर | महिला | लुम्बिनी | रोल्पा | रोल्पा नगरपालिका |
| १६ | किरण उषा पुन प्रतिक्षा | पुरुष | बागमती | ललितपुर | ललितपुर महानगरपालिका |
| १७ | कुन्साङ | महिला | बागमती | काठमाडौँ | बुढानिलकण्ठ नगरपालिका |
| १८ | कुबेर के.सी | पुरुष | कर्णाली | रुकुम (पश्चिम) | मुसीकोट नगरपालिका |
| १९ | कुलदीप निरौला | पुरुष | लुम्बिनी | बर्दिया | गुलरिया नगरपालिका |
| २० | कैलाश रानी राई | महिला | बागमती | काठमाडौँ | बुढानिलकण्ठ नगरपालिका |
| २१ | गुन्जा थारू | महिला | लुम्बिनी | कपिलवस्तु | विजयनगर गाउँपालिका |
| २२ | गोपाल कुसारी | पुरुष | कर्णाली | जाजरकोट | नलगाड नगरपालिका |
| २३ | गोरखनाथ आचार्य | पुरुष | कर्णाली | सुर्खेत | लेकबेसी नगरपालिका |
| २४ | चन्द्रकुमारी गुरुङ | महिला | बागमती | धादिङ | निलकण्ठ नगरपालिका |
| २५ | चन्द्रशेखर पराजुली | पुरुष | गण्डकी | कास्की | पोखरा महानगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | चाँदनी शाह | महिला | मधेस | धनुषा | जनकपुरधाम उप-महानगरपालिका |
| २७ | चिरन मानन्धर | पुरुष | बागमती | दोलखा | भिमेश्वर नगरपालिका |
| २८ | छपि लाल चौधरी | पुरुष | सुदूरपश्चिम | कैलाली | जानकी गाउँपालिका |
| २९ | छिरिङ पाल्मु लामा | महिला | कर्णाली | हुम्ला | नाम्खा गाउँपालिका |
| ३० | जितेस कुमार कर्ण | पुरुष | मधेस | सिरहा | सिरहा नगरपालिका |
| ३१ | तिर्शना बुढा | महिला | कर्णाली | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका |
| ३२ | तेजराज घिमिरे | पुरुष | गण्डकी | कास्की | पोखरा महानगरपालिका |
| ३३ | थानेश्वर यादव | पुरुष | मधेस | महोत्तरी | गौशाला नगरपालिका |
| ३४ | दिपक भट्ट | पुरुष | सुदूरपश्चिम | बैतडी | मेलौली नगरपालिका |
| ३५ | दिपा ढुङ्गाना | महिला | बागमती | नुवाकोट | विदुर नगरपालिका |
| ३६ | दिल बहादुर महरा | पुरुष | बागमती | काठमाडौँ | कीर्तिपुर नगरपालिका |
| ३७ | द्वारिका थेबे | महिला | बागमती | ललितपुर | ललितपुर महानगरपालिका |
| ३८ | धनरूप बुढा | पुरुष | कर्णाली | हुम्ला | सर्केगाड गाउँपालिका |
| ३९ | नारायण लामा | पुरुष | मधेस | धनुषा | मिथिला नगरपालिका |
| ४० | निशा तामाङ | महिला | बागमती | काठमाडौँ | दक्षिणकाली नगरपालिका |
| ४१ | निशा मोक्तान | महिला | मधेस | धनुषा | गणेशमान चारनाथ नगरपालिका |
| ४२ | पशुपती लामा | महिला | मधेस | धनुषा | बटेश्वर गाउँपालिका |
| ४३ | पुजा सापकोटा | महिला | कोशी | झापा | मेचीनगर नगरपालिका |
| ४४ | प्रमित आचार्य | पुरुष | लुम्बिनी | दाङ | घोराही उप-महानगरपालिका |
| ४५ | प्रमोद ढुङ्गाना | पुरुष | बागमती | काठमाडौँ | शंखरापुर नगरपालिका |
| ४६ | बिमल श्रेष्ठ | पुरुष | मधेस | सप्तरी | कञ्चनरूप नगरपालिका |
| ४७ | बिष्णुरूपा बोहोरा | महिला | कर्णाली | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका |
| ४८ | बेबी श्रेष्ठ | महिला | गण्डकी | कास्की | पोखरा महानगरपालिका |
| ४९ | भवसागर घिमिरे | पुरुष | गण्डकी | कास्की | पोखरा महानगरपालिका |
| ५० | भवानी भुसाल | महिला | लुम्बिनी | रूपन्देही | तिलोत्तमा नगरपालिका |
| ५१ | भागिरथी सुवेदी पराजुली | महिला | गण्डकी | कास्की | पोखरा महानगरपालिका |
| ५२ | भावना गुरुङ | महिला | बागमती | सिन्धुली | दुधौली नगरपालिका |
| ५३ | मञ्जु खड्का साउद | महिला | सुदूरपश्चिम | कञ्चनपुर | भीमदत्त नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | मनिता भट्टराई | महिला | बागमती | सिन्धुली | गोलन्जोर गाउँपालिका |
| ५५ | ममिता घिसिङ | महिला | मधेस | धनुषा | छिरेश्वरनाथ नगरपालिका |
| ५६ | मेनका क्षेत्री | महिला | सुदूरपश्चिम | कञ्चनपुर | बेदकोट नगरपालिका |
| ५७ | युवराज घिमिरे | पुरुष | कोशी | झापा | मेचीनगर नगरपालिका |
| ५८ | रचना बुढा मगर | महिला | लुम्बिनी | दाङ | घोराही उप-महानगरपालिका |
| ५९ | रमेशकुमार सुनाम | पुरुष | कर्णाली | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका |
| ६० | रवीन्द्र ओली | पुरुष | सुदूरपश्चिम | डोटी | बडीकेदार गाउँपालिका |
| ६१ | राजकुमारी थापा | महिला | गण्डकी | कास्की | पोखरा महानगरपालिका |
| ६२ | राजा हुसेन साफी | पुरुष | मधेस | महोत्तरी | सोनमा गाउँपालिका |
| ६३ | रिंकु यादव | महिला | मधेस | धनुषा | लक्ष्मीनिया गाउँपालिका |
| ६४ | रिता साँवा लिम्बु | महिला | कोशी | ताप्लेजुङ | आठराई त्रिबेणी गाउँपालिका |
| ६५ | रुमा रिजाल दाहाल | महिला | कोशी | सुनसरी | रामधुनी नगरपालिका |
| ६६ | रोबिन थारू | पुरुष | लुम्बिनी | बर्दिया | राजापुर नगरपालिका |
| ६७ | विजया पराजुली | महिला | गण्डकी | कास्की | पोखरा महानगरपालिका |
| ६८ | विवेक सिलवाल | पुरुष | गण्डकी | कास्की | रूपा गाउँपालिका |
| ६९ | विष्णुबहादुर थापा | पुरुष | बागमती | काठमाडौँ | कीर्तिपुर नगरपालिका |
| ७० | शरद विक | पुरुष | लुम्बिनी | दाङ | घोराही उप-महानगरपालिका |
| ७१ | शान्त थापा | पुरुष | बागमती | दोलखा | भीमेश्वर नगरपालिका |
| ७२ | शान्ति शर्मा | महिला | गण्डकी | बागलुङ | जैमिनी नगरपालिका |
| ७३ | शालिकराम पौडेल | पुरुष | गण्डकी | बागलुङ | जैमिनी नगरपालिका |
| ७४ | संगिता धामी | महिला | सुदूरपश्चिम | कञ्चनपुर | शुक्लाफाँटा नगरपालिका |
| ७५ | संगिता दास | महिला | मधेस | धनुषा | मिथिला विहारी नगरपालिका |
| ७६ | सञ्जु थापा मगर | महिला | बागमती | काठमाडौँ | कागेश्वरी मनोहरा नगरपालिका |
| ७७ | सन्जिला मोक्तान | महिला | बागमती | काठमाडौँ | काठमाडौँ महानगरपालिका |
| ७८ | सन्तोष खड्का | पुरुष | सुदूरपश्चिम | कैलाली | धनगढी उप-महानगरपालिका |
| ७९ | समन श्रेष्ठ | पुरुष | कोशी | इलाम | इलाम नगरपालिका |
| ८० | समीक्षा श्रेष्ठ | महिला | गण्डकी | गोरखा | पालुङटार नगरपालिका |
| ८१ | सरिता परियार | महिला | बागमती | काठमाडौँ | गोकर्णेश्वर नगरपालिका |
| ८२ | सामम्याङ आङ्देम्बे लिम्बु | महिला | कोशी | इलाम | इलाम नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ८३ | साम्भवी बराल | महिला | गण्डकी | कास्की | पोखरा महानगरपालिका |
| ८४ | सुजाता शाही | महिला | बागमती | रामेछाप | मन्थली नगरपालिका |
| ८५ | सुनिता मगर | महिला | बागमती | रामेछाप | रामेछाप नगरपालिका |
| ८६ | सुनिता श्रेष्ठ | महिला | कोशी | झापा | दमक नगरपालिका |
| ८७ | सुनिता सिनाल | महिला | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका |
| ८८ | सुमित्रा भट्ट | महिला | बागमती | धादिङ | निलकण्ठ नगरपालिका |
| ८९ | सुशीला चौधरी | महिला | सुदूरपश्चिम | कैलाली | धनगढी उप-महानगरपालिका |
| ९० | सोनिका श्रेष्ठ | महिला | गण्डकी | गोरखा | पालुङटार नगरपालिका |
| ९१ | हर्कबहादुर नेपाली | पुरुष | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका |
| ९२ | हिसी डोल्मा लामा | महिला | कर्णाली | हुम्ला | सर्केगाड गाउँपालिका |
| ९३ | हेमचन्द्र चलाउने | पुरुष | बागमती | काठमाडौँ | कागेश्वरी मनोहरा नगरपालिका |
| ९४ | हेमन्त बोहोरा | पुरुष | बागमती | भक्तपुर | भक्तपुर नगरपालिका |

**डीआसीएनबारे**

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

नेपालको लोकतान्त्रिक अभ्यासको महत्त्वपूर्ण मोडमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ लाई डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले पर्यवेक्षण गरेको थियो । सोही पर्यवेक्षणको आधारमा तयार भएको हो यो – ***प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ : पर्यवेक्षण प्रतिवेदन*** । यस प्रतिवेदनमा निर्वाचन आयोगको तयारी, सुरक्षा व्यवस्था, मतदाता शिक्षादेखि राजनीतिक दलका गतिविधि, आचारसंहिता पालना, डिजिटल प्रचारप्रसार र सामाजिक सञ्जालको प्रभावसम्मका पक्षको गहन विश्लेषण गरिएको छ। विशेषतः सामाजिक सञ्जालले विस्थापन गर्दै गरेको परम्परागत प्रचार शैली; महिला, दलित र युवाको सहभागिता; सुरक्षा चुनौती र व्यवस्थापन तथा लोकतान्त्रिक अभ्यासका सकारात्मक र सुधारयोग्य आयामको लेखाजोखा यस प्रतिवेदनका मुख्य विषयवस्तु हुन् । यसले आगामी निर्वाचनलाई अझ राम्रो बनाउनका लागि व्यावहारिक सुझाव पनि प्रस्तुत गरेको छ। निर्वाचन व्यवस्थापन, पारदर्शिता र लोकतन्त्र सुदृढीकरणमा रुचि राख्ने सबैका लागि यो प्रतिवेदन एक महत्त्वपूर्ण सन्दर्भ सामग्री हो।

DEMOCRACY RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)**

www.democracyresource.org